सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२० असार २०८२, शुक्रबार (4 July 2025, Friday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ८२ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

दमक भ्युटावरलाई दान दिएको जग्गा नौ वर्षपछि फिर्ता माग्दै हाउजिङ कम्पनी

दान दिँदा प्रतिकट्ठा तीन लाख रहेको जग्गाको भाउ अहिले ५० लाखभन्दा धेरै



■ जग्गा फिर्ता दिन लिखित सहमति गर्ने दमक नगरपालिकाका तत्कालीन जनप्रतिनिधि



रोमनाथ ओली (मेयर)

गीता अधिकारी (उपमेयर)

नवीन बराल (वडाध्यक्ष)

झापामा **चिरञ्जीवी घिमिरे**

प्रधानमन्त्री केपी ओलीको निर्वाचन क्षेत्रमै पर्ने झापाको दमक नगरपालिका- ३ मा ठडिएको भ्युटावरको विवाद र चर्चा जति रह्यो, भ्युटावरका लागि दानमा दिइएको जग्गामा ठुलो चलखेल भएको खुल्दै गएको छ। नौ वर्षअघि प्रतिकट्ठा तीन लाख दरेट छँदा व्यावसायिक

» पृष्ठ २ मा क्रमशः

शृंखलाबद्ध चलखेल

■ **०७२ अघि नै माँ पञ्चकन्याले उक्त क्षेत्रमा स्थानीयसँग कौडीको भाउमा १२ बिघा जग्गा खरिद गर्‍यो। र, जग्गाको भाउ ह्वात्तै बढाउने योजनाअनुसार १८ तले दमक भ्युटावर निर्माणका लागि ०७३ मा चार बिघा १८ कट्ठा सात धुर सरकारलाई दान दियो। त्यतिखेर जग्गाको भाउ प्रतिकट्ठा तीन लाख थियो।**

■ **रोचक कुरा, दान दिइसकेको जग्गामध्ये दुई बिघा 'सापटी दिएको' भन्ने कागज स्थानीय तहसँग दुई वर्षपछि गरियो। उक्त जग्गा नगरपालिकाले ६ महिनाभित्र पञ्चकन्यालाई फिर्ता गर्ने र फिर्ता गर्न नसके चलनचल्तीको दररेटअनुसार मूल्यांकन गरी पैसा बुझाउने भनी ३१ जेठ ०७५ मा जनप्रतिनिधिले नै पञ्चकन्या हाउजिङसँग कागजी प्रतिबद्धता जनाए। त्यसपछि हाउजिङ कम्पनी चुपचाप थियो।**

■ **०७५ मा पनि जग्गाको भाउ खासै बढेको थिएन, गत मंसिरमा भ्युटावर उद्घाटन गरियो र जग्गाको भाउ आकासिन थाल्यो। अहिले प्रतिकट्ठा ५० लाख पुगेपछि दान दिने हाउजिङ कम्पनी जग्गा फिर्ताका लागि कुदाकुद गरिरहेको छ।**

हिमाल चढ्न थाले तराईका रोग

तराईमै सीमित मानिएका डेंगु, मलेरिया, कालाजार, स्क्रब टाइफस, जापानिज इन्सेफ्लाइटिसलगायत रोगहरू जलवायु परिवर्तन, बसाइँसराइ र यातायातका कारण पहाड मात्रै होइन हिमाली जिल्ला पनि उक्लिएका छन्

लामखुट्टेकै टोकाइबाट हुने चिकनगुनिया भाइरस र जिका भाइरसबारे न जाँच न अध्ययन

● सन् २०१३ मा चिकनगुनिया भाइरसका पनि काठमाडौंमा तीनवटा केस देखिएका थिए। लामखुट्टेको टोकाइबाट हुने यो संक्रमण तराईमा झन् व्यापक रहेको अनुमान गरिए पनि अनुसन्धान नै हुन नसकेको डा. शेरबहादुर पुन बताउँछन्।

● डेंगु गराउने एडिस जातको लामखुट्टेको टोकाइबाट हुने जिका भाइरसबारे पनि अस्पतालहरूमा जाँच हुँदैन। यो संक्रमण भित्रभित्रै फैलिएको हुन सक्ने अनुमान गरिए पनि अध्ययन गरिएको छैन।

शिवहरि घिमिरे/नयाँ पत्रिका


पाँच वर्षअघिसम्म तराईको रोग भनेर परिचित डेंगु अहिले पहाड मात्रै होइन, हिमाली जिल्लामा पनि देखिन थालेको छ। सरकारी तथ्यांकअनुसार दुई वर्षअघि नै डेंगु ७७ वटै जिल्लामा देखिन थालेको थियो। यो वर्ष पनि अहिलेसम्म ७३ जिल्लामा संक्रमण देखिइसकेको छ। डोल्पा, हुम्ला, मनाङ र रसुवामा भने यो वर्ष अझै देखिएको छैन।

संक्रामक रोगको उन्मूलन कठिन

गत वर्ष देशभर ४६ हजारजनामा डेंगु संक्रमण देखिएको थिए। तीमध्ये करिब १७ हजार पाँच सयजना पहाडी जिल्लाका थिए। इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा (इडिसिडी)को जुनोटिक तथा अन्य सरुवा रोग नियन्त्रण शाखा प्रमुख डा. हेमन्त ओझाका अनुसार गत वर्ष डेंगुका कारण १५ जनाको ज्यान गएकोमा ६ जना पहाडी क्षेत्रका थिए। यो वर्ष जनवरीदेखि २ जुलाईसम्म ७३ जिल्लाका एक हजार ६७३ जनामा संक्रमण पुष्टि भएको इडिसिडीले जनाएको छ।

» पृष्ठ २ मा क्रमशः

■ यो वर्ष डोल्पा, हुम्ला, मनाङ र रसुवामा मात्र देखिएको छैन डेंगु



■ यो वर्ष जनवरीदेखि २ जुलाईसम्म ७३ जिल्लाका १६ सय ७३ जनामा डेंगुको संक्रमण पुष्टि भएको स्वास्थ्य मन्त्रालयको तथ्यांक

■ सन् २०१९ सम्म तराईमा मात्रै देखिएको **मलेरिया** त्यसयता पहाडी जिल्लाहरूमा देखिन थालेको छ। सन् २०२३ मा ५२८ जना र २०२४ मा देशभर एक हजार ४३ जनामा मलेरिया पुष्टि भएको थियो। सन् २०२५ लागेयता डेढ सयहाराहारीमा संक्रमण देखिएको तथ्यांक छ।

■ भित्री मधेशका जिल्लाहरूमा पाइने **स्क्रब टाइफस** पनि अहिले ५५ जिल्लामा पुगिसकेको छ। त्यसमध्ये २० भन्दा बढी पहाडी जिल्ला रहेको स्वास्थ्य मन्त्रालयअन्तर्गतको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको तथ्यांक छ। यो रोग चार वर्षअघिदेखि नै पहाडी जिल्लामा देखिन थालेको थियो। गत वर्ष मात्रै पहाडी जिल्लाका सयजनामा संक्रमण देखिएको थियो।

■ मस्तिष्क ज्वरो नै आउने **जापानिज इन्सेफ्लाइटिस** पनि तराईबाट पहाड उक्लिएको छ। दुई वर्षअघि यो रोगले नेपालमा भयावह रूप लिएको थियो। जसका कारण ४० जनाभन्दा बढीको ज्यान गएको सरकारी तथ्यांक छ।

■ भुसुनाको टोकाइबाट सर्ने **कालाजार** (**कालाज्वर**) पनि पहाडतिर फैलँदो छ। पछिल्लो सात वर्षयता पहाडमा पनि देखिएको सरकारी रेकर्डमा उल्लेख छ। गत वर्षको तथ्यांकअनुसार यो रोग ५० भन्दा बढी जिल्लामा पुगिसकेको छ।

जलवायु परिवर्तन, बसाइँसराइ र मानिसको लापरबाहीले रोग पहाड पुगे



● **डा. हेमन्त ओझा**, प्रमुख, इडिसिडीको जुनोटिक तथा अन्य सरुवा रोग नियन्त्रण शाखा

पहिले डेंगु, मलेरिया, कालाजार, स्क्रब टाइफसलगायतलाई तराईका रोग मानिन्थ्यो। जहाँ लामखुट्टे हुन्छ, त्यहीँ यी रोग धेरै देखिन्छन् भन्ने बुझाइ थियो। तर, दुई वर्षअघि नै डेंगु ७७ वटै जिल्लामा पुगेको थियो। हावापानीमा देखिएको परिवर्तनले काम गरेको छ। कुनै समय पहाड रोगको हिसाबले पनि सुरक्षित थियो। तर, जलवायु परिवर्तन, मानिसको लापरबाही, बसाइँसराइ र सरसफाइमा ध्यान नदिँदा तराईका रोग पहाडमा सरेका हुन्।

तराईका रोगका जीवाणु पहाडको हावापानीमा बाँच्ने गरी विकसित भए



● **शेरबहादुर पुन**, सरुवा रोग विशेषज्ञ

तराईमा देखिने रोगका किट तथा जीवाणु मानिससँगै पहाड पुगे र आफूलाई पहाडको हावापानीमा बचाउने गरी विकसित गरे। सबैभन्दा मुख्य भूमिका यातायातले खेल्यो। पहिले-पहिले मानिस सीमित रूपमा हिँड्थे। तर, अचेल ओहोरदोहोर बढ्यो र त्यससँगै रोग पनि फैलिए। अधिकांश रोग पहाड पुग्नुको कारण यही हो।

ल्याब परीक्षण पनि गरिरहेका छौं, यसबारे अध्ययन पनि भइरहेको छ



● **डा. प्रमोद जोशी**
सदस्यसचिव, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी)

हामीले तराईका रोग कसरी पहाड पुगे र रोग कसरी पूर्व-पश्चिम भए भन्नेबारे ल्याब परीक्षण पनि गरिरहेका छौं, यसबारे अध्ययन पनि भइरहेको छ। तराईमा ४०-४५ डिग्रीमा आनन्दसँग बस्ने र बाँच्ने डेंगुले पहाडको २०-२५ डिग्रीमा पनि बाँच्न सक्ने गरी आफूलाई विकास गरिसकेको छ। अन्य थुपै रोगका जीवाणुहरू ठाउँ परिवर्तन भए पनि आफूलाई अनुकूल बनाइरहेका छन्, यो निकै चुनौती र जोखिम हो।



■ पूर्वन्यायाधीश र कानुनविद् भन्छन्-

संवैधानिक नियुक्ति विवादबारे सर्वोच्चको फैसला अपूरो देखियो

(विस्तृत पृष्ठ ३)

संघीय मामिला मन्त्रालय भन्छ-

२५७ स्थानीय तहले अझै ल्याएनन् बजेट

बजेट पेस गर्न नसक्नुको मुख्य कारण राजनीतिक किचलो, कर्मचारी र जनप्रतिनिधिबिचको विवाद

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

मधेशमा तीन महिना सरदरभन्दा कम वर्षा हुने

काठमाडौं/ मनसुनको एक महिना बित्दा पनि खासै वर्षा हुन नसकेको मधेश क्षेत्रमा आगामी तीन महिना पनि सरदरभन्दा कम वर्षा हुने आकलन गरिएको छ। जल तथा मौसम विज्ञान विभागले मनसुनी आकलन

» पृष्ठ २ मा क्रमशः



● **सुदर्शन हुमागाईं**, मौसमविद्

मौसमको पूर्वानुमानसम्बन्धी मोडलले मधेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम र कोशीका दक्षिणी क्षेत्रमा सरदर हाराहारी मात्र वर्षा हुने देखाएको छ। देशका अन्य क्षेत्रमा भने यसअघिको पूर्वानुमान मिल्ने देखिन्छ।

■ निजामती विधेयकमा जालझेल

संसदीय छानबिन समिति बनाउन सभामुखले दलहरूसँग मागे नाम

कमलराज भट्ट/नयाँ पत्रिका

राज्य व्यवस्था समितिमा व्यापक छलफल भएर पास भएको संघीय निजामती सेवा विधेयक प्रतिनिधिसभामा पुग्दा 'कुलिङ अफ पिरियड'सम्बन्धी व्यवस्था नै निष्प्रभावी हुने गरी भएको जालझेलमाथि छानबिन गर्न संसदीय समिति बनाउने प्रक्रिया अगाडि बढेको छ। सभामुख देवराज घिमिरेले समिति गठनका लागि बिहीबार दलहरूसँग नाम मागेका हुन्।

■ प्रहरी स्टाफ कलेजका प्रावधान उल्ट्याउन पनि राज्य व्यवस्था समितिमा चलखेल

(समाचार पृष्ठ २)

आफूनै कार्यकक्षमा प्रमुख तीन दल कांग्रेस, एमाले र माओवादीका प्रमुख सचेतकहरू बोलाएर सभामुख घिमिरेले प्रतिनिधिसभा नियमावलीको नियम १८० बमोजिम विशेष संसदीय समिति गठन गर्न नाम माग गरेको सञ्चारविज्ञ शेखर अधिकारीले बताए। 'सभामुखले समिति गठनको विषयमा तीन दलका प्रमुख सचेतकसँग छलफल गर्नुभयो। समितिलाई कति समय दिने, कति सदस्य रहने, सदस्यको नाम दलहरूले कहिले दिने भनेर सोध्नुभयो,' अधिकारीले भने, 'प्रमुख सचेतकहरूले आफ्नो दलमा छलफल गरेर निर्णय दिने भन्नुभयो।' उनका अनुसार दलीय सामर्थ्यका आधारमा सदस्यका लागि नाम माग गरिएको छ।

» पृष्ठ २ मा क्रमशः

■ छानबिन समिति बनेपछि समिति छाड्ने खतिवडाको घोषणा

सचिव दुराले छाडिसके

राज्य व्यवस्था समिति सभापति रामहरि खतिवडाले कुलिङ पिरियडमा भएको बदमासी छानबिन गर्न संसदीय समिति बनेपछि आफू समितिमा नजाने घोषणा गरेका छन्। सभापतिको हैसियतले पाउने गाडी पनि नचढ्ने उनको भनाइ छ। समितिका सचिव सुरजकुमार दुराले भने जिम्मेवारी छाडिसकेका छन्।

बुधबारको बैठकमा सांसदहरूले दुरालाई प्रतिवेदन लेखेको नैतिक जिम्मेवार ठहर्‍याउँदै अब समितिमा सचिव स्विकार्न नसकिने र यो जिम्मेवारीबाट हट्न भनेका थिए। सांसदहरूको मागपछि दुराले समिति छाडेका हुन्।

सहसचिव हुँदा समिति सचिव रहेका दुरा हालै सचिव पदमा बढुवा भएका थिए भने उनलाई संसदीय अध्ययन तथा अनुसन्धान महाशाखामा पदस्थापन गरिएको थियो। तर, समिति सभापति खतिवडाले निजामती विधेयकमा राम्रो काम गरेको भन्दै प्रहरी विधेयक सकाउँदासम्म समिति सचिवकै रूपमा काम गर्न दुरालाई रोकेका थिए। 'मलाई समिति छोड भन्नुभयो, मैले छोडैं,' सचिव दुराले भने।





प्रहरी स्टाफ कलेजका प्रावधान उल्ट्याउन पनि राज्य व्यवस्था समितिमा चलखेल

नयाँ पत्रिका

नेपाल प्रहरीमा वर्षौंको तयारीपछि सुरु गरिएको पुलिस लिडरसिप एन्ड स्टाफ कोर्स (स्टाफ कलेज) उल्ट्याउने प्रयास तीव्र बन्दै गएको छ। संसद्को राज्य व्यवस्था तथा सुशासन समितिमार्फत यससम्बन्धी व्यवस्था फेरबदल गर्न चलखेल भइरहेको छ।

समितिमा हाल प्रहरी विधेयकमाथि नियमित छलफल चलिरहेको छ। यहीबिचमा कोर्ससम्बन्धी प्रावधान फेरबदल गराउने प्रयास भइरहेको र यसमा समिति सभापति रामहरि खतिवडाका निकटस्थ केही प्रहरी अधिकृतले चलखेल गरिरहेको स्रोत बताउँछ।

गत २१ वैशाखदेखि नेपाल प्रहरीले औपचारिक रूपमा स्टाफ कलेजको कक्षा सञ्चालन गरिसकेको छ। गृहमन्त्री रमेश लेखकले उद्घाटन गर्दै यस कार्यक्रमलाई 'प्रहरी नेतृत्व सुधारमा ऐतिहासिक कदम' भन्दै स्वागत गरेका थिए। तर, कोर्सप्रति असन्तुष्ट केही प्रहरी अधिकारी अहिले समितिका सभापति तथा सदस्यहरूसँग भेटघाट गर्दै आफ्नो ब्याचलाई कोर्सबाट छुट दिने गरी नीतिगत चलखेल गर्न दबाब दिइरहेका छन्।

प्रहरी विधेयकमा एसएसपीदेखि माथिल्लो तहमा बढुवाका लागि स्टाफ कलेज अनिवार्य हुने प्रावधान छ। विधेयककै छलफलको क्रममा स्टाफ कलेजसम्बन्धी प्रावधान पनि आफूअनुकूल हेरफेर गराउने प्रयास केही प्रहरी अधिकारीले गरेका छन्।

गृह मन्त्रालयको सहमतिमा नै प्रहरी प्रधान कार्यालयले ०७० मा भर्ना भएका इन्स्पेक्टरहरूको 'पिजी सातौँ ब्याच'देखि स्टाफ कलेज लागू गर्ने निर्णय गरेको छ। यही ब्याचका १३१ प्रहरी अधिकृतमध्ये १७ जना मात्र गत चैतमा भएको प्रवेश परीक्षामा उत्तीर्ण भएका थिए। प्रहरीका एक अधिकारीका अनुसार धेरै अनुत्तीर्ण भएकै कारण केही अधिकारी ०७२ सालको ब्याचदेखि मात्र कोर्स लागू गरियोस् भन्ने माग राख्दै समितिमा लबिङ गरिरहेका छन्। ०७० को ब्याच ठुलो भएकाले सोही आधारमा गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयले सोही ब्याचबाट लागू गर्ने निर्णय गरेको थियो। यसअघि २० अधिकृतले कोर्सविरुद्ध मुद्दासमेत दायर गरेकोमा सर्वोच्चले प्रवेश परीक्षा अघि बढाउन अनुमति दिएको थियो।

प्रहरीमा विगत २० वर्षदेखि नै स्टाफ कलेज लागू गर्नेबारे छलफल हुँदै आएकोमा गत वर्षबाट मात्र कार्यान्वयनमा गएको हो। ०७५ सालदेखि त बजेट नै विनियोजन हुँदै आएकोमा प्रहरी नेतृत्वको अनिच्छाका कारण सुरु हुन सकेको थिएन। प्रहरीको बढुवा तथा नेतृत्व चयन प्रक्रियाका लागि स्टाफ कलेज कोशेढुंगा मानिएको छ।

'काल्पनिक विद्यालय' खडा गरी साढे सात लाख हिनामिना

कर्णाली प्रदेशका पूर्वमन्त्रीसहित चारविरुद्ध मुद्दा

नयाँ पत्रिका

काल्पनिक विद्यालय खडा गरी भवनका नाममा सात लाख ६० हजार रुपैयाँ सरकारी रकम हिनामिना भएको पाइएको छ। हुँदै नभएको विद्यालयका नाममा भवन बनाउने भनेर रकम लगी हिनामिना गरेको आरोपमा बिहीबार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कर्णाली प्रदेशका पूर्वमन्त्रीसमेतलाई प्रतिवादी बनाएर भ्रष्टाचार मुद्दा दायर गरेको छ।

डोल्पाको साबिक दुनै गाविस वडा नम्बर २ र ३ तिप्लामा दुर्गा प्राथमिक विद्यालयको नाममा रकम लगेर हिनामिना गरेको आरोपमा अख्तियारले जिल्ला प्राविधिक कार्यालय दुनैका तत्कालीन कार्यालय प्रमुख इन्जिनियर रविचन्द्र पञ्जियार, लेखापाल मणिराम कुर्मी फर्जी निर्माण उपभोक्ता समितिका अध्यक्ष नन्दसिंह बुढा र कोषाध्यक्ष संगीता बुढाविरुद्ध मुद्दा दायर गरेको हो। उनीहरूले विभिन्न भूमिकामा मिलेमतो गरी रकम हिनामिना गरेको अख्तियारको आरोप छ। उपभोक्ता समिति अध्यक्ष बुढा कर्णाली प्रदेशका पूर्वमन्त्रीसमेत हुन्। उनी ०७८ मा कर्णालीको भूमि व्यवस्थामन्त्री भएका थिए। उनी एमाले नेता हुन्।

जुन स्थानमा र जुन विद्यालयको नाममा रकम लगेर खर्च गरिएको छ, त्यस स्थानमा विद्यालय अस्तित्वमै नरहेको अख्तियारको आरोपपत्रमा उल्लेख छ। साबिक गाविसका ती वडा अहिले ठुलीभेरी नगरपालिका वडा नम्बर ४ मा पर्छ। यस वडामा एउटै मात्र लालीगुँरास आधारभूत विद्यालय सञ्चालनमा छ। साबिक गाविसमा दुर्गा प्राथमिक विद्यालय नामको काल्पनिक विद्यालय खडा गरेर आपसी मिलेमतो र योजनामा हुँदै नभएको विद्यालयका लागि दुईकोठे भवन निर्माणका लागि सात लाख ६० हजार रुपैयाँ रकम विनियोजन गरिएको थियो। यसका लागि काल्पनिक उपभोक्ता समिति गठन गरिएको थियो। यो घटना भने आर्थिक वर्ष ०६७/६८ को हो।

उक्त आवमा तत्कालीन शान्ति तथा पुनर्निर्माण मन्त्रालयबाट कुनै पनि रकम नआएको र भवन पनि नबनेको व्यहोराको पत्र जिल्ला शिक्षा कार्यालय डोल्पाले अख्तियारलाई पठाएको छ। साबिक गाविसका दुवै वडामा लालीगुँरास आधारभूत विद्यालय मात्रै भएको र दुर्गा प्राविको नामले हालसम्म कुनै पनि विद्यालय नभएको अख्तियारबाट खटिएको प्राविधिक टोलीले गरेको स्थलगत मुचुल्कासमेतबाट देखिएको देखिएको आरोपपत्रमा उल्लेख छ।

जिल्ला प्राविधिक कार्यालय डोल्पाका प्रमुख इन्जिनियर पञ्जियारको सिफारिसमा उपभोक्ता समितिको नाममा खाता खोली जस्ताको छानासहितको दुईकोठे भवन निर्माण गरेको भनी झुटा तथा नक्कली कागजात तयार गरी गराई चेकमार्फत सात लाख ६० हजार रुपैयाँ रकम भुक्तानी दिए लिएको पुष्टि भएको अख्तियारको दाबी छ। हिनामिनामा संलग्न जिल्ला प्राविधिक कार्यालय दुनैका तत्कालीन कार्यालय प्रमुख इन्जिनियर पञ्जियार, तत्कालीन लेखापाल कुर्मी, काल्पनिक विद्यालय दुर्गा प्राथमिक विद्यालयको दुईकोठे भवन निर्माण उपभोक्ता समिति अध्यक्ष नन्दसिंह बुढा र समितिकै कोषाध्यक्ष संगीता बुढाविरुद्ध अख्तियारले मुद्दा दायर गरेको छ। उनीहरूविरुद्ध जनही सात लाख ६० हजार रुपैयाँ रकम बिगो दाबी अख्तियारले गरेको छ।

संसदीय छानबिन...

पृष्ठ १ बाट क्रमशः

छानबिन समितिमा राज्य व्यवस्था समितिका सदस्यबाहेक सांसदलाई राख्ने सैद्धान्तिक सहमति भएको छ। त्यस्तै, समितिको कार्यादेश (टिओआर) एकबुँदे अर्थात् छानबिन गर्ने भन्ने मात्रै राखिनेछ। समिति ७ सदस्यीय बनाउने र राप्रपासम्म पाँच दललाई समेटेर बनाउने गृहकार्य छ। समितिलाई १५ दिनको समय दिने प्रस्ताव छ।

समितिको मोडालिटी टुंग्याउन सभामुख घिमिरेले शनिबार रास्वपा र राप्रपासमेत पाँच दलसँग छलफल गर्ने तय भएको छ। त्यसपछि कार्यव्यवस्था तथा परामर्श समिति बसेर अन्तिम रूप दिने समझदारी छ। समझदारीअनुसार २३ असार सोमबार बस्ने प्रतिनिधिसभा बैठकमा समिति गठनको घोषणा गरिनेछ।

एमाले प्रमुख सचेतक महेश बर्तौलाले प्रतिवेदन लेखनमा देखिएको समस्याको कारण खोज्न प्रतिनिधिसभाको आगामी बैठकमा समिति गठन हुने बताए। 'राज्य व्यवस्था समितिको निर्णय उल्ट्याउने गरी प्रतिवेदन लेखिएको सन्दर्भमा कारण के हो, नियत हो कि बदमासी भन्ने पत्ता लगाउने र भोलि यस्तो घटना दोहोरिन नदिन सुनिश्चित गर्ने गरी समिति बनाउने कुरा भएको छ। समिति कस्तो बनाउने, कति सदस्य बनाउने भनेर सभामुखज्यूले धारणा माग्नुभयो। हामीले दलका नेतासँग पार्टीभित्र सल्लाह गर्छौं, अनि सुझाव दिन्छौं भन्यौं। आउने बैठकमा समिति घोषणा हुन्छ,' उनले भने। कांग्रेस प्रमुख सचेतक श्याम घिमिरेले छानबिन समितिको मोडालिटी र कार्यनीति शनिबार टुंगिने बताए। 'समितिको सबै टुंगो शनिबार बसेर लगाउँछौं। २३ गते समिति गठनको घोषणा हुन्छ,' उनले भने। त्यसअगावै सदस्यको नाम बुझाइसक्ने र सभापति को हुने भन्ने पनि टुंग्याउने उनको भनाइ छ।

माओवादी प्रमुख सचेतक हितराज पाण्डेले नियमावलीअनुसार समिति बनाउने समझदारी बनेको बताए। 'समिति कसरी, कस्तो, कति सदस्य बनाउने, टिओआर के राख्ने भनेर सुझाव माग्नुभयो। हामीले दलमा छलफल गरेर भन्छौं, भन्यौं। सभामुखले छिटो गरौं, भन्नुभयो। २३ गते संसद् छ, त्योभन्दा अगाडि नै टुंग्याउने गृहकार्य छ,' उनले भने।

उपसभामुख इन्दिरा रानाले विधेयक राष्ट्रिय सभाबाट सच्याउन पहल गर्ने र त्रुटि दोहोरिन नदिन समिति बनाउने प्रक्रिया अगाडि बढेको बताइन्। 'सहकारीजस्तै ७ सदस्यीय समिति बनाउने कि भनेर कुरा भएको छ। अब दलहरूले सदस्यको नाम दिएपछि सभामुखज्यूले सभाको बैठकमा समिति घोषणा गर्नुहुन्छ। समितिलाई १५ दिनदेखि एक महिनासम्म दिने कि भन्ने कुरा भएको छ,' उनले भनिन्।

अझै सार्वजनिक भएन समितिको निर्णय

राज्य व्यवस्था समितिको बुधबार बसेको बैठकले संसदीय छानबिन समिति गठन गर्न सभामुखलाई अनुरोध गर्ने र विधेयक सच्याउन राष्ट्रिय सभालाई अनुरोध गर्ने निर्णय गरेको थियो। २४ घण्टा बढी समय बितिसक्दा पनि समितिले निर्णय सार्वजनिक गरेको छैन।

समितिको पहिलो निर्णयमा संघीय निजामती सेवामा सर्वसम्मत राखिएको दुईवर्षे कुलिङ अफ पिरियडलाई प्रतिवेदन बनाउँदा निष्क्रिय पार्ने गरी भाषा लेखिनु कानुन निर्माणको हिसाबले षड्यन्त्रपूर्ण र दुर्भाग्य देखिएको भन्दै उक्त कार्यमा संलग्नको पहिचान र गल्ती पत्ता लगाउन उच्चस्तरीय संसदीय छानबिन समिति गठन गर्नुपर्ने र समिति गठनको व्यवस्था मिलाउन सभामुखलाई अनुरोध गर्ने भनिएको थियो। दोस्रो निर्णयमा समितिको भावनाअनुसार कुलिङ अफ पिरियड कायम हुने गरी प्रतिवेदनको दफा ४३ मा संशोधन गर्ने व्यवस्था मिलाइदिन राष्ट्रिय सभालाई अनुरोधसमेत गर्ने भनिएको थियो।

पहिलो निर्णयबारे सभापति रामहरि खतिवडाले सभामुख देवराज घिमिरेलाई भेटेर मौखिक जानकारी गराएका थिए। सञ्चारविज्ञ शेखर अधिकारीका अनुसार अझै लिखित औपचारिक निर्णय भने प्राप्त भइसकेको छैन। बिहीबार सभामुखले प्रमुख सचेतकहरूको बैठकमा औपचारिक निर्णय प्राप्त नभएको बताएका थिए। त्यसपछि समिति सदस्यसमेत रहेका माओवादी प्रमुख सचेतक हितराज पाण्डेले सभापति खतिवडालाई सोधेका थिए। 'हिजो गरेको निर्णय प्रतिनिधिसभा सभामुख र राष्ट्रिय सभामा पठाउनुभयो कि भएन भनेर कुरा राखेँ। मैले भेटाउँदासम्म पठाएको देखिएन,' पाण्डेले भने, 'उहाँले निर्णय पठाउन सचिवलाई भनेको, तर सचिव समितिमा नआएको बताउनुभयो।'

राष्ट्रिय सभा अध्यक्ष नारायण दाहालले पनि राज्य व्यवस्था समितिबाट कुनै अनुरोध नआएको बताए। 'संघीय निजामती विधेयक सन्देशसहित मंगलबार आएको हो। बुधबार सन्देश टेबुल भइसकेको छ। त्यसबारे राज्य व्यवस्था समितिबाट, सभामुखबाट केही कुरा आएको छैन। निजामती विधेयक राष्ट्रिय सभाको निर्धारित विधि र प्रक्रियाबाट अगाडि बढ्छ,' उनले भने।

राज्य व्यवस्था समिति सभापति खतिवडाले आफूले निर्णयमा हस्ताक्षर गरिसकेको र सचिवको हस्ताक्षर नहुँदा औपचारिक निर्णय जान नसकेको बताए। 'सर्वसम्मत निर्णय भएको हो। मैले हस्ताक्षर गरिसकेँ। सचिवालयले पठाउने हो। सचिवलाई नआउने भन्या छन्। कसले प्रमाणित गरेर पठाउने हो ? सचिव को हो, संसद् सचिवालयले गर्ने कुरा हो,' उनले भने। सभापति खतिवडाले सचिवबाट हस्ताक्षर नभए शुक्रबार एकल हस्ताक्षरमै निर्णय सभामुख र राष्ट्रिय सभामा पठाउने बताए।

संसद्को सार्वभौमिकतामाथि प्रहार : रास्वपा

राष्ट्रिय स्वतन्त्र पार्टीको केन्द्रीय सचिवालय बैठकले निजामती विधेयकको कुलिङ अफ पिरियडमा भएको बदमासी संसद्को सार्वभौमिकतामाथि प्रहार भएको र यसको छानबिन गरी दोषीमाथि कारबाही गर्न माग गरेको छ। 'कानुन बनाउने विधायकी स्वतन्त्र भूमिकामा आँच आउने गरी भएको यस्तो खालको बदमासीपूर्ण छलछामको गतिविधिलाई अनदेखा नगरी, यस कार्यमा संलग्नहरूलाई छानबिन गरी दोषीमाथि कारबाही गर्न संसदीय छानबिन समिति बनाउनुपर्ने माग राख्दछ,' रास्वपाले बिहीबार भनेको छ, 'संसद्को यो विधायकी भूमिकामा कुनै पनि चलखेल सह्य नहुने कुरामा राष्ट्रिय स्वतन्त्र पार्टी स्पष्ट छ।' बिहीबारै रास्वपाबाट समिति सदस्य चन्दा कार्की भण्डारीले पनि सभापति खतिवडालाई भेटेर प्रतिवेदनमा गरिएको छेडखानी गम्भीर अपराध भन्दै निष्पक्ष छानबिनको माग गरेकी थिइन्। उनले सभापति र सचिवबाट गल्ती भएको भन्दै नैतिक जिम्मेवारी लिएर छानबिनलाई सघाउनुपर्ने धारणा राखेकी थिइन्।

हिमाल चढ्न...

पृष्ठ १ बाट क्रमशः

'पहिले डेंगुलाई तराईको रोग मानिन्थ्यो। जहाँ लामखुट्टे हुन्छ, त्यहीँ डेंगु फैलिन्छ भन्ने भनाइ थियो,' डा. ओझाले भने, 'तर, अहिले डेंगु पहाडमा समेत व्यापक रूपमा देखिन थालेको छ। दुई वर्षअघिदेखि नै यो रोग ७७ वटै जिल्लामा पुगेको थियो। हिमाली जिल्लासमेत अब अछुतो रहेनन्।' उनका अनुसार यो वर्ष १० हजारभन्दा बढीमा डेंगु संक्रमण देखिन सक्ने प्रक्षेपण गरिएको छ। यद्यपि, परीक्षणबाहिर पनि सयौं केसहरू रहेको हुन सक्ने उनको भनाइ छ। तर, यसलाई रोक्न समुदायस्तरमा जागरुकता र डेंगु नष्ट अभियानको खाँचो रहेको डा. ओझाको भनाइ छ।

डेंगु मात्र होइन, कुनै समय तराईका जिल्लामा मात्रै पाइने मलेरिया, कालाजार, स्क्रव टाइफस, जापानिज इन्सेफ्लाइटिसलगायत रोगहरू पहाडी जिल्लामा समेत फैलिएका छन्। वातावरणीय परिवर्तन र बसाइँसराइलगायतका कारण यी रोग पहाडतिर देखिएको चिकित्सक बताउँछन्।

तराईमा फैलने रोगका रूपमा चिनिने मलेरिया (औलो रोग)को दायरा पनि फराकिलो भएको छ। इडिसिडीका अनुसार सन् २०१९ सम्म तराईमा मात्रै देखिएको मलेरिया त्यसयता पहाडमा जिल्लाहरूमा देखिन थालेको छ। 'मलेरिया बढी तराईको रोग भनेर चिनिन्थ्यो। तर, यो पहाडमा पनि देखिएको छ। हावापानीमा देखिएको परिवर्तनले काम गरेको छ,' डा. ओझाले भने। इतिहास हेर्दा धेरै वर्षअघि पहाडी जिल्लामा देखिएको मलेरिया बिचमा हराएको थियो। तर, सन् २०१९ पछि फेरि पहाडमा देखिन थालेको छ। सन् २०२४ मा नेपालमा एक हजार ४३ जनामा मलेरिया देखिएको थियो, त्यसअघि २०२३ मा ५२८ जनालाई मलेरिया भएको थियो। सन् २०२५ लागेयता डेढ सय हाराहारीमा संक्रमण देखिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

मस्तिष्क ज्वरो नै आउने खतरनाक रोग जापानिज इन्सेफ्लाइटिस पनि तराईबाट पहाड पुगेको छ। दुई वर्षअघि यो रोगले नेपालमा भयावह रूप लिएको थियो। जसका कारण ४० जनाभन्दा बढीको ज्यान गएको इडिसिडीले जनाएको छ। त्यसवेला एक हजार हाराहारीमा संक्रमण भएको थियो। यसको संक्रमणले अत्यधिक टाउको दुख्ने, कम्पन हुने, पक्षघात हुने र अन्तिममा मृत्युसमेत हुन सक्छ।

यस्तैगरी, भित्री मधेशका जिल्लाहरूमा पाइने स्क्रव टाइफस अहिले ती जिल्लामा मात्रै सीमित छैन। यो देशका करिब ५५ जिल्लामा पुगिसकेको छ। त्यसमध्ये २० भन्दा बढी पहाडी जिल्लासमेत छन्। डा. ओझाका अनुसार यो रोग चार वर्षअघिदेखि नै पहाडी जिल्लामा पुगेको थियो। गत वर्ष मात्रै पहाडी जिल्लाका सयजनामा यो रोग देखिएको थियो। 'यो तराईमा हुने भित्री मधेशमा बढी थियो, अझ चितवनबाट यो रोग देखिएको थियो, तर पछिल्ला वर्षहरूमा यसका बिरामी बढेका छन्,' डा. ओझाले भने।

भुसुनाको टोकाइबाट सर्ने खतरनाक रोग कालाजार (कालाज्वर) पनि पहाडतिर फैलँदो छ। यो रोग आठ वर्षअघि तराईमा मात्रै थियो भने पछिल्लो सात वर्षमा पहाडमा समेत पुगेको इडिसिडीको रेकर्डमा उल्लेख छ। परजीवीको टोकाइबाट हुने रोगमध्ये यसलाई बढी खतरनाक मानिन्छ। इडिसिडीको तथ्यांकअनुसार हरेक वर्ष सात सय हाराहारीलाई कालाजार हुन्छ। गत वर्षको तथ्यांकअनुसार यो रोग ५० भन्दा बढी जिल्लामा पुगिसकेको छ। 'पूर्वी नेपालमा मात्रै सीमित रहेको कालाजार देशैभरि फैलँदो छ, यो अहिले कालीकोट र थुप्रै पहाडी जिल्लाहरूमा पुगेको छ,' नेपाल स्वास्थ्य अनुसन्धान परिषद्का वरिष्ठ अनुसन्धान अधिकृत डा. मेघनाथ घिमालले भने, 'जलवायु परिवर्तनका कारण तराईका अधिकांश रोगहरू पहाड र हिमालसम्म पुगेका छन्।'

टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार कालाजार (कालाज्वर) तराईबाट पहाडतिर फैलिएको पहिलो रोग मानिन्छ। 'कालाजार पहिलोपटक पहाडतिर फैलिँदा म अचम्मित भएको थिएँ। अहिले हिमालमा पनि पुगेको छ,' उनले भने।

डा. पुनका अनुसार बसाइँसराइ, बढ्दो ओहोरदोहोर, यातायातका साधन, जलवायु परिवर्तनलगायतले तराईमा देखिने रोगहरू पहाडमा जाँदै छन्। 'तराईमा देखिने रोगका किट तथा जीवाणु मानिससँगै पहाड पुगे र आफूलाई पहाडको हावापानीमा बचाउने गरी विकसित गरे,' उनले भने, 'सबैभन्दा मुख्य भूमिका यातायातले खेल्यो। पहिले-पहिले मानिस सीमित रूपमा हिँड्थे। तर, अचेल ओहोरदोहोर बढ्यो र त्यससँगै रोग पनि फैलिए। अधिकांश रोग पहाड पुग्नुको कारण यही हो।'

डा. ओझाले पनि तापक्रम बढेपछि तराईका जटिल रोग पहाडमा पुग्न थालेको र पहाडमा समेत अनेकौं रोगको जोखिम बढेको बताए। 'कुनै समय धेरै प्रकारका रोग तराई तथा भित्री मधेशमा सीमित थिए। तर, अहिले पहाडमा पनि ती रोगहरू फैलन थाले,' डा. ओझाले भने, 'कुनै समय पहाड रोगको हिसाबले पनि सुरक्षित थियो। तर, जलवायु परिवर्तन, मानिसको लापरबाही, बसाइँसराइ र सरसफाइमा ध्यान नदिँदा तराईका रोग पहाडमा सरेका हुन्।'

विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)का उपेक्षित उष्णप्रदेशीय रोग विशेषज्ञ डा. प्रकाश शाक्यले जलवायु परिवर्तनका कारण तराई क्षेत्रका रोगसमेत पहाडी जिल्लातिर फैलँदो रहेको बताए। 'पछिल्लो समय नेपालमा तापक्रम बढ्दो छ। डेंगु र अन्य रोगको संक्रमण पनि यही कारण बढेको हो। एक ठाउँमा पाइने रोग पछिल्लो समय अर्को ठाउँमा समेत फैलिएको पाइन्छ। यो मौसमी प्रभाव पनि हो। डेंगु त विश्वमा द्रुत गतिमा फैलिएको संक्रमण हो,' उनले भने।

डा. पुनका अनुसार कीटजन्य रोगमा अध्ययन-अनुसन्धान र टेस्ट पुगेको छैन। भविष्यमा हुने संक्रमण रोक्न अध्ययन-अनुसन्धान जरुरी छ। नेपालमा रोग तथा स्वास्थ्य जटिलताबारे अध्ययन गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (एनएचआरसी)भए पनि जटिल रोगबारे अनुसन्धान र अध्ययन प्रभावकारी हुन सकेको छैन। एनएचआरसीका सदस्यसचिव डा. प्रमोद जोशीले पछिल्ला वर्षहरूमा तराईका रोग पहाडमा मात्रै नभएर पूर्वका रोग पश्चिम र पश्चिमका रोग पूर्वमा पुगेको बताए। उनका अनुसार रोग सार्ने जीवाणु तथा भाइरस जहाँ पुग्छ त्यहाँ एन्टिबडी बनाउनेसमेत गरेको छ। 'हामीले तराईका रोग कसरी पहाड पुगे र रोग कसरी पूर्व-पश्चिम भए भन्नेबारे ल्याब परीक्षण पनि गरिरहेका छौं, यसबारे अध्ययन पनि भइरहेको छ,' उनले भने, 'तराईमा ४०-४५ डिग्रीमा आनन्दसँग बस्ने र बाँच्ने डेंगुले पहाडको २०-२५ डिग्रीमा पनि बाँच्न सक्ने गरी आफूलाई विकास गरेको छ, अन्य थुप्रै रोगका जीवाणुहरू ठाउँ परिवर्तन भए पनि आफूलाई अनुकूल बनाइरहेका छन्, यो निकै चुनौती र जोखिम हो।'

नेपालमा सन् २०१३ मा चिकनगुनिया भाइरस पनि देखिएको थियो। उनका अनुसार सुरुमा तीनवटा केस देखिएका थिए। ती केस काठमाडौंमै देखिएका थिए। तर, लामखुट्टेको टोकाइबाट हुने यो संक्रमण तराईका जिल्लामा झन् व्यापक अनुमान गरिए पनि अध्ययन र अनुसन्धान भने हुन सकेन। 'पहिलोपटक यो २०१३ तिर देखिएको थियो, मैले नै पत्ता लगाएको थिएँ, तर पछि त्यो रोग छ-छैन भन्नेबारे सरकारले अध्ययन गरेन,' डा. पुनले भने, 'केही वर्षदेखि नियमित परीक्षण गरिएकै छैन, टेकुमा पनि यसको परीक्षण छैन, तर यो रोग सुरुमा तराईमा थियो र पहाडतिरसमेत पुगेको थियो, तर यो अझै पनि भित्रभित्रै फैलिएको हुन सक्ने भए पनि टेस्ट नै गरिएको छैन।' उनका अनुसार यो रोग विदेशी मुलुकबाट नेपालसम्म आएको र सुरुमा तराईका जिल्ला हुँदै पहाडसम्म पुगेको अनुमान गरिन्छ।

यस्तै, डेंगु गराउने एडिस जातको लामखुट्टेको टोकाइबाट हुने जिका भाइरसबारे पनि पछिल्लो समय अध्ययन र अनुसन्धान छैन। अस्पतालहरूमा यसको जाँच पनि हुँदैन। यो संक्रमणका कारण कुनै समय ब्राजिलमा टाउको साना भएका बच्चाहरू जन्मिएका थिए। तर, नेपालमा पनि यो रोग हुन सक्ने अनुमान चिकित्सकले गरे पनि यसको परीक्षण र अध्ययन भएको छैन। डा. पुनका अनुसार यो संक्रमण पनि भित्रभित्रै हुन सक्ने अनुमान गरिए पनि यसको अध्ययन भएको छैन। डा. पुनका अनुसार नेपालमा अर्को सरुवा रोग वेस्ट नायल भाइरस पनि छ। तर, यसमा अध्ययन भने हुन सकेको छैन। यो विदेशी भाइरस भएका कारण यसको नाम पनि विदेशी भाषामै छ। कुनै समय यो युरोप र अमेरिकामा व्यापक फैलिएको थियो। तर, नेपालीहरू पनि देश-विदेश गरिरहेका कारण यो रोग पनि नेपाल भित्रिएको अनुमान गरिए पनि यसबारेमा परीक्षण र अध्ययन भएको छैन।

संक्रामक रोगको उन्मूलन कठिन

नेपालमा नसर्ने रोगको तुलनाका संक्रामक रोगको भार/क्षति कम छ। तर, दीर्घकालीन रूपमा यस्ता रोग उन्मूलन गर्न र निर्मूल पार्न भने चुनौती छ। परिषद्का वरिष्ठ अनुसन्धान अधिकारी डा. धिमालका अनुसार नेपालमा कुनै एउटा सिजनमा संक्रामण रोगले सताएपछि त्यो केही समयमै घट्ने र नियन्त्रणमा आउने अवस्था छ, तर यहाँ नसर्ने रोग ह्वात्तै बढेको छ। सबै प्रकारका रोगको तथ्यांक र मृत्यु हेर्दा नेपालमा नसर्ने रोगका कारण ७३ प्रतिशतको ज्यान जान्छ। 'नसर्ने रोगका कारण सबैभन्दा बढी सहरी जनसंख्या प्रभावित छ, सहरी क्षेत्रका मानिसमा शारीरिक अभ्यास र शरीरलाई स्वस्थ राख्न ध्यान दिइएको पाइँदैन,' उनले भने, 'कुनै समय संक्रामक रोग तराईमा बढी थियो, तर जलवायु परिवर्तनका कारण पहाडतिर सऱ्यो, पछिल्ला वर्षहरूमा उच्च भूभागमा पनि डेंगु र मलेरिया बढेको देखियो।'

मधेशमा तीन...

पृष्ठ १ बाट क्रमशः

अद्यावधिक गर्दै १४ असोजसम्मको तीन महिनामा मधेशका दक्षिणी भूभागमा सरदरभन्दा कम र कोशीका दक्षिणी भूभागमा सरदर वर्षा हुने बताएको हो। विभागले यसअघि वैशाखमा मनसुनी आकलन जारी गर्दै मधेशमा सरदर हाराहारी र कोशीमा सरदरभन्दा बढी वर्षा हुने बताएको थियो। तर, सामुद्रिक र मनसुनी गतिविधि नियाल्दा कोशी र मधेशमा यसअघिका पूर्वानुमान संशोधन गरिएको विभागका मौसमविद् सुदर्शन हुमागाईंले बताए। 'मौसमको पूर्वानुमानसम्बन्धी मोडलले मधेशका दक्षिणी क्षेत्रमा सरदरभन्दा कम र कोशीका दक्षिणी क्षेत्रमा सरदर हाराहारी मात्र वर्षा हुने देखाएको छ,' उनले भने, 'देशका अन्य क्षेत्रमा भने यसअघिको पूर्वानुमान मिल्ने देखिन्छ।'

पछिल्लो पूर्वानुमानअनुसार मधेशका सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा र पर्साका दक्षिणी क्षेत्रमा कम वर्षा हुने देखिएको छ। मधेशमा पश्चिमभन्दा पूर्वी क्षेत्रका जिल्लामा कम वर्षा हुने देखिन्छ। त्यस्तै, कोशीका झापा, मोरङ, सुनसरी, इलाम र धनकुटामा सरदर हाराहारी मात्र वर्षा हुने देखिन्छ। कोशीका पाँचथर, भोजपुर र खोटाङका दक्षिणी क्षेत्रमा पनि सरदर वर्षा हुने आकलन छ।

देशका मुख्य २० स्टेसनको वर्षा औसतमा हेर्दा मनसुनी अवधिको २०.४ प्रतिशत अर्थात् ३०२ मिलिमिटर वर्षा भइसकेको छ। मध्य र पश्चिम नेपालमा सरदर, सरदरभन्दा बढी वर्षा भए पनि कोशीको तराई र मधेशमा भने अझै पर्याप्त पानी पर्न सकेको छैन। मनसुनको सुरुवातीमा जनकपुरमा राम्रो पानी परे पनि पछिल्लोपटक निकै कम पानी परेको छ, जसकारण सरदर भेट्टाउन सकेको छैन। त्यस्तै, सिमरा, विराटनगर र धरानमा पनि सरदरभन्दा कम वर्षा भएको छ। 'मधेशमा अहिले पनि खासै पानी परेको छैन, अबको तीन महिनामा पनि सरदर नपुग्ने देखिन्छ,' मौसमविद् हुमागाईंले भने, 'सरदर वर्षा नभएका अन्य केही क्षेत्रमा भने अबको वर्षाले पूर्ति गर्ने देखिन्छ।'

कर्णालीको पूर्वी भूभाग, लुम्बिनीको उत्तरी भूभाग र गण्डकीको अधिकांश भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ६५ प्रतिशतसम्म छ। सुदूरपश्चिमको दक्षिणी भूभाग, लुम्बिनीको पश्चिमी भूभाग, गण्डकीको उत्तर-पूर्वी भूभाग, बागमती र कोशीको उत्तरी भूभागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ४५ देखि ५५ प्रतिशत छ।

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
सडक सुधार तथा विकास आयोजना निर्देशनालय

महाकाली पुल योजना

महेन्द्रनगर, कञ्चनपुर

ठेक्का सम्झौता अन्त्य तथा फरफारक सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८२/०३/२०

यस कार्यालयबाट विभिन्न मितिमा भएको पत्राचार तथा मिति २०८१/१०/१८ को नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित ठेक्का किन नतोड्ने? सम्बन्धि सार्वजनिक सूचना मार्फत तपाईं श्री BKOI Builders Pvt. Ltd., Tangal, Kathmandu को ठेक्का नं BBPCU-DB-337011224-077/78-29 (Design & Build of Bridges over Budhi Ganga Bridge, Triveni Na. Pa & Gadkhet Baulikhola Bridge, Bajura) को सम्झौता बमोजिम कार्य सम्पन्न गर्ने सम्बन्धि जानकारी, सूचना तथा ताकेता गरिए अनुसार निर्धारित अवधिमा कार्य सम्पन्न हुन नसकेको कारण र कार्य सम्पन्न गर्न सक्ने Updated Work Schedule, स्रोत परिचालको भरपर्दो योजना र कार्य सम्पन्न गर्ने प्रतिवद्धता सहित उपस्थित भै कार्य सुचारु गर्ने तर्फ ताहाँबाट तदारुकता नदेखाईएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८ र ठेक्का सम्झौताको GCC Clause 72.1, 72.2 र 72.3 को प्रावधान बमोजिम ठेक्का सम्झौता अन्त्य गरिएको छ। यस पश्चात् सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ र ठेक्का सम्झौताको GCC Clause 74 को प्रावधान बमोजिम कालो सूचीमा राख्न सिफारिस गरिने तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (८) को प्रावधान बमोजिम कार्य सम्पादन जमानत, धरौटी बापतको रकम र यस अघि पेश्की जफत नगरेको भए पेश्की रकम जफत गरिनेछ। हालसम्म अद्यावधिक भएको काम र बाँकी कामको नाप जाँच गरी मूल्याङ्कन गर्न जिल्ला प्रशासन कार्यालय, बाजुरा, कोष तथा लेखा नियन्त्रक कार्यालय, बाजुरा, सम्बन्धित नगरपालिका/ गाउँपालिका, यस योजना कार्यालय र निर्माण व्यवसायी वा निजको आधिकारिक प्रतिनिधिको रोहबरमा सो सूचना प्रकाशन भएको मितिले ३० दिनभित्र गरिने व्यहोरा जानकारी गराइन्छ। उपरोक्त कार्यालयका प्रतिनिधिहरू तथा निर्माण व्यवसायी वा निजको प्रतिनिधिको उपस्थिति नभएमा केबल योजना कार्यालयका प्राविधिक प्रतिनिधीबाट फोटो सहित उक्त नाँप जाँच गरिनेछ। साथै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (८) बमोजिम बाँकी कार्य गर्न लाग्ने खर्च, त्रुटिपूर्ण कार्य सच्याउन लाग्ने खर्च भुक्तानी भैसकेको तर बिग्रे भत्केको कारण पुन: निर्माण गर्नुपर्ने अवस्थाको परिमाण बापतको रकम, बनेको संरचना संरक्षण गर्न लाग्ने खर्च, पेश्की जफत भएको भए सो को ब्याज १०%, अन्य आनुषांगिक खर्च आदि सरकारी बाँकी सरह असुल उपर गर्ने तर्फ कारबाही गरिने व्यहोरा जानकारी गराइन्छ।

योजना प्रमुख

दमक भ्युटावरलाई...

पृष्ठ १ बाट क्रमशः

कम्पनी माँ पञ्चकन्या हाउसिजङले टावरका लागि दान दिएको जग्गा अहिले प्रतिकट्ठा ५० लाखभन्दा माथि कारोबार चल्दै गर्दा फिर्ता मागिरहेको छ। कम्पनीले जग्गा दान दिएको दुई वर्षपछि (सात वर्षअघि) जनप्रतिनिधिसँग गरेको सम्झौतालाई आधार बनाएर जग्गा वा जग्गाको मूल्य मागेको हो।

०७२ अघि नै माँ पञ्चकन्याले उक्त क्षेत्रमा स्थानीयसँग सस्तोमा १२ बिघा जग्गा खरिद गरेको थियो। जग्गाको भाउ ह्वात्तै बढाउने योजनाअनुसार १८ तले दमक भ्युटावर निर्माणका लागि पञ्चकन्याले ०७३ मा चार बिघा १८ कट्ठा सात धुर सरकारलाई दान दियो। पञ्चकन्या हाउजिङका सञ्चालकहरू हुन् केवलीप्रसाद खरेल, टंकप्रसाद सिटौला, कृष्णराज खतिवडा, रुद्रप्रसाद दाहाल र दीपक प्रसाईं।

तर, अचम्म के भयो भने दान दिइसकेको जग्गामध्ये दुई विघा 'सापटी दिएको' भन्ने कागज दुई वर्षपछि गरियो। उक्त जग्गा नगरपालिकाले ६ महिनाभित्र पञ्चकन्यालाई फिर्ता गर्ने र फिर्ता गर्न नसके चलनचल्तीको दररेटअनुसार मूल्यांकन गरी पैसा बुझाउने भनी ३१ जेठ ०७५ मा जनप्रतिनिधीले नै पञ्चकन्या हाउजिङसँग कागजी प्रतिबद्धता जनाए। सम्झौतापत्रमा दमक नगरपालिकाका तत्कालीन मेयर रोमनाथ ओली, उपमेयर गीता अधिकारी र दमक- ३ का वडाध्यक्ष नविन बरालको हस्ताक्षर छ। बराल अहिले पनि वडाध्यक्ष छन्। दमक नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत गणेश तिम्सिनाको रोहबरमा सम्झौता भएको थियो।

सम्झौताअनुसार तत्कालीन समयमै स्थानीयसँग लिएर नगरपालिकाले १५ कट्ठा जग्गा फिर्ता गरेको थियो। तर, २५ कट्ठा फिर्ता गरेको थिएन। सात वर्षसम्म फिर्ता नहुँदा पनि पञ्चकन्या हाउजिङ चुपचाप बसिरह्यो। जब टावर निर्माण भयो, तब उक्त कम्पनीले ३१ जेठ ०७५ को सम्झौताअनुसार २५ कट्ठा जग्गा वा सोबराबरको मूल्य माग्दै नगरपालिका धाइरहेको छ। उक्त क्षेत्रमा अहिले प्रतिकट्ठा जग्गाको भाउ ५० लाख माथि पुगेको छ।

हाउजिङका सञ्चालकमध्येका एक कृष्णराज खतिवडा दमक नगरपालिकाले दुई बिघा फिर्ता गर्ने लिखित सहमति गरेको र त्यसमध्ये २५ कट्ठा (एक बिघा ५ कट्ठा) फिर्ता नभएकाले माग गरिएको बताए। यद्यपि नगरपालिकाबाट ठोस जवाफ नआएको खतिवडाले बताए। भ्यु टावरको योजना आउनुभन्दा पहिला नै आफूहरूले स्थानीयबाट फनपार्क बनाउन जग्गा खरिद गरेको उनको भनाइ छ। पछि दमक नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत युवराज दाहाल (जो ताप्लेजुङको हेलिकोप्टर दुर्घटनामा ज्यान गुमाए)ले भ्यु टावर बनाउँदा आफूहरूले खरिद गरेको जग्गा पनि राम्रो हुने बताएपछि जग्गा दान दिइएको उनी बताउँछन्।

'हामीले पनि सरकारी प्रोजेक्ट राम्रो होला भनेर जग्गा दियौं। जसमध्ये दुई बिघा जग्गा सापटी दिएका हौं, तर अहिले बर्बाद भयो। नगरपालिकाले फिर्ता गर्ने भनेर कागज गरेको जग्गा हामीलाई दिनुपर्छ,' खतिवडाले भने, 'जग्गा उपलब्ध नगराउने हो भने हामीलाई चलनचल्तीको मूल्य नगरपालिकाले दिनुपर्छ। ६ महिनाको म्याद राखेर कागज गरेको सात वर्ष भयो, हामीले पाएनौं। त्यति पनि नगर्ने हो भने नगरपालिकाले लिखित जवाफ देओस्, हामी अदालत जान्छौं।'

दमक नगरपालिकाका हालका मेयर रामकुमार थापाले भने हाउजिङलाई जग्गा फिर्ता गर्ने भनिएको कागज नगरपालिकामा फेला नपरेको बताए। 'माँ पञ्चकन्या हाउजिङ प्रालिका सञ्चालकले कागज देखाउनुभएको छ। तर, नगरपालिकामा एक वर्षदेखि खोज्दा पनि कुनै कागजात भेटिएको छैन,' उनले भने, 'कार्यपालिका र नगरसभाबाट पास भएको पनि पाइएन। उहाँहरूले कागजात देखाएपछि जान्दिनँ भन्न पनि पाइएन। यसको पूर्णस्वामित्व पनि लिन सकिएन।' यो विषय कार्यपालिकामा लैजाने उनले बताए।

माँ पञ्चकन्या हाउजिङले स्थानीयबाट सस्तोमा जग्गा किनेर केही भ्यु टावरलाई दिएर बाँकी जग्गामा प्लटिङ गरेको छ। अहिले भ्यु टावरअगाडि माँ पञ्चकन्या हाउजिङको कार्यालय नै खोलेर जग्गा किनबेचको सूचना टाँसिएको छ। यो कम्पनीले त्यसवेला स्थानीयसँग प्रतिकट्ठा दुई लाखदेखिको दररेटमा जग्गा खरिद गरेको थियो। अहिले त्यस क्षेत्रमा प्रतिकट्ठा करिब ५० लाखमा किनबेच हुने गरेको दमक- ३ का रमेश पौडेल बताउँछन्। उनले पनि यही क्षेत्रमा ०७२ मा दुई बिघा १३ कट्ठा जग्गा यही कम्पनीलाई बिक्री गरेका थिए। जसबापत उनले प्रतिकट्ठा तीन लाख मात्र पाएका थिए। जहाँ उनले बेचेको जग्गा छ, अहिले त्यहीँ भ्यु टावर ठडिएको छ।

'यति ठुलो योजना ल्याउन रहेछ र पो हामीसँग जग्गा कारोबारीले ढाँटे। त्यसवेला कृषि फार्म खोल्ने भनेर जग्गा किनेका हुन्। हामीले पनि होला नि त भनेर बेच्यौं। अहिले करोडौंको जग्गा बनाए,' उनले भने, 'अहिले यहाँ ५० लाख कट्ठासम्म बिक्री हुन्छ। त्यहीबेला हामीसँग ढाँटेर जग्गा किनेर प्लटिङ गरेका छन्। अब स्थानीयले भ्यु टावरलाई जग्गा उपलब्ध गराउन सक्दैनन्।'

■ पूर्वन्यायाधीश र कानुनविद् भन्छन्-

संवैधानिक नियुक्ति विवादबारे सर्वोच्चको फैसला अपूरो देखियो

शिल्पा कर्ण/नयाँ पत्रिका

साढे चार वर्षअघि तत्कालीन सरकारले संवैधानिक परिषद् अध्यादेश ल्याएर गरेका नियुक्तिविरुद्धका १५ निवेदनमाथिको सर्वोच्च अदालतको फैसला अपूरो र कानुनी प्रश्नको जवाफ समावेश नरहेको कानुन व्यवसायी तथा पूर्वन्यायाधीशहरूले टिप्पणी गरेका छन् । बुधबार मध्यरात सर्वोच्चको संवैधानिक इजलासले तत्कालीन प्रधानमन्त्री केपी ओलीले संवैधानिक परिषद् बैठकबाट गरेका सबै नियुक्ति सिफारिस सदर गरेको थियो । पाँचसदस्यीय संवैधानिक इजलासमा तीनथरी राय व्यक्त भएको थियो ।

न्यायाधीशहरू कुमार चुडाल र मनोजकुमार शर्माले नियुक्ति सदर हुनुपर्ने तथा रिट खारेज हुनुपर्ने फैसला गरेको हदसम्म न्यायाधीश सपना प्रधान मल्लले पनि सहमतीय राय दिएकी थिइन् । अर्कातिर प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत र नहकुल सुवेदीको राय फरक थियो । न्यायाधीश मल्लले अध्यादेशका बलमा नियुक्त भएकालाई फैसला भएको मितिले ४५ दिनभित्र संसदीय सुनुवाइ प्रक्रियामा लैजान र सुनुवाइ समितिले योग्य देखे साबिकमा नियुक्त मितिबाटै पदावधि गणना हुने व्यवस्था मिलाउन परमादेश जारी गरेकी थिइन् । साथै, भावी संवैधानिक नियुक्ति प्रक्रिया स्वतन्त्र, सक्षम र व्यावसायिक बनाउन तथा पारदर्शी तथा प्रतिस्पर्धात्मक बनाउनसमेत परमादेशको आदेश जारी हुने उनको ठहर थियो ।

प्रधानन्यायाधीश राउत र न्यायाधीश सुवेदीले भने पहिलोपटक ३० मंसिर ०७७ मा भएका नियुक्ति बदर हुनुपर्ने राय व्यक्त गरेका छन् भने दोस्रोपटकको नियुक्ति सदर नै हुने फैसला गरेका छन् ।

पहिलोपटक कार्यविधि पालना गरी सभामुखलाई सूचना नदिइएको ठहर दुवै न्यायाधीशको छ भने दोस्रोपटकमा कार्यविधि पूरा गरी बैठकको सूचना सभामुखलाई दिइएकाले त्यस बैठकबाट भएका निर्णय बदर गरिरहनु नपर्ने फैसलामा छ ।

पूर्वन्यायाधीश गिरीशचन्द्र लाल सर्वोच्चबाट यति विलम्ब गरी फैसला आए पनि नजिर कायम गर्ने राम्रो अवसर संवैधानिक इजलासले गुमाएको बताउँछन् । 'यो फैसलाले भविष्यका लागि गाइड गरेको छैन । न्यायिक दृष्टिकोणबाट जनताको अधिकार रक्षा गर्ने संविधानको व्याख्या गर्ने नजिर हुन सक्ने अवस्था भए पनि यो अवसरलाई उपयोग गर्न नसकेको देखिन्छ,' लाललले भने । आफैंले दुईपटकको प्रतिनिधिसभा विघटनलाई संविधानविपरीत भनेको संवैधानिक इजलासले त्यसबिचमा आएका अध्यादेश र त्यसअनुसारका नियुक्तिलाई अन्यथा भन्न नसकेको उनले बताए । भविष्यमा हुन सक्ने यस्ता घटनाका पुनरावृत्तिका लागि स्पष्ट बाटो नदेखाएको उनको भनाइ छ । यद्यपि, पूर्णपाठ आउँदा थुप्रै विषय स्पष्ट हुनुपर्ने खाँचो रहेको लाललले बताए ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले यो फैसलाले कार्यपालिकालाई सर्वशक्तिमान बनाउँदै न्यायपालिकाको अधिकार खुम्च्याएको टिप्पणी गरे । जस्तोसुकै अध्यादेश ल्याउन सक्ने, जहिले पनि संवैधानिक परिषद्को संरचना फेर्न सक्ने, संसदीय सुनुवाइको अनिवार्यतालाई समाप्त पार्ने गरी फैसला आएको उनको भनाइ छ । 'यसले न्यायपालिकाको विश्वासनीयतामा अपूरणीय क्षति पुऱ्याएको छ । यो फैसलाले कार्यपालिकालाई अत्यधिक शक्तिशाली बनायो भने न्यायपालिका आफैंले आफ्नो अधिकार कटौती गऱ्यो,' उनले भने । कार्यपालिकाको स्वेच्छाचारितालाई नियन्त्रण गर्नुपर्ने जिम्मेवारीमा रहेको अदालतले उल्टै सर्वशक्तिमान बनाएको उनले बताए ।

फैसलापछि संवैधानिक इजलासको औचित्यमाथि पनि प्रश्न उठेको उनको भनाइ छ । ऐन र संविधानको व्याख्या नितान्त फरक हुने भन्दै वरिष्ठ अधिवक्ता त्रिपाठीले छुट्टै संवैधानिक अदालत स्थापनाको मागलाई यस फैसलाले जोड दिएको धारणा राखे । उनले भने, 'कार्यपालिकालाई सर्वशक्तिमान बनाएको यो फैसलाले सर्वोच्चबाटै संविधान रक्षा गर्नुपर्ने देखियो ।'

अर्का वरिष्ठ अधिवक्ता टीकाराम भट्टराई पनि फैसलाका कतिपय विषयले विधिशास्त्रमाथि नै प्रश्न उठाएको बताए । उनले सामाजिक सञ्जालमा लेख्दै कार्यपालिकीय बुद्धिमत्ता (एक्जेक्युटिभ विज्डम) भन्ने शब्दमाथि नै प्रश्न उठाएका छन् । भट्टराईले भनेका छन्, 'हिजोको संक्षिप्त आदेशमा संवैधानिक विधिशास्त्रको खोजी गर्न मेरो क्षमताले भ्याएन । न त त्यहाँ प्रयुक्त एक्जेक्युटिभ विज्डम भन्ने शब्दको अर्थ नै बुझ्छैं, न त बहुमत र अल्पमतको रायको फरक अनि अर्थ र महत्त्वलाई बुझ्ने क्षमता रह्यो । सिद्धान्त र स्वतन्त्र न्यायपालिका स्थायी हुन्छ । न्यायाधीश र पक्षहरू अस्थायी हुन्छन् भन्ने मेरो बुझाइ पनि कतै गल्ती पो छ कि ?'

सर्वोच्च अदालत बार एसोसिएसनका पूर्वकोषाध्यक्ष तथा अधिवक्ता विनोद कार्की फैसला तथा न्यायाधीशहरूको व्यवहारगत अध्ययनका लागि बुधबारको फैसला एक उपयुक्त उदाहरण रहेको बताउँछन् । यो फैसला केवल कानुन वा संविधानबाट मात्र मार्गदर्शन नभएको तथा अन्य पक्षहरू पनि केलाउनुपर्ने आवश्यकता रहेको बताउँछन् । 'यो फैसला हेर्दा न्यायाधीशहरूको पृष्ठभूमि मात्र होइन, भविष्यको त्राससमेत देखिन्छ । विशुद्ध कानुनी वा संवैधानिक रूपमा भएको फैसला यो होइन । करिअर, ओरिएन्टेसन एन्ड फियर यी तीन कुराले फैसलालाई प्रभावित बनाएका छन्,' कार्कीले भने । सर्वोच्चको प्रधानन्यायाधीश प्रधानमन्त्री नेतृत्वमा रहेको संवैधानिक परिषद्ले सिफारिस गर्छ भने संसदीय सुनुवाइका लागि पनि सदनमा परीक्षण हुन्छ । यस्तोमा हरिकृष्ण कार्कीजस्तै नियुक्ति सिफारिस नगरिदिने हो कि भन्ने त्रास कताकता महसुस भएको अनुभूति फैसलामा प्रतिबिम्बित भएको कार्कीको भनाइ छ ।

फैसलाले भविष्यका लागि गाइड गरेको छैन



■ **गिरीशचन्द्र लाल**, पूर्वन्यायाधीश

सर्वोच्चले जे फैसला गऱ्यो मान्नैपर्छ, तर समाचोलना गर्न सकिन्छ । यही संवैधानिक इजलासले दुई-दुईपटक भएको प्रतिनिधिसभा विघटनलाई बदर गऱ्यो र संविधानअनुरूप नभएको भन्यो । अब विघटन भएको वेलामा ल्याइएको अध्यादेश र त्यसअनुसारका नियुक्ति कसरी वैध भए भन्ने प्रश्न उठ्छ । सम्बन्धित कानुन संशोधन गर्ने गरी नियुक्ति प्रयोजनकै लागि ल्याइएको अध्यादेश संवैधानिक थियो-थिएन, त्यसको न्यायिक निरूपण भएको छैन । यो फैसलाले भविष्यका लागि गाइड गरेको छैन ।

सर्वोच्चको फैसलामा विधिशास्त्रको खोजी गर्न मेरो क्षमताले भ्याएन



■ **टीकाराम भट्टराई**, वरिष्ठ अधिवक्ता

हिजोको संक्षिप्त आदेशमा संवैधानिक विधिशास्त्रको खोजी गर्न मेरो क्षमताले भ्याएन । न त त्यहाँ प्रयुक्त एक्जेक्युटिभ विज्डम भन्ने शब्दको अर्थ नै बुझ्कैं, न त बहुमत र अल्पमतको रायको फरक अनि अर्थ र महत्त्वलाई बुझ्ने क्षमता रह्यो । मुद्दामा हारजित एउटा पक्षको हुन्छ, जित्नेलाई बधाई छ । तर, सिद्धान्त र स्वतन्त्र न्यायपालिका स्थायी हुन्छ । न्यायाधीश र पक्षहरू अस्थायी हुन्छन् भन्ने मेरो बुझाइ पनि कतै गल्ती पो छ कि ?

फैसलाले सर्वोच्चबाटै संविधान रक्षा गर्नुपर्ने देखियो



■ **दिनेश त्रिपाठी**, वरिष्ठ अधिवक्ता

संवैधानिक इजलासको फैसलाले न्यायपालिकाको विश्वसनीयतामा अपूरणीय क्षति पुऱ्याएको छ । कार्यपालिकालाई सर्वशक्तिमान बनाएको यो फैसलाले सर्वोच्चबाटै संविधान रक्षा गर्नुपर्ने देखियो । धारा २९२ (संसदीय सुनुवाइ)लाई निष्प्रभावी बनाएको र अनिवार्यता समाप्त भएको छ । धारा ११४ (अध्यादेश)को प्रयोग जहिले पनि हुन सक्ने भयो । इजलासको एक्स्पेरिमेन्ट फेल भयो । ऐन र संविधानको व्याख्या फरक हुन्छ । छुट्टै संवैधानिक अदालत हुनुपर्ने हो कि भन्ने देखिन थालेको छ ।

करिअर, ओरिएन्टेसन एन्ड फियरले फैसलालाई प्रभावित बनायो



■ **अधिवक्ता विनोद कार्की**, पूर्वकोषाध्यक्ष, सर्वोच्च बार

यो फैसला हेर्दा न्यायाधीशहरूको पृष्ठभूमि मात्र होइन, भविष्यको त्राससमेत देखिन्छ । विशुद्ध कानुनी वा संवैधानिक रूपमा भएको फैसला यो होइन । करिअर, ओरिएन्टेसन एन्ड फियर, यी तीन कुराले फैसलालाई प्रभावित बनाएका छन् । संवैधानिक परिषद्देखि संसदीय सुनुवाइजस्ता प्रक्रियामा कठिनाइ हुने डर हुन्छ । बहालवाला प्रधानमन्त्रीविरुद्ध फैसला गर्दा हरिकृष्ण कार्कीजस्तो हैरानी खेप्नुपर्ला भन्ने त्रास कताकता महसुस हुन्छ ।

कांग्रेसभित्र लोकतन्त्रका नाममा अराजकता मौलाएको गुनासो

नेता, सांसद, मन्त्रीलाई अनुशासनको डन्डा चलाउन माग



नयाँ पत्रिका

कांग्रेस केन्द्रीय सदस्यहरूले पार्टीभित्र आन्तरिक लोकतन्त्रका नाममा नीति र विधिमै प्रश्न उठ्ने गरी अराजकता चुलिएको भन्दै अनुशासनको डन्डा चलाउन माग गरेका छन् । चार दिनदेखि जारी केन्द्रीय समिति बैठकमा विशेषतः संस्थापन र महामन्त्री गगन थापानिकट केन्द्रीय सदस्यले अराजकता मौलाएको विषयलाई प्राथमिकताका साथ उठाएका हुन् । पार्टीभित्र मौलाएको अराजकताकै कारण पार्टीले संसद्, सरकार र आन्तरिक काममा एकताका साथ प्रभावकारी काम सम्पादन गर्न नसकेकोतर्फ उनीहरूले नेतृत्वको ध्यानाकर्षण गराएका छन् ।

'एकले अर्कोलाई बाहिर-बाहिर विनाआधार तुच्छ शब्द प्रयोग गर्दै आरोप लगाउने, होच्याउनेजस्ता अनुशासनहीन अराजक प्रवृत्ति बढेकाले पार्टीको प्रतिष्ठा गिरिरहेकाले अनुशासन र मर्यादाअनुसार पार्टीलाई अगाडि बढाउन अधिकांश केन्द्रीय सदस्यहरूले ध्यानाकर्षण गराउनुभएको छ,' केन्द्रीय सदस्य चिनकाजी श्रेष्ठले भने ।

कांग्रेसको पहिलो दिनको बैठकदेखि नै नेताहरूले एकले अर्काविरुद्ध टिप्पणी गर्दै आएका छन् । पहिलो दिन डा. शेखर कोइरालाले विनोद चौधरीप्रति टिप्पणी गरेका थिए । भोलिपल्टै चौधरीले कोइरालामाथि नै कारबाहीको माग गरे । तेस्रो दिनको बैठकमा केन्द्रीय सदस्य उदयशमशेर राणाले संसद् र पार्टीको बैठकमै कांग्रेस नेताहरू अराजक बन्दै गएकोमा चिन्ता व्यक्त गरेका थिए ।

बिहीबारको बैठकमा केन्द्रीय सदस्य ईश्वरी न्यौपानेले व्यक्तिगत स्वार्थका लागि पार्टी नीति र निर्णयबाहिर गएर सामाजिक सञ्जाल, सार्वजनिक फोरम र संसद्मा जथाभावी अभिव्यक्ति दिने अराजकता नियन्त्रणका लागि अनुशासनलाई कडाइ गर्न माग गरिन् । 'सांसद र केन्द्रीय सदस्यहरूले आफ्नै मन्त्री, नेताविरुद्ध पार्टीभित्र होइन, संसद् र बाहिर विषवमन गर्ने, सामाजिक सञ्जालमा लेख्ने अराजक गतिविधि नियन्त्रणका लागि अनुशासनलाई कडाइ गर्नुपर्छ,' उनले भनिन् ।

अर्की केन्द्रीय सदस्य सीता गुरुङले पार्टीको नेता, सांसद र मन्त्री भएर पार्टीकै विरुद्ध सार्वजनिक रूपमा बोलेर घात गर्ने, व्यक्तिगत गालीगलौजमा उत्रिने काम बन्द गर्न अनुशासनको डन्डा चलाउनुपर्ने धारणा राखिन् । उनले पार्टी र संसदीय दलभित्र आचारसंहिता पालनामा कडाइ गर्नुपर्ने माग पनि राखिन् ।

अर्का केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले भ्रष्टाचार आरोपित व्यक्ति नै केन्द्रीय समिति बैठकमा हाबी भएर विषवमन गर्दा पनि अरू टुलुटुल हेर्नुपर्ने अराजक अवस्था आएको बताए । 'प्रधानमन्त्री र स्वयं पार्टी सभापति, संवैधानिक अंगका प्रमुख तथा पदाधिकारीहरू र विशेषगरी पार्टीका महामन्त्रीविरुद्ध विषवमन गर्दा त्यसलाई टुलुटुलु हेरेर हामीले कस्तो नजिर स्थापित गर्न खोजेका हौं ?' शिवाकोटीले भने । केन्द्रीय सदस्य गोविन्द भट्टराईले राजनीतिमा पनि 'कुलिङ पिरियड' राख्ने गरी संवैधानिक र कानुनी व्यवस्था गर्नुपर्ने माग राखेका थिए । विदेशी नागरिकता त्यागेबित्तिकै सांसद र मन्त्री बन्न पाइहाल्ने अवस्था अन्त्यका लागि पनि त्यस्तो व्यवस्था राख्नुपर्ने उनको भनाइ थियो ।

संक्षेप

जर्नेल खड्का र मेजर कार्की बर्खास्त

काठमाडौं/ फर्जी कर्मचारी खडा गरी उनीहरूको नाममा चेक काटेर सैनिक कल्याणकारी कोषको करोडौं रकम हिनामिना प्रकरणमा नेपाली सेनाका सहायकरथी रोशन खड्का तथा सेनानी बोधराज कार्की बर्खास्त भएका छन् । सैनिक विशेष अदालतले बिहीबार उनीहरूलाई बर्खास्त गरी हिनामिनाबापतको रकम तिराउने फैसला गरेको हो । सैनिक ऐन, २०६३ अनुसार उनीहरूलाई बर्खास्त गर्ने फैसला भएको सैनिक प्रवक्ता राजाराम बस्नेतले बताए । 'सैनिक ऐनको दफा १०१ अनुसार सैनिक अनुशासन र आचरण सम्बन्धमा निजहरूलाई सरकारी सेवामा अयोग्य नठहरिने गरी बर्खास्त गरिएको छ,' उनले भने, 'अपचलन भएको रकम पनि तिराउने निर्णय भएको छ ।' उनीहरूले दुई करोड २१ लाख ८५ हजार हिनामिना गरेको छानबिनमा खुलेको थियो । यससम्बन्धी घटनामा संलग्न दुई पूर्वसैनिकलाई भने प्रहरीमार्फत यसअघि नै मुद्दा चलाइएको थियो । पूर्वजमदार आत्माराम थापा हाल पुर्पक्षका लागि कारागारमा छन् । त्यस्तै, मुद्दा दायर भएका पूर्वसेनानी लक्ष्मण अधिकारी फरार छन् । उनी अमेरिका पुगिसकेका छन् । चारजनाको मिलेमतोमा कोषको रकम दुरुपयोग भएको आन्तरिक छानबिनमा खुलेको हो ।

मितेरी सहकारी ठगी आरोपमा खत्री पक्राउ

काठमाडौं/ ललितपुरको महालक्ष्मीस्थानस्थित मितेरी सेभिङ एन्ड क्रेडिट को-अपरेटिभ ठगी घटनाका अर्का मुख्य अभियुक्त सुवास खत्री पक्राउ परेका छन् । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)बाट खटिएका प्रहरी टोलीले उनलाई बुधबार पक्राउ गरेको हो । सिआइबीका अनुसार उनी कम्बोडियाबाट पक्राउ गरी ल्याइएका ज्योतिबहादुर भण्डारीका खास सहयोगी हुन् । प्रहरीले भण्डारीलाई गत ४ असारमा अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल)को सहयोगमा कम्बोडियाबाट पक्राउ गरेर नेपाल ल्याएको थियो । भण्डारीसँगको बयानपछि सिआइबीले खत्रीलाई पक्राउ गरेको हो । सिआइबी प्रमुख एआइजी चन्द्रकुवेर खापुडले खत्रीको मितेरी सहकारी ठगीमा मुख्य भूमिका रहेको बताए । 'मितेरी सहकारी ठगीमा सुवास खत्री पक्राउ परेका छन् । उनी ज्योतिबहादुरको खास सहयोगी रहेको देखिएको छ । सहकारी ठगीमा उनको विशेष संलग्नता रहेको अनुसन्धानबाट खुलेको छ । घटना सम्बन्धमा अनुसन्धान भइरहेको छ,' उनले भने । धादिङका खत्री हाल सोल्टीमोड बस्दै आएका थिए । सहकारी ठगीमा संलग्न भए पनि ज्योति गुरुङ र ज्योतिबहादुर पक्राउ नपरेपछि उनी दुक्क भएर काठमाडौंमा बस्दै आएका थिए । पक्राउ परेका ज्योतिबहादुरले ठगी स्विकार्दै घटनामा खत्री पनि साझेदार रहेको बयान दिएपछि प्रहरीले उनलाई पक्राउ गरेको थियो ।

वडाध्यक्षमाथि कुटपिट गर्ने महिला पक्राउ

मकवानपुर/ हेटौंडा उपमहानगरपालिका- ४ का वडाध्यक्ष नवीन सिम्देललाई बिहीबार सार्वजनिक स्थलमै एक महिलाले कुटपिट गरेकी छिन् । हेटौंडा क्याम्पसअगाडिबाट हुम्रचौरतर्फ निस्कने सडक विस्तारको विषयमा छलफल भइरहेका वेला वडाध्यक्ष सिम्देलमाथि मञ्जु लामाले हातपात गरेकी हुन् । उनी काभ्रेको रोशी गाउँपालिकाकी निर्माण व्यवसायी भएको प्रहरीले जनाएको छ । सडक निर्माणको ढिलासुस्तीलाई लिएर विवाद हुँदा लामाले भिडियो खिच्न खोज्दा आफूले नदिएको विषयलाई लिएर आफूमाथि आक्रमण भएको सिम्देलले बताए । वडाध्यक्ष सिम्देलमाथि कुटपिट गर्ने महिला जिल्ला प्रहरी कार्यालय मकवानपुरको नियन्त्रणमा रहेको मकवानपुर प्रहरी प्रवक्ता डिएसपी श्यामु अर्यालले बताए । बिहीबारको घटनापछि सडक निर्माण कार्य रोकिएको छ । वडा कार्यालयले शुक्रबारका लागि तय भएका सम्पूर्ण कार्यक्रम स्थगित गरेको जनाएको छ ।

उपनिर्वाचनको तयारीमा रास्वपा र राप्रपा

काठमाडौं/ राष्ट्रिय स्वतन्त्र पार्टीले रुपन्देही ३ मा हुन लागेको उपनिर्वाचनमा सक्षम उम्मेदवार छनोट गर्ने जनाएको छ । बिहीबार बसेको केन्द्रीय सचिवालय बैठकले पार्टीका तर्फबाट योग्य उम्मेदवार छनोट गर्न सचिवालय बैठकमा उम्मेदवार छनोट विधि पेस भएको र व्यापक छलफल भएको प्रवक्ता मनीष झाले बताए । बैठकमा प्राप्त सुझावसमेतलाई समेटेर आगामी आइतबार हुने सचिवालय बैठकमा उम्मेदवार छनोट कार्यविधि अनुमोदनका लागि प्रस्तुत गर्ने निर्णय भएको उनले बताए ।

'पार्टीले रुपन्देही ३ मा त्यहाँको आमनागरिक, पार्टी शुभेच्छुकसमेतको चाहनाअनुसार छनोट विधिमार्फत योग्य, सक्षम उम्मेदवार प्रस्तुत गर्ने प्रतिबद्धता व्यक्त गर्दछ,' उनले भने ।

रास्वपाले भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन आयोग गठन नभएसम्म संसद्मा जारी प्रतिरोध कायमै राख्ने निर्णय गरेको छ । बैठकले उच्चस्तरीय छानबिन आयोग गठन र गृहमन्त्री रमेश लेखकको राजीनामा नआएसम्म संसद्मा प्रतिरोध कायमै राख्ने निर्णय गरेको हो । 'भिजिट भिसा प्रकरणमा उच्चस्तरीय छानबिन आयोग बनाउनुपर्ने र छानबिनका लागि सहजीकरणका लागि गृहमन्त्रीले राजीनामा दिनुपर्ने विषयमा राष्ट्रिय स्वतन्त्र पार्टीले लिएको अडानबारे छलफल गरियो र पार्टीको अडान कायम राखी संसद्मा यस विषयमा भइरहेको प्रतिरोध कायम राख्ने,' प्रवक्ता मनीष झाले जारी गरेको विज्ञप्तिमा छ ।

■ निर्वाचन परिचालन कमिटी गठन

राप्रपाले रुपन्देही ३ मा हुने उपनिर्वाचनका लागि चुनावी तयारी अगाडि बढाएको छ । केन्द्रीय कार्यसम्पादन समितिको बिहीबारको बैठकले चुनावलाई परिणामुखी बनाउन परिचालन समिति बनाउनुका साथै उम्मेदवार छनोट प्रक्रिया अगाडि बढाउने निर्णय गरेको छ । बैठकपछि पार्टी प्रवक्ता मोहनकुमार श्रेष्ठले उपचुनावको तयारीको सिलसिलामा भएका निर्णय जानकारी गराए । उनका अनुसार उपनिर्वाचनका लागि उम्मेदवारको प्रारम्भिक सूची तयार पारी असार मसान्तसम्म केन्द्रमा पठाउन जिल्लालाई निर्देश गर्नुका साथै आवश्यक तयारी थाल्न जिल्ला, क्षेत्र र सबै कमिटीलाई अनुरोध गरिएको छ ।

खुला विश्वविद्यालयका विद्यार्थीलाई सर्वोच्चको राहत

काठमाडौं/ खुला विश्वविद्यालयबाट कानुन विषयमा स्नातक (एलएलबी) पास गरेकाहरूले अब अधिवक्ताको लाइसेन्स परीक्षामा सहभागी हुन पाउने भएका छन् । सर्वोच्च अदालतले बिहीबार सो परीक्षामा सहभागी गराउन भन्दै अन्तरिम आदेश जारी गरेको हो ।

खुला विश्वविद्यालयबाट एलएलबी गरेका विद्यार्थीलाई नेपाल बार काउन्सिलले रोक लगाएपछि दीपक शाहले नेपाल कानुन व्यवसायी परिषद्लाई विपक्षी बनाउँदै रिट दायर गरेका थिए । सो रिटमाथि न्यायाधीशद्वय तिलप्रसाद श्रेष्ठ र कुमार रेग्मीको संयुक्त इजलासले बिहीबार सहभागी हुन दिनुपर्ने आदेश दिएको हो । काउन्सिलले गत २५ जेठमा खुला विश्वविद्यालयका विद्यार्थीलाई लाइसेन्स परीक्षाको फारम भर्न नमिल्ने भन्दै सूचना जारी गरेको थियो । सरकारकै विश्वविद्यालयविरुद्ध काउन्सिलले सूचना जारी गरेपछि यो विषय चर्किएको थियो । यसअघि पनि सर्वोच्चको आदेशपछि खुला विश्वविद्यालयका विद्यार्थीहरू लाइसेन्सको परीक्षामा सामेल हुन पाएका थिए ।

डेटिङ एप प्रयोग गरी नेपाली भूमिमार्फत भारतीयलक्षित चिनियाँ नागरिकको 'स्क्याम'

सामान्यदेखि जघन्य प्रकृतिको अपराधसँग सम्बन्धित घटनामा चिनियाँ नागरिकको संलग्नता बढ्दो

टेकराज थामी/नयाँ पत्रिका

चिनियाँ नागरिकले डेटिङ एपमार्फत भारतीय नागरिकविरुद्ध 'स्क्याम' गर्न नेपाली युवती र भूमि प्रयोग गरेको खुलेको छ । यसका लागि उनीहरूले 'मी टू' नामको डेटिङ एप नै विकास गरेका थिए । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले ६ चिनियाँ नागरिकसहित ४६ नेपाली युवती पक्राउ गरेपछि यो तथ्य सार्वजनिक भएको हो ।

बिजनेस भिसामा नेपाल आएका उनीहरूले डेटिङ एप चीनमै विकास गरेका थिए । नेपाली भूमिबाट भारतीय नागरिक ठग्न सजिलो हुने देखिएपछि उनीहरू नेपाल आएका थिए । र, कम्पनी रजिस्ट्रारको कार्यालयमा पुगेर कम्पनी दर्ता गरेका थिए । सिआइबी प्रवक्ता एसपी युवराज खड्काले ठगी गर्न चिनियाँ नागरिकले आफ्नै नाममा कम्पनी खडा गरेको बताए । 'चिनियाँ नागरिकले ठगी गर्ने उद्देश्यले एप विकास गरेको देखिन्छ । कम्पनी रजिस्ट्रारको कार्यालयमा उनीहरूको आफ्नै नाममा कम्पनी दर्ता भएको रहेछ । घटना सम्बन्धमा अनुसन्धान भइरहेको छ,' उनले भने ।

सिआइबीका अनुसार उनीहरूको नाममा दर्ता भएको कम्पनी सोसियल सफ्टवेयर डेभलपमेन्ट कम्पनी प्रालि हो । गत २ माघमा दर्ता सोही कम्पनीको नाममा उनीहरूले ललितपुर महानगरपालिका- ४ वालिफल दमकल चोकस्थित सिंगै घर भाडामा लिएका थिए । शाखा कार्यालय भने काठमाडौं महानगरपालिका- १३ नागलमा खोलेका थिए । दुवै कार्यालयमा उनीहरूले अत्याधुनिक कल सेन्टर स्थापना गरेका थिए । कल सेन्टरमा काम गर्ने सबै युवती नेपाली भर्ती गरेका थिए । र, एपमार्फत सम्पर्कमा आएका भारतीय नागरिकलाई ठगी गर्न थाले ।



● **प्रवक्ता एसपी युवराज खड्का**, सिआइबी

चिनियाँ नागरिकले ठगी गर्ने उद्देश्यले एप विकास गरेको देखिन्छ । कम्पनी रजिस्ट्रारको कार्यालयमा उनीहरूको आफ्नै नाममा कम्पनी दर्ता भएको रहेछ । घटना सम्बन्धमा अनुसन्धान भइरहेको छ ।

सिआइबी प्रवक्ता एसपी खड्काले दुवै कार्यालयमा गरी हालसम्म ४६ युवती कार्यरत रहेको खुलेको बताए । उनीहरूविरुद्ध पनि अनुसन्धान जारी रहेको बताउँदै उनले भने, 'यिनीहरूले आफ्नै नाममा कम्पनी दर्ता गरे । सोही कम्पनीको नाममा दुई ठाउँमा कार्यालय खोले । दुवै कार्यालयमा व्यवस्थित कल सेन्टर स्थापना गरे । नेपाली युवती भर्ना गरे । र, तिनै युवती प्रयोग गरी भारतीय नागरिक ठग्न थाले ।'

सिआइबीका अनुसार उनीहरूले विकास गरेको 'मी टू' नामको एप नेपालमा खुल्दैन । र, नेपालीलाई प्रयोग गर्न बन्देज छ । भारतको भने जुनसुकै क्षेत्रबाट उक्त एप प्रयोग गर्न सकिन्छ । र, एपमार्फत ठगिनेहरू पनि भारतीय नागरिक नै छन् । त्यसैले यो एप भारतीय नागरिकलाई नै ठग्ने उद्देश्यले बनाइएको सिआइबीको दाबी छ ।

'चिनियाँले प्रयोगमा ल्याएको एप नेपालमा खुल्दैन । भारतमा भने जुनसुकै ठाउँबाट खुल्छ । त्यसो हुँदा ठगिनेहरू स्वाभाविक रूपमा भारतीय नै हुने भए । जसमा नेपाली भूमि मात्र होइन, नेपाली युवती प्रयोग भएको देखियो । घटना गम्भीर देखिएपछि अपरेसन गऱ्यौं । नभन्दै ६ चिनियाँ नागरिक र ४६ नेपाली युवती पक्राउ परे,' सिआइबी प्रमुख एआइजी चन्द्रकुवेर खापुडले भने ।

पक्राउ पर्नेमा चिनियाँ नागरिकमा २९ वर्षीय झाङ लु, २७ वर्षीय चे झिआओ, ४१ वर्षीय लिन दे, ३२ वर्षीय झु झेङ, ३० वर्षीय ली झेजुन र ३३ वर्षीय झु लिङघुआ छन् । सिआइबीले उनीहरूलाई बुधबार काठमाडौं र ललितपुरको विभिन्न ठाउँबाट पक्राउ गरेको हो । उनीहरूको साथबाट स्रोत नखुलेको १३ लाख ९९ हजार ९५० रुपैयाँ पनि बरामद भएको छ ।

■ यसरी हुन्थ्यो एपमार्फत ठगी

चिनियाँ नागरिकले बनाएको एप भारतको जुनसुकै ठाउँबाट प्रयोग गर्न सकिन्छ । त्यसका लागि डेटिङ एप मोबाइलमा डाउनलोड गर्नुपर्छ । एपभित्र प्रवेश गर्न चाहनेका लागि शुल्क तोकिएको हुन्छ । शुल्क क्रेडिट कार्डमार्फत भुक्तानी गर्नुपर्छ । इन्ट्री शुल्क तिरेपछि सिधै कल सेन्टर नामको अप्सनभित्र प्रवेश गर्न सकिन्छ । कल सेन्टर अप्सनमा अर्धनग्न फोटसहितका विभिन्न नेपाली युवती सिनमा हुन्छन् । प्रयोगकर्ताले सिनमा रहेका आकर्षक युवती एपमार्फत नै छनोट गर्न सक्छ । छनोटलगत्तै शुल्क भुक्तानी गर्न अर्को अप्सन आउँछ । शुल्क भुक्तानीपछि एप रिचार्ज हुन्छ । र, प्रयोगकर्ताले युवतीसँग श्लील, अश्लील जुन तवरको गफ गर्न सक्छन् । प्रयोगकर्ताले जति धेरै शुल्क भुक्तानी गर्छ, उति धेरै समय युवतीसँग गफिन सक्छ ।



डा. कोइरालाको प्रश्न : कांग्रेसभित्रको मौन विस्फोट

संविधानका छिद्रहरू खोजेर कार्यकाल लम्ब्याउने प्रयास गरियो भने त्यो कांग्रेसको नैतिक अन्त्यको संकेत हुनेछ



● देवराज चालिसे

अग्रलेख

कुनै पनि पुरानो आदर्शवादी पार्टीको खल्तीमा यति धेरै मौन विस्फोट थुप्रिएका हुन्छन् कि जब तिनको आवाज बाहिर आउँछ, त्यो घनघोर मौनताको वज्रपातजस्तै लाग्छ- एकैपटक चेतना झस्काउने, अन्तरात्मा हल्लाउने र संगठनको आत्मा खोज्न विवश बनाउने। कांग्रेस केन्द्रीय समिति बैठकमा डा. शेखर कोइरालाद्वारा उठाइएका प्रश्न पनि यस्तै विस्फोट हुन्- शब्दमा शालीन, तर चेतनामा क्रान्तिकारी।

कोइरालाका प्रश्नले कांग्रेसको वर्तमान संकट केवल सत्ता-संघर्षको विषय होइन, यो विचारको संकट हो भन्ने देखाएको छ। विचारहीनता र सिद्धान्तहीनता पार्टीभित्र यति गहिरो छ कि त्यो केवल नेतृत्व बदल्नमा मात्र सीमित छैन, यो अब संस्था पुनः निर्माणको प्रश्न बनिसकेको छ।

फेरि प्रसंग आउँछ संविधानको, किनकि दलहरू यसैद्वारा चल्छन्। यसका गुण र दोष आफ्नै ठाउँमा छन्, तर तिनको छाया दलको आचरणसम्म पुगेको छ। कतिपय विषयले सुधारको मार्ग खोजेको छ र संशोधनको अनिवार्यतामा पुगेको छ। राजनीतिक अस्थिरताको स्रोत निर्वाचन प्रणाली हो भनिएको छ, तर अर्को कारण नेतृत्वको आचरण पनि हो। यो कुरा नेतृत्व सुन्न तयार छैन, यही फ्युजन हो 'गठबन्धन संस्कृति'।

देशको राजनीतिमा 'गठबन्धन' भन्ने शब्दले अब सिद्धान्तभन्दा सत्तालाई बुझाउँछ, विचारभन्दा अवसरलाई। ०७९ को निर्वाचनमा कांग्रेस माओवादीसँग काँधमा काँध मिलाएर उभियो, त्यसलाई धेरैले 'लोकतान्त्रिक गणतन्त्रको रक्षा' भन्न खोजे। तर, यही पार्टीले केही महिनापछि एमालेसँग सत्ता साझेदारी गर्दा त्यही लोकतान्त्रिक आत्मा कुन कुनामा गुम्सिएर बस्यो, त्यसको उत्तर कसैले खोजेन। संसद्का प्रतिस्पर्धी दुई ठुला दलले सामान्य दैनन्दिन प्रशासन सञ्चालनका लागि गठबन्धन गर्नुपर्ने औचित्य स्वीकार्य मान्न सकिँदैन। त्यसबाहेकका गहन विषयमा सरकार आफैँ अग्रसर छैन। सायद कांग्रेसको नेतृत्वमा सरकार बनेको भए संविधान संशोधनको विषयमा सर्वपक्षीय सहमति बन्न सक्थ्यो होला। सम्भवतः यही बुझाइमा पछिल्लो गठबन्धनप्रति कोइरालाको प्रश्न थियो।

यो केवल दलीय नीतिको व्याख्या थिएन, त्यो नेतृत्वको नांगो उत्तरदायित्वमाथिको सीधा आघात थियो- यो प्रश्नको उत्तर न पंक्तिमा बस्ने पदाधिकारीसँग रहेको छ, न मौनतामै रणनीति खोज्ने अन्य नेतृत्वसँग।


त्यसैले, संशोधनको नाममा गरिएको पछिल्लो गठबन्धन, जहाँ सातबुँदे सहमति लेखिएको थियो, त्यो सहमति कुन गल्लीमा हरायो ? सहमति लेखिएको कागज थन्किएको सन्दुक कुन कुनामा पुरियो ? सबैको बुझाइ यही नै हो र शेखरले यसलाई प्रकट मात्र गरेका हुन्। नेताहरूलाई आफ्नै शब्दको स्मरण छैन भने जनतालाई सम्झन बाध्य बनाउनु अनैतिक हुनेछ।

आजको कांग्रेस बिपी प्रशिक्षित कांग्रेस रहेन। कम्युनिस्टप्रति बिपीको बुझाइ अहिलेका कांग्रेसीको सत्तारोहणका लागि बाधक ठानिन्छ। आज बिपीको सालिकप्रति अनास्था प्रदर्शन गर्ने कांग्रेस मात्र होइन, स्वयं बिपीको विचारधारालाई चुनौती दिने कांग्रेस नै केन्द्रीय समितिमा विराजमान छन्। कांग्रेसभित्र कांग्रेसको शुद्धता खोज्नुपर्ने विवशतामा स्वयं कांग्रेसीजन छन्। शेखर कोइरालाले उठाएको प्रसंग थियो, बिपी कोइरालाको सालिक अनावरणसम्बन्धी। यो विषय धेरैका लागि 'सांकेतिक' जस्तो लागे पनि त्यो कांग्रेस आत्माको जाँचको घडी थियो। बिपीलाई सम्झनेहरू रोकिए, बहिष्कार गराइयो। पार्टीको अमुक नेताप्रति असहमति हुन सक्छ, तर आदर्शमाथि असहमति प्रकट गर्ने साहस कसरी आयो ? पार्टीको मूल विचार र संस्थापक नेताको सम्मानमाथि अनास्था र राजनीतिक आक्रमण हुनु भनेको वैचारिक भ्रष्टाचार नभए के हो ?

कांग्रेसको नेतृत्व संरचना यति जटिल बन्दै गएको छ कि न कसैले समय दिन सक्छ, न जवाफ। एक व्यक्तिले अनेक पद सम्हाल्नु सामान्य भएको छ। पदहरू काम र जिम्मेवारीमा होइन, आसन र भाषणमा व्यस्त छन्। कोही कार्यकर्ता बन्न तयार छैनन्, सबै नेता बन्न आतुर छन्। सामाजिक सञ्जाल लोकप्रियता मापन गर्ने थलो बनेको छ। पार्टीका नाममा अदृश्य कोठाबाट खोलिएका अनधिकृत फेसबुक पेज मन नपरेका नेताको हुर्मत लिने काममा प्रयोग भएका छन्।

भ्रातृ संस्थालाई स्वतन्त्र, गतिशील र लोकतान्त्रिक बनाउनुको सट्टा शीर्ष नेताले आफूअनुकूल कार्यकर्ता उत्पादन गर्ने मेसिन बनाएका छन्। नेविसंघ, तरुण दल, महिला संघ, दलित संघ- यी सबै संगठन अहिले कांग्रेसको गहना होइन, बोझ बन्न थालेका छन्। अनशनरत तरुण दल, प्रदर्शनरत नेविसंघ, अस्तित्वमै संकटमा परेका महिला संघ र दलित संघको जिल्ला विघटन- यी सबैले एकै सन्देश दिन्छन्, 'हामी केवल नाममा संस्था हौँ।' न अधिवेशन, न गतिशीलता, मात्र विधानविपरीत जम्बो कमिटी। यसरी नै संस्था चलेका छन्। शुभेच्छुक संस्थाहरूको हालत पनि त्यस्तै छ।

गम्भीर प्रश्न अनुशासन समितिको संरचना र प्रयोगको पनि हो। पार्टीभित्र अनुशासन भनेको केवल टाउको काट्ने तरबार होइन, त्यो समान न्यायको तराजु हो। तर, आज त्यो तराजु कुन गुटको वजन हेरेर झुकेको छ- प्रश्न यहीँ छ। एउटै प्रकृतिको विषयमा कसैलाई सचेत गराइन्छ भने कसैलाई निलम्बन। यो अनुशासन हो कि आड र पक्षको व्यवस्थापन ? पार्टीभित्रको अनुशासन जब गुटमा मापन हुन्छ, तब संगठन कमजोर हुन्छ, नेतृत्व अराजक बन्छ र कार्यकर्ता झुन्डझैँ प्रयोग हुन्छन्। पर्सामा गठबन्धनका नाममा लोसपालाई



टिकट दिइयो, महोत्तरीमा दिइएको टिकट खोसियो, कास्की, बागलुङ जतातत‌ै तोकी-तोकी विरोधीलाई पन्छाउन अन्य पार्टीले माग्दै नमागेको सिट गठबन्धनका नाममा थमाइयो। यी सबै राजनीतिक निर्णयका पछाडि रणनीति थियो कि केवल गुटगत साटासाट ?

किन कांग्रेसले आफ्नै भित्री मूल्य-मान्यताको विघटन गरिरहेको छ ? यो कस्तो विचारवाद हो ? कस्तो राजनीतिक आचरण हो ? के अब कांग्रेस केही व्यक्तिको सत्ताको स्वार्थमा अरू पार्टीको प्रचार संयन्त्र बन्न पुगेको हो ? गम्भीर प्रश्न यहीँ रोकिँदैनन्। १० वर्षको क्रियाशील अवधि नपुगेका व्यक्ति मात्र होइन, क्षेत्रीय अध्यक्ष वा तल्लो निकायमा पराजित भएकासमेत केन्द्रमा उक्लिए। ती प्रश्न केवल व्यक्तिगत पीडा होइनन्, ती त संस्थागत विफलताको नांगो दस्तावेज हुन्। जब कुनै व्यक्तिले संस्थामा समर्पण गर्छ, त्यहाँको प्रक्रिया, न्याय, उत्तरदायित्वप्रति विश्वास गर्छ, त्यही व्यक्ति जब बारम्बार उपेक्षित हुन्छ, त्यहाँ विद्रोह होइन, आत्मा चिच्याउँछ।

कांग्रेस आज क्रान्तिकारी चेतनाको खोजीमा होइन, गुटगत सन्तुलनको जालमा बाँधिएको छ। नेतृत्व संयमित देखिन्छ, तर त्यो संयम चुपचाप कुहिने वृक्षजस्तो लाग्छ। न यसमा नयाँ पालुवा पलाउँछन्, न पुराना पात झर्छन्, सिर्जनात्मक सडन भनेको यही हो।

कोइरालाको त्यो सम्बोधन एउटा अन्तिम चेतावनी पनि हो। त्यो सम्बोधन सभालाई होइन, समयलाई सम्बोधन गरिएको दस्तावेज हो। त्यहाँ उठाइएका प्रश्नको उत्तर मौनताले होइन, कार्यक्रम, विचार र संस्थाले दिनुपर्छ। यी प्रश्न अनुत्तरित रहेमा ०८२ मंसिर कटेपछि हुने महाधिवेशन केवल मतदानको प्रक्रिया हुनेछ, अनि विचारको शोकसभा पनि। कोइरालाका प्रश्नको मूल्य त्यतिवेला झन् बढ्छ, जब उत्तर दिनुपर्नेहरू मौन बस्छन् र यो आश्चर्यजनक हुनेछैन।

०८२ मंसिरभित्र सम्पन्न हुनुपर्ने महाधिवेशन किन गर्न खोजिएको छैन ? यसको अन्तर्यमा सभापतिको चिरप्रतीक्षित प्रधानमन्त्रीको कुर्सी र समय लम्ब्याउने मनसाय मात्र कारण हुन सक्दैन। यसमा पदाधिकारीको मौनता पनि सहयोगी बनेका छन्। नयाँ अधिवेशनको परिणामले को पदाधिकारी रहला वा नरहला, तर यो हैसियत प्राप्त हुने कुनै ग्यारेन्टी छैन।

> कांग्रेस आज क्रान्तिकारी चेतनाको खोजीमा होइन, गुटगत सन्तुलनको जालमा बाँधिएको छ। नेतृत्व संयमित देखिन्छ, तर त्यो संयम चुपचाप कुहिने वृक्षजस्तो लाग्छ। न यसमा नयाँ पालुवा पलाउँछन्, न पुराना पात नै झर्छन्।

क्रियाशील सदस्यता नवीकरण अधिवेशनको प्रारम्भिक कार्य हो। यसमा देखिएको ढिलाइलाई प्राविधिक मात्र मान्न सकिँदैन। यसैबिच देशभर भ्रमण र भाषण, सभा र समारोह चलेकै छन्। वक्तृत्वकला चलेकै छ, तर पार्टी चलायमान छैन। कार्यक्रमको ब्यानर फेरिए पनि, वक्ता र श्रोता दोहोरिएका छन्। समस्या पार्टीको आन्तरिक जीवनलाई कसरी व्यवस्थित गर्ने भन्नेमा रहेको हो, तर विषय उठाइन्छ शासकीय स्वरूपको। कुन विषय कहाँ उठ्नुपर्ने हो, कसले उठाउने हो, र कहिले उठ्ने हो, यसको कुनै लेखाजोखा छैन।

समग्रमा पार्टीभित्र संस्थागत रूपमा समस्याको गहिराइमा पुग्ने न चिन्तन हुन्छ, न प्रयास। केही वर्षअघिको 'डिजिटाइज्ड कांग्रेस' बनाउने उद्घोष कहाँ हरायो, अत्तोपत्तो छैन। आमकार्यकर्ताका दृष्टिमा महाधिवेशन केवल नेतृत्व बदल्ने चुनावी प्रक्रिया मात्र होइन, यो आत्मपरीक्षण, नीति संशोधन र सांगठनिक पुनः नवीकरणको अवसर पनि हो। महाधिवेशन पार्टी जीवनको पुनरावलोकन गर्ने समय हो। यदि नेतृत्वले यसलाई ढिलाइ गर्ने हो भने कांग्रेसले समयमै संस्थागत शुद्धीकरणको अवसर गुमाउनेछ र सत्ताभोगी संयन्त्रको बन्दी बन्नेछ। विशेषगरी, अझ संविधानका छिद्र खोजेर कार्यकाल लम्ब्याउने प्रयास भए भने त्यो कांग्रेसको नैतिक अन्त्यको संकेत हुनेछ। त्यसैले, १५औँ महाधिवेशन तोकिएको समयमै सम्पन्न हुनुपर्ने प्रश्न सन्देह होइन- पार्टीको संरचना, सिद्धान्त र ऐतिहासिक मूल्यप्रति चिन्ताको स्वर हो। यसमा भिन्न मत राख्नुपर्ने कारण छैन।

यो सत्ता र नेतृत्वको जवाफदेहितामाथिको प्रश्न हो। पार्टीको अधिवेशन शेखरका निम्ति मात्र आवश्यक होइन, यथार्थमा कांग्रेसको वर्तमान संकटले अधिवेशनमार्फत पुनर्जागरणको वैचारिक मार्ग खोजेको छ र यसको नेतृत्व गर्ने साहस मात्र डा. कोइरालाले गरेका हुन्।

कांग्रेसका पछिल्ला बैठकमा अब विचारको सुगन्धभन्दा प्रभाव र पहुँचको गन्ध बढी महसुस हुन थालेको छ। पार्टीको नेतृत्व तहमा व्यापारिक पृष्ठभूमिबाट आएका केही व्यक्ति, जसको राजनीतिक प्रतिबद्धताभन्दा बढी व्यक्तिगत प्रभाव र अवसरवादमा भरोसा छ, तिनीहरू आज पार्टीकै वैचारिक मेरुदण्ड मानिने नेतालाई आलोचनाको निसानामा पारिरहेका छन्। यो प्रवृत्ति केवल राजनीतिक भूल होइन, यो कांग्रेसको ऐतिहासिक संस्कार, आदर्श र मूल्यको खुला अपमान हो।

डा. कोइराला केवल बिपीका वंशज होइनन्, उनी बिपी विचारधाराका संवाहक पनि हुन्। एक यस्तो नेता, जसले मौनताले ढाकिएको पार्टीको आत्मालाई झक्झक्याउने साहस गरेका छन्, पार्टीको चेतनालाई ब्युँताउने अभिव्यक्ति दिएका छन्। त्यस्ता नेतामाथि पार्टीभित्रै गैरराजनीतिक पृष्ठभूमिका व्यक्तिबाट आलोचना, अपमान र धम्की आइरहनु केवल व्यक्तिगत अनैतिकता होइन, यो संस्था र विचार दुवैप्रति गरिएको गम्भीर उपेक्षा हो। यो प्रवृत्तिले के देखाउँछ भने कांग्रेसभित्र आज विचारको होइन, पैसा र पहुँचको वर्चस्व बढेको छ। यस्तो वातावरणमा बिपीका आदर्श मात्र ओझेलमा पर्दैनन्, ती आदर्शको जगेर्ना गर्नेहरू नै हेला र हमलाको सिकार हुन्छन्। के यही हो कांग्रेसको ऐतिहासिक शालीनता र लोकतान्त्रिक संस्कार ?

जब पार्टीका वैचारिक पहरेदारलाई विचारशून्य धनकुबेरहरूले प्रहार गर्छन्, त्यो कांग्रेसको आत्मामाथिको चोट हो। के अब कांग्रेसभित्र नेतृत्वको मूल्य आँट, निष्ठा र वैचारिक स्पष्टताले नापिनेछैन ? के त्यसको ठाउँ अहिले पहुँच, पैसाको बल र चाकरी संस्कृतिले लिने हो ?

यी प्रश्न केवल भावनात्मक प्रतिक्रिया होइनन्, यी चेतावनी हुन्। कांग्रेसको मूल आत्मालाई बाँच्न दिने कि मर्न दिने भन्ने प्रश्न आज पार्टीभित्र उठेको छ। यस्तो अवस्थामा सत्य बोल्नेलाई एक्लो बनाइन्छ भने त्यो पार्टीको पतनको मार्ग हो, पुनर्जागरणको होइन।

त्यसैले, कांग्रेसभित्र सत्यको रक्षा गर्नु, विचारको संरक्षण गर्नु र वैचारिक नेतालाई सम्मान गर्नु केवल राजनीतिक मर्यादा होइन, संस्थागत अस्तित्वको सर्त हो। कांग्रेस विचारबाट टाढिएको अर्थमा शक्तिमा पुग्छ भने त्यो सफलता होइन, आत्मघात हुनेछ।

(चालिसे कांग्रेस महासमिति सदस्य हुन्)

---

३ प्रश्न

राजनीतिक विश्लेषक **श्याम श्रेष्ठलाई**



एमाले महासचिवले पार्टीभित्र नेतृत्वको बहस पूर्णतः रोक्नुपर्छ भनी दिएको निर्देशनले के संकेत गर्छ ?

यो सब बुढेसकालसम्म पनि पार्टी आफ्नै कब्जामा रहनुपर्छ भन्ने सोच भएका नेताहरूको छटपटीको संकेत हो। उनीहरू पार्टी विधानमा रहेको ७० वर्ष र दुई कार्यकालको प्रावधान संशोधन गरेरै भए पनि आफैँ पार्टी सत्तामा स्थापित भइरहने दाउमा देखिन्छन्। कसैले नेतृत्वमा दाबी गर्ला, आवाज उठाउला, कार्यकर्तामा प्रभाव पार्ला र आफूले खाइपाइ आएको भाग खोसिएला भनेर यस्तो निषेधको राजनीतिले रोक्न खोजिएको हो। एकातिर नेतृत्वको नयाँ बहस रोक्ने र अर्कातिर ७० वर्षे प्रावधान हटाउने खेलले पुरानो नेतृत्व आफ्नो सत्ताबाट ओर्लिन तयार छैन र आफूलाई चुनौती दिने जोकोहीमाथि अनुशासनको डन्डा बर्साउन तयार छ भन्ने देखिन्छ।

दलभित्र स्वस्थ बहसलाई समेत निषेध गर्नुले लोकतान्त्रिक दलको स्वास्थ्यमा कस्तो असर पार्ला ?

स्वस्थ बहसमाथिको निषेधले लोकतान्त्रिक दलको स्वास्थ्यमा गम्भीर असर पार्छ। आन्तरिक बहस भएमा मात्र कुनै दल जीवन्त रहन्छ। दल जीवन्त रहेमा मात्र ऊप्रति नयाँनयाँ मानिसको आकर्षण बढ्छ। यसैबाट नयाँनयाँ नेतृत्व अगाडि आउने बाटो पनि खुला हुन्छ। तर, यस्तो लोकतान्त्रिक विधिमा निषेधको डन्डा चलाउन थालियो भने पार्टीभित्र तानासाही हाबी हुन्छ, दल थप कमजोर बन्न पुग्छ।

पूर्वराष्ट्रपति विद्या भण्डारीको राजनीतिमा पुनरागमनले वर्तमान नेतृत्व तर्सेको त होइन ?

एमालेको नेतृत्वमा रहनेहरूका गतिविधि देख्दा उनीहरू पूर्वराष्ट्रपति भण्डारीको राजनीतिक पुनरागमनबाट तर्सेकै देखिन्छ। नयाँ नेतृत्वले आफूहरूलाई विस्थापित गर्ला भन्ने चिन्ताबाट उनीहरू ग्रस्त देखिन्छन्। भण्डारीको आगमनबाट आफूहरूको सत्तामा असर पर्ला भनेर उनीहरूमा छटपटी बढेको देखिन्छ।

प्रेरक प्रसंग

शुभचिन्तकलाई खेलाडीको प्रश्न

पूर्वविश्व नम्बर १ टेनिस खेलाडी आर्थर एस (१० जुलाई, १९४३ - ६ फेब्रुअरी, १९९३), त्यस्ता अश्वेत पुरुष खेलाडी हुन्, जसले विम्बल्डन, अस्ट्रेलियन ओपन र युएस ओपनको उपाधिमाथि कब्जा जमाएका थिए। सानदार टेनिस करियरपछि उनको जीवनमा यस्तो भयानक मोड पनि आयो, जसमा उनी एचआइभी एड्सजस्तो प्राणघातक रोगका सिकार भए। एक शल्यक्रियाका क्रममा भूलवश संक्रमितको रगत चढाइँदा उनी यस्तो रोगको सिकार भएका थिए। आर्थर एस एड्ससित जुधिरहेको समयमा विश्वका कुनाकुनाबाट उनलाई सहनुभूतियुक्त पत्र आइरहन्थे। अस्पतालको बेडमा उपचाररत रहँदा एस ती पत्र पढ्थे र सम्भव भएसम्म जवाफ पनि पठाउँथे। एकपटक यस्तै एउटा पत्र एसको हातमा पर्‍यो। एक शुभचिन्तकले पत्रमा लेखेका थिए- तपाईंजस्ता महान् खेलाडीको यो अवस्थाबारे सुन्दा मलाई निकै दुःख लागेको छ। म जहिल्यै तपाईंको सुस्वास्थ्यका लागि भगवान्सित प्रार्थना गरिरहेको हुनेछु। के तपाईंले कहिल्यै भगवान्सित यो प्रश्न गर्नुभएको छैन- भगवान्, यो घातक रोगका लागि म नै किन ?



पत्र पढेपछि एस एकछिन गम्भीर भए र पत्रको उत्तर लेखे- विश्वमा पाँच करोडभन्दा बढी बालबालिकाले टेनिस खेल्न सुरु गर्छन्। उनीहरूमध्ये पाँच लाखजति मात्र व्यावसायिक रूपमा टेनिस सिक्न सफल हुन्छन्। तीमध्ये पचास हजार मात्र टेनिस जगत्मा आउन सफल हुन्छन्। तीमध्ये पाँच हजारले मात्र ग्रान्ड स्लाम खेल्ने मौका पाउँछन्। ती ग्रान्ड स्लाम खेल्नेमध्ये ५० जना मात्र विम्बल्डनमा पुग्न सफल हुन्छन्। जसमध्ये चारजना मात्र त्यसको सेमिफाइनलमा र दुईजना मात्र फाइनलमा पुग्छन्। यति धेरै मानिसमध्ये विम्बल्डनको उपाधि जितेर ट्रफी उचाल्दै गर्दा जब मैले भगवान्सित 'म नै किन' भनेर सोधिनँ भने आज जब म समस्यामा छु, यतिखेर मैले भगवान्सित 'म नै किन' भनेर कसरी सोध्न सक्छु ?

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

के यही हो लोकतन्त्र ?

एमाले महासचिव शंकर पोखरेलले पार्टीको राष्ट्रिय महाधिवेशनको मिति निर्धारण नभइसकेको अवस्थामा नेतृत्वको बहस पूर्णतः रोक्नुपर्छ भनेर के भन्न खोजेका हुन् ? के एउटा जीवन्त पार्टीभित्र नयाँ नेतृत्वको बहसमाथि यसरी निषेध गर्न मिल्छ र ? नेतृत्वबारे माथिल्लो तहका नेतादेखि तल्लो तहका कार्यकर्तासम्म घनीभूत बहस हुन सकेमा मात्र पार्टीलाई हाँक्न सक्ने सक्षम व्यक्ति चुनिने माहोल सिर्जना हुन सक्छ, होइन र ? अनि, यस्तो गज्जबको अवसर सिर्जना हुन सक्ने सम्भावनाको अन्त्य गर्न एमाले नेतृत्व किन उद्यत् छ। आफूलाई लोकतान्त्रिक दल बताउने एमालेको यही हो त असली लोकतन्त्र ?

● **सुम्निमा कठायत**, मन्डिखाटार, काठमाडौं

सडकका खाल्डा नपुर्ने ?

खानेपानी, ढल र विद्युत्को प्रयोजनका लागि खनिएका हुँदाखाँदाका राजधानीका सडकमा यतिखेर बर्खाको भेलसँगै ठुल्ठुला खाडल देखिएका छन्। साथै, पानी पर्दा ती खाडल भरिएर दुईपांग्रे सवारी साधनका लागि अधिकांश भित्री सडकको यात्रा कष्टकर बनेको छ। बर्खा नलाग्दै पुरेर पिच पनि गरिसक्नुपर्ने ती सडकका खाल्डाखुल्डी दिनदिनै ठुला र गहिरा बन्दै गएका छन्। तिनलाई समयमै मर्मत गरिएन भने तिनले ठुला दुर्घटना निम्त्याउन सक्छन्, सचेत बनौँ।

● **सुविना कायस्थ**
अनामनगर, काठमाडौं

छानबिन समिति बनाऊ

प्रतिनिधिसभाबाट पारित विधेयकमा जालसाजी गरेर 'कुलिङ अफ पिरियड'को प्रावधान हटाइएको विषयमा छानबिन गर्न उच्चस्तरीय छानबिन समिति गठन गर्न सांसदहरूले माग गरेको समाचार पढियो। यो घटना सामान्य होइन। यो देश र जनताको भविष्यमाथि नै कुठाराघात गर्ने घटना हो। यसरी देशको कानुन बनाउने प्रक्रियामै धमिरा लाग्न थाल्यो भने भविष्यमा यिनले देशमा जस्तोसुकै जालझेल गर्न सक्छन्। त्यसैले, संसद्बाटै उच्चस्तरीय संसदीय छानबिन समिति अविलम्ब गठन गरियोस्।

● **प्रमिला महतरा**
धर्मस्थली, काठमाडौं

एमालेको हितमा को ?

मदन भण्डारी फाउन्डेसनद्वारा केही दिनअघि आयोजित एक कार्यक्रममा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले आफू एमालेको सक्रिय राजनीतिमा आउने घोषणा गरेपछि एमालेको केपी ओली गुटमा आठ रेक्टरको भुइँचालो गएको छ। ओली खेमाबाट भण्डारीलाई राजनीतिमा नआउन विभिन्न दबाब दिइएको सर्वविदितै। सोही कार्यक्रममा ओलीले एमालेलाई पटक-पटक विभाजन गर्न प्रयास भए पनि विभाजन गर्ने शक्तिहरू सबै मेटिएको बताउँदै कसैले त्यस्तो काम पुनः गर्न खोजे आफैँ समाप्त हुन्छन् भनेर विद्यालाई अप्रत्यक्ष धम्की पनि दिए।

जब भण्डारीले आफू राजनीतिमा सक्रिय हुने घोषणा गरिन्, हलमा ठुलो करतल ध्वनिले उनको स्वागत गरियो। भण्डारीलाई पाखा लगाउन ओलीलाई भीम रावल र धनश्याम भुसाललाई जस्तो सहज हुनेछैन। किनकि, भण्डारी धेरै एमाले नेतासँग समन्वय गर्न माहिर नेता रहेको एमालेकै नेतागण स्विकार्छन्। विगतमा पनि कुन नेतालाई कुन पद र अवसर दिने भन्ने निर्णय भण्डारीकै इसारामा हुने गरेको तथ्य आज पनि धेरै नेता स्विकार्छन्। यसैले एमालेको विधान र पूर्वराष्ट्रपति भण्डारी दुवै एमालेका शक्तिशाली अध्यक्ष ओलीको मुख्य चुनौती बनेर देखा परेका छन्। अझ एकपटक पार्टी अध्यक्ष बन्न चाहिरहेका ओलीलाई पार्टीको विधान र विद्या दुवैले बाधा दिइरहेका छन्। विधानमा ७० वर्ष र दुई कार्यकालको प्रावधान अद्यापि कायम छ। जसलाई संशोधन नगरी ओलीको मनसुवा पूरा हुन कठिन छ। यतिखेर एमालेजनले पार्टीहितका लागि को बढ्ता उपयुक्त हुन सक्छन्, मनन गर्न जरुरी छ।

● **गोपाल देवकोटा**, चाबहिल, काठमाडौं
gopaldevkota@gmail.com

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

मौजुदा लोकप्रियतावादमा मार्क्सवाद थप सान्दर्भिक

जब हामी ठुला प्रविधि कम्पनी, वित्तीय पुँजी र राज्यको घेराबन्दीलाई बुझ्ने प्रयास गर्छौं, मार्क्स थप सान्दर्भिक देखिन्छन्



देश / विदेश

● यानिस भारुफाकिस

हालै भेट भएकी एक युवतीले आफूलाई काल्पनिक 'राक्षसी दुष्टता' नभई राम्रो गर्न सक्ने क्षमता हुँदाहुँदै पनि मानवतालाई हानि पुर्‍याउने व्यक्ति वा संस्थाले बढी क्रुद्ध बनाउने बताएकी छिन्। यो सुन्दा मैले मार्क्सलाई सम्झिएँ। उनका अनुसार पुँजीवादको मूल दोष यसको शोषण नभई त्यसले मानिसलाई अमानवीय बनाउने र उसलाई आफ्नै श्रम एवं जीवनबाट अलग्याउने क्षमता हो भनेका छन्।

अघिल्ला सामाजिक प्रणाली पुँजीवादभन्दा बढी दमनकारी वा शोषणकारी हुन सक्छन्। तर, पुँजीवादअन्तर्गत मात्र मानिस आफ्नो उत्पादन र वातावरणबाट अलगिएका छन्, आफ्नो श्रमसँग अपरिचित भएका छन् र आफूले के सोच्ने र गर्ने भन्नेमा लाचार एवं निर्णयविहीन भएका छन्। अहिलेको प्रविधिमुखी-सामन्ती चरणमा पुँजीवादले हामीलाई कालिबान वा साइलकजस्ता एक्ला पात्रमा परिणत गरेको छ, जहाँ अत्याधुनिक उपकरणबिच बस्दा पनि जीवनको गुणस्तर खस्किँदो छ। यस साता म 'मार्क्सवाद २०२५' महोत्सवमा सहभागी हुँदै छु, र मलाई आजका युवामा देखिएको यो गहिरो अलगावको अनुभूति र यसलाई एल्गोरिदमिक रूपमा विकृत बनाउने प्रवृत्तिले उत्पन्न पंगुताले सताइरहेको छ। यिनै अवस्थामा मार्क्सका पुराना सल्लाह ओझेलमा परेका भए पनि अझै उपयोगी छन्।

पश्चिममा अल्पसंख्यकले मूलधार संस्कृतिमा घुलमिल हुनुपर्छ भन्ने सन्दर्भमा मार्क्सको प्रतिक्रिया उल्लेखनीय छ। २५ वर्षको उमेरमा उनले प्रशंसा गर्ने चिन्तक ओटो बाउरको पुस्तक पढेका थिए, जहाँ जर्मन यहुदीले नागरिकता पाउन यहुदी धर्म त्याग्नुपर्ने भनिएको थियो। धर्ममा रुचि नभए पनि मार्क्सले यो तर्कप्रति कडा आपत्ति जनाएर जसरी त्यसको खण्डन गरे, त्यो आज पनि प्रेरणादायक छ। 'राजनीतिक स्वतन्त्रताका आधारमा यहुदीले आफ्नो धर्म त्याग्नुपर्ने वा कुनै अन्य मानिसले आफ्नो धर्म त्याग्नुपर्छ भन्ने माग गर्न पाइन्छ त ? राज्यले यहुदीप्रति इसाई दृष्टिकोण अपनाउँछ भने त्यो राज्यको धर्मप्रचार हो, त्यसैगरी यहुदीले आफू यहुदी हुँ भनेर नागरिक अधिकारको माग गर्छ भने त्यो राजनीतिक कार्य हो' मार्क्सले लेखेका थिए।

मार्क्स यहाँ हामीलाई एउटा गहिरो पाठ सिकाइरहेका छन्, अर्थात् यहुदी, इस्लाम, इसाईलगायत जुनसुकै धर्ममा आस्था राख्नेको धार्मिक स्वतन्त्रताको समर्थन गर्न सकिन्छ। तर, धार्मिक स्वतन्त्रताको समर्थनले वर्गीय समाजमा राज्यले सबैको साझा हित प्रतिनिधित्व गर्छ भन्ने भ्रमलाई स्वीकार गर्नु भने होइन। निश्चित रूपमा यहुदी, इस्लाम वा अरू कुनै पनि धर्म मान्ने मानिसलाई (सो धर्म हामीले नमानौँ वा मन नपरोस्) धर्म अभ्यासको पूर्ण स्वतन्त्रता हुनुपर्छ। महिला, अश्वेत र लैंगिक एवं यौनिक अल्पसंख्यक व्यक्तिलाई कुनै पनि किसिमको समाजवादी क्रान्ति ल्याउनुअगावै समान अधिकार दिइनुपर्छ। तर, यत्तिले मात्रै स्वतन्त्रता भने आउँदैन।

आप्रवासी मजदुरले स्थानीय मजदुरको तलब घटाउँछन् भन्ने बहस आजका युवाका लागि पनि जटिल विषय हो। सन् १८७० मा मार्क्सले न्युयोर्कमा रहेका दुई सहयोगीलाई लेखेको पत्रमा अमेरिकी र बेलायती मालिकले सस्तो आइरिस मूलका श्रमिकको श्रम प्रयोग गरेर श्रमिकबिच फुट ल्याउँदै एकताको कमजोरी दोहन गरेका थिए भनेर उनले देखाएका थिए। र, मार्क्सका लागि समाधान आप्रवासीमाथि दोष थोपर्नु नभई बरु उनीहरूलाई पनि संगठित गर्नु थियो। मार्क्सले यदि समस्या ट्रेड युनियनको कमजोरी वा राज्यको खर्च कटौती हो भने दोष आप्रवासीलाई दिनु गलत हो पनि भनेका थिए। त्यसैगरी, उनले ट्रेड युनियनलाई केवल तलब वृद्धिमा सीमित नहुन भन्दै त्यस्तो प्रणाली परिवर्तन गर्न आग्रह गरे, जसले श्रमिक र स्वामित्वबिचको गहिरो विभाजन कायम राखेको छ।



तस्बिर : म्याथियास रिट्सेल/रोयटर्स

मार्क्सका शब्दमा भन्ने हो भने 'ट्रेड युनियनले पुँजीको अतिक्रमणविरुद्ध प्रतिरोध केन्द्रका रूपमा राम्रोसँग काम गर्छन्। तर, उनीहरू सामान्यतया असफल हुन्छन् किनभने यी युनियन विद्यमान प्रणालीका परिणामसँग मात्र 'गुरिल्ला युद्ध' गर्छन्, प्रणाली परिवर्तन गर्नेतर्फ अग्रसर हुँदैनन्।' तर, त्यो प्रणालीलाई केमा रूपान्तरण गर्ने ? यसको उत्तर हो, त्यस्तो नयाँ संरचनामा जहाँ कम्पनीको स्वामित्व 'एक कामदार, एक सेयर, एक मत'को सिद्धान्तमा आधारित हुन्छ। यस्तो विचारले अधिनायकवादको नियन्त्रण बाँधिन नचाहने, विशुद्ध नाफाखोर कम्पनीमा करारमा बस्न नचाहने युवालाई प्रेरित गर्छ। अन्त्यमा, मार्क्सको दृष्टिकोण आज झनै सान्दर्भिक लाग्छ, जब हामीले व्यहोरिरहेको आजको ठुला प्रविधि कम्पनी, ठुला वित्तीय पुँजी र राज्यको घेराबन्दी अर्थात् प्रविधि-सामन्तवादले कसरी काम गर्छ भनेर बुझ्ने कोसिस गर्छौं। यसलाई केवल 'सर्भेइलेन्स क्यापिटलिज्म' (निगरानी-आधारित पुँजीवाद) भनेर बुझ्नु पर्याप्त हुँदैन, यो त थप खतरनाक 'प्रविधि-सामन्तवाद' हो।

यसलाई मार्क्सले जसरी बुझ्न आवश्यक छ, अर्थात् स्मार्टफोन, ट्याब्लेटजस्ता उपकरणलाई केवल ग्याजेट नभई पुँजीको नयाँ रूप अर्थात् 'क्लाउड क्यापिटल'का रूपमा हेर्नुपर्छ। यो पुँजीले हाम्रो व्यवहारलाई प्रत्यक्ष रूपमा परिवर्तन गर्छ। विज्ञानका चकित पार्ने आविष्कार, चमत्कारी न्युरल नेटवर्क र कल्पनाभन्दा परका आर्टिफिसियल इन्टेलिजेन्स (एआई) प्रणालीले यति सशक्त विश्व बनाएको छ, जहाँ एकातिर निजीकरण र पुँजीगत लगानीकर्ताले हाम्रो वरपरको भौतिक सम्पत्ति हत्याउँदै गएका छन्, अर्कातिर क्लाउड क्यापिटलले हाम्रो मस्तिष्कबाट 'सम्पत्ति लुट' मच्चाइरहेको छ। साँचो स्वतन्त्रता हासिल गर्न अर्थात् हाम्रो आफ्नै मनमस्तिष्कको स्वामित्व लिन हामीले यो क्लाउड क्यापिटललाई सामूहिक रूपमा स्वामित्वमा लिनुपर्छ। र, मार्क्सको दृष्टिकोणविना यसलाई बुझ्न गाह्रो हुन्छ।

(भारुफाकिस ग्रिसका पूर्वअर्थमन्त्री एवं अर्थशास्त्रका प्राध्यापक हुन्)

द गार्डियनबाट

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५११११७०/७८/८८, फ्याक्स: +९७७-१-५११११८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।
यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा नियम बमोजिम ऋणी तथा जमानतकर्तालाई समेत कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्ने र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंक तथा वित्तीय संस्थाको ऋण असुली नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानतकर्ताको चल अचल श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताहरुको विवरण
१)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: प्रमोद खनाल** स्थायी ठेगाना: नुवाकोट जिल्ला, खड्गभञ्ज्याङ गा.वि.स. वडा नं. ६, हालको ठेगाना: काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. १६ बाबु: शिवे दर्जी, बाजे: कृष्ण दर्जी	**शलिना (खरेल) दर्जी** ठेगाना: नुवाकोट जिल्ला, खड्गभञ्ज्याङ गा.वि.स. वडा नं. ६, बाबु: राज कूमार खरेल, ससुरा: शिवे दर्जी, पति: प्रमोद दर्जी,
२)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: सुहन राजचल** ठेगान: भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५, बाबु: हरि प्रसाद राजचल, बाजे: लक्ष्मी भक्त राजचल	**विकाश सापकोटा,** स्थायी ठेगाना: काभ्रे जिल्ला, महादेवस्थान गा.वि.स. वडा नं. ७, हालको ठेगाना: भक्तपुर जिल्ला, सूर्यविनायक न.पा. वडा नं. ५, बाबु: गोपीप्रसाद सापकोटा, बाजे: कृष्ण प्रसाद सापकोटा
३)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: रुक्मा कुश्वार** स्थायी ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर गा.वि.स. वडा नं. ४ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा. नं. ४ बाबु: नेत्र बहादुर कुश्वार बाजे: रण बहादुर कुश्वार	**१) निरु माथाँ** स्थायी ठेगाना: रौतहट जिल्ला, पौराई गा.प. वडा नं. ९ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा. नं. ४ बाबु: जैलली कुश्वार ससुरा: रण बहादुर कुश्वार पति: नेत्र बहादुर कुश्वार **२) नितेश कुश्वार** स्थायी ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ६ हालको ठेगाना: रौतहट जिल्ला, चन्द्रपुर न.पा. वडा नं. ४ बाबु: नेत्र बहादुर कुश्वार बाजे: रण बहादुर कुश्वार
४)	**कर्जाको किसिम: बिना धितो कर्जा** **ऋणी: रंजीत कुमार पटेल** ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २६ बाबु: शिवनाथ प्रसाद बाजे: हिरा राउत कुर्मी	**१) शिवनाथ प्रसाद** स्थायी ठेगाना: पर्सा जिल्ला, सुगौली विर्ता गा.वि.स. वडा नं. ६ हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २६ बाबु: हिरा राउत कुर्मी बाजे: रुदल राउत कुर्मी **२) मिना देवी** स्थायी ठेगाना: पर्सा जिल्ला, सुगौली विर्ता गा.वि.स. वडा नं. ६ हालको ठेगाना: पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. २६ बाबु: चनर राउत कुर्मी ससुरा: हिरा राउत कुर्मी पति: शिवनाथ प्रसाद
५)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: देव वहादुर खत्री** स्थायी ठेगाना:लमजुङ जिल्ला, चण्डिस्थान गा.वि.स. वडा नं. ९, हालको ठेगाना: चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. १०, बाबु: धनवहादुर खत्री, बाजे: पहल सिं. खत्री	**भिन्दु श्रेष्ठ खत्री** स्थायी ठेगाना:लमजुङ जिल्ला , वेसीशहर न.पा. वडा नं. ६, हालको ठेगाना:चितवनजिल्ला भरतपुर म.न.पा. वडा नं. १०, बाबु: देवीवहादुर श्रेष्ठ कुमाल, ससुरा:धनवहादुर खत्री, पति: देव वहादुर खत्री
६)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: सुश्री नारायणि शर्मा (पाण्डे)** स्थायी ठेगाना: नुवाकोट जिल्ला, मदानपुर गा.वि.स. वडा नं.२ हालको ठेगाना: काठमाडौं जिल्ला, तारकेश्वर न.पा. वडा नं. ८, बाबु: इज्जतनाथ पाण्डे बाजे: यदु नाथ पाण्डे	
७)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी:नवराज थिङ** ठेगाना: सिन्धुली जिल्ला,कमलामाई न.पा. वडा नं. ११, बाबु: थर्क मानथिङ, बाजे: कमान सिं थिङ	**१) थर्क मान थिङ** स्थायी ठेगाना: सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: सिन्धुली जिल्ला,कमलामाई न.पा. वडा नं. ११, बाबु: कमान सिं थिङ **२) बिमा थिङ,** स्थायी ठेगाना: सिन्धुली जिल्ला, रानीचुरी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: सिन्धुली जिल्ला, कमलामाई न.पा. वडा नं. ११, बाबु: लवाङ डोर्जे, ससुरा: कुमान सिं थिङ, पति: थर्क मान थिङ
८)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: लक्ष्मी श्रेष्ठ,** स्थायी ठेगाना: मोरङ जिल्ला, बबियाविर्ता गा.वि.स. वडा नं. ३, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०, बाबु: भिन बहादुर श्रेष्ठ, ससुरा: सह बहादुर श्रेष्ठ, पति: लाल बहादुर श्रेष्ठ	**लाल वहादुर श्रेष्ठ** स्थायी ठेगाना:मोरङ जिल्ला, बबियाविर्ता गा.वि.स. वडा नं. ३, हालको ठेगाना: मोरङ जिल्ला, विराटनगर म.न.पा. वडा नं. १०, बाबु: सह बहादुर श्रेष्ठ, बाजे: भिमसेन श्रेष्ठ
९)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: श्रेया बस्नेत,** ठेगाना: मोरङ जिल्ला, बेलबारी न.पा वडा नं. ५, बाबु: डिल्लीराज बस्नेत बाजे: छत्र बहादुर बस्नेत	
१०)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: विमला भुजेल,** स्थायी ठेगाना: झापा जिल्ला, डाडीबारी गा.वि.स. वडा नं. ५, हालको ठेगाना: झापा जिल्ला, मेचीनगर न.पा. वडा नं. १, बाबु: धन बहादुर भुजेल, ससुरा: ठेक बहादुर भुजेल, पति: खगेन्द्र बहादुर भुजेल	
११)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **१) ऋणी: कृष्ण प्रसाद सिटौला,** ठेगाना: झापा जिल्ला, कन्काई न.पा. वडा नं. ३, बाबु: खड्क प्रसाद सिटौला, बाजे: दिर्घ लाल सिटौला	**१) खड्ग प्रसाद सिटौला,** स्थायी ठेगाना: झापा जिल्ला, चुहानडाडाँ गा.प. वडा नं. ३, हालको ठेगाना: झापा जिल्ला, कन्काई न.पा वडा नं. ३, बाबु: दिर्घलाल सिटौला, बाजे: हर्क लाल सिटौला, **२) तुलसी विमली,** ठेगाना: झापा जिल्ला, कन्काई न.पा वडा नं. ३, बाबु: डिल्ली प्रसाद विमली, बाजे: हरी प्रसाद विमली
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: तुलसी विमली,** ठेगाना: झापा जिल्ला, कन्काई न.पा वडा नं. ३, बाबु: डिल्ली प्रसाद विमली बाजे: हरी प्रसाद विमली	**१) खड्ग प्रसाद सिटौला,** स्थायी ठेगाना: झापा जिल्ला, चुहानडाडाँ गा.प. वडा नं. ३, हालको ठेगाना: झापा जिल्ला, कन्काई न.पा वडा नं. ३, बाबु: दिर्घलाल सिटौला, बाजे: हर्क लाल सिटौला, **२) कृष्ण प्रसाद सिटौला,** ठेगाना: झापा जिल्ला, कन्काई न.पा. वडा नं. ३, बाबु: खड्क प्रसाद सिटौला, बाजे: दिर्घ लाल सिटौला
१२)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **१) ऋणी: सुजन उप्रेती,** स्थायी ठेगाना: झापा जिल्ला, गोलधाप गा.वि.स. वडा नं. १, हालको ठेगाना: झापा जिल्ला, कनकाई न.पा. वडा नं. ५, बाबु: खेम प्रसाद उप्रेती बाजे: ठेक नाथ उप्रती	**१) स्वस्तीका निरौला,** स्थायी ठेगाना: झापा जिल्ला, कमल गा.पा. वडा नं. ५, हालको ठेगाना: झापा जिल्ला, कनकाई न.पा. वडा नं. ८, बाबु: ज्ञानेन्द्र निरौला, ससुरा: खेम प्रसाद उप्रेती, पति:, सुजन उप्रेती **२) भुपेन्द्र बस्नेत,** स्थायी ठेगाना: झापा जिल्ला, धैलाडुब्बा गा.वि.स. वडा नं. १, हालको ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ९, बाबु: केशर बुहादुर बस्नेत, बाजे: भक्त बुहादुर बस्नेत, **३) जोएस ठिरी,** ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ९, बाबु: जिबन ठिरी, बाजे: राम चन्द्र ठिरी
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **२) ऋणी: जोएस ठिरी,** ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ९, बाबु: जिबन ठिरी बाजे: राम चन्द्र ठिरी	**१) स्वस्तीका निरौला,** स्थायी ठेगाना: झापा जिल्ला, कमल गा.पा. वडा नं. ५, हालको ठेगाना: झापा जिल्ला, कनकाई न.पा. वडा नं. ८, बाबु: ज्ञानेन्द्र निरौला, ससुरा: खेम प्रसाद उप्रेती, पति:, सुजन उप्रेती २) भुपेन्द्र बस्नेत, स्थायी ठेगाना: झापा जिल्ला, धैलाडुब्बा गा.वि.स. वडा नं. १, हालको ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ९, बाबु: केशर बुहादुर बस्नेत, बाजे: भक्त बुहादुर बस्नेत, ३) सुजन उप्रेती, स्थायी ठेगाना: झापा जिल्ला, गोलधाप गा.वि.स. वडा नं. १, हालको ठेगाना: झापा जिल्ला, कनकाई न.पा. वडा नं. ५, बाबु: खेम प्रसाद उप्रेती, बाजे: ठेक नाथ उप्रती
	कर्जाको किसिम: व्यक्तिगत कर्जा **३) ऋणी: स्वस्तीका निरौला,** स्थायी ठेगाना: झापा जिल्ला, कमल गा.पा. वडा नं. ५, हालको ठेगाना: झापा जिल्ला, कनकाई न.पा. वडा नं. ८, बाबु: ज्ञानेन्द्र निरौला, ससुरा: खेम प्रसाद उप्रेती, पति: सुजन उप्रेती	**१) जोएस ठिरी,** ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ९, बाबु: जिबन ठिरी, बाजे: राम चन्द्र ठिरी, **२) भुपेन्द्र बस्नेत,** स्थायी ठेगाना: झापा जिल्ला, धैलाडुब्बा गा.वि.स. वडा नं. १, हालको ठेगाना: झापा जिल्ला, शिवसताक्षी न.पा. वडा नं. ९, बाबु: केशर बुहादुर बस्नेत, बाजे: भक्त बुहादुर बस्नेत, **३) सुजन उप्रेती,** स्थायी ठेगाना: झापा जिल्ला, गोलधाप गा.वि.स. वडा नं. १, हालको ठेगाना: झापा जिल्ला, कनकाई न.पा. वडा नं. ५, बाबु: खेम प्रसाद उप्रेती, बाजे: ठेक नाथ उप्रती
१३)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: सुराती भर** स्थायी ठेगाना: नवलपरासी जिल्ला, हुकई गा.वि.स. वडा नं. ३ हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६ बाबु: घिसीयावन भर ससुरा: गाजे भर पति: चिन्ना भर	**चिन्ना भर** स्थायी ठेगाना: नवलपरासी जिल्ला, हुकई गा.वि.स. वडा नं. ३ हालको ठेगाना: नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. १६ बाबु: गाजे भर
१४)	**कर्जाको किसिम: व्यक्तिगत कर्जा** **ऋणी: याम बहादुर वि.क.** स्थायी ठेगाना: पर्वत जिल्ला, वाच्छा गा.वि.स. वडा नं. २ हालको ठेगाना: नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १६ बाबु: डम्वर वहादुर विश्वकर्मा बाजे: बल वहादुर विश्वकर्मा	**अनिसा वि.क.** स्थायी ठेगाना: पर्वत जिल्ला, विहादी गा.पा. वडा नं. १ हाल ठेगाना: नवलपरासी जिल्ला, बर्दघाट न.पा. वडा नं. १६ बाबु: छविलाल वि.क. ससुरा: डम्वर वहादुर विश्वकर्मा पति: याम बहादुर वि.क.

नोट: ऋणी तथा जमानीकर्ताको बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

देशभित्र लोकप्रियता र पश्चिमाको विश्वास घुमाउँदै राष्ट्रपति लुला



संयुक्त राज्य अमेरिकाले इरानी आणविक स्थलमा विशाल 'बंकर-बस्टर' बम प्रहार गरेको केही घण्टापछि जुन २२ मा ब्राजिलको विदेश मन्त्रालयले एक विज्ञप्ति जारी गऱ्यो । विज्ञप्तिमा अमेरिकी आक्रमणको 'कडा निन्दा' गरिएको थियो र हमला 'इरानको सार्वभौमसत्ता र अन्तर्राष्ट्रिय कानुनको उल्लंघन' भएको उल्लेख थियो । यस्तो भाषा शक्तिले ब्राजिललाई अन्य पश्चिमी लोकतन्त्रभन्दा फरक देखायो, जसले या त सो हमलालाई समर्थन गरेका थिए वा चिन्ता जाहेर गरेका थिए ।

जुलाई ६ र ७ मा ब्राजिल, चीन, रुस र दक्षिण अफ्रिकासहित ११ उदीयमान अर्थतन्त्रको समूह 'ब्रिक्स'को शिखर सम्मेलन रियो दि जेनेरियोमा आयोजना हुँदैछ । सन् २०२४ मा ब्रिक्सको सदस्य बनेको इरानले सम्मेलनमा प्रतिनिधिमण्डल पठाउने अपेक्षा गरिएको छ । समूहको अध्यक्षता हाल ब्राजिलका राष्ट्रपति लुइज इनासियो लुला दा सिल्भाले गरिरहेका छन् । मूल रूपमा, सदस्य भएको कारणले ब्रिक्सले ब्राजिललाई विश्वव्यापी प्रभाव पार्ने प्लेटफर्म प्रदान गरेको थियो ।

तर, समुहमा संलग्न भएका कारण ब्राजिल पश्चिम विरोधी देखिदैं पनि गएको छ । 'चीनले ब्रिक्सलाई आफ्नो विदेश नीतिको औजारको रूपमा जति धेरै रूपान्तरण गर्छ र युक्रेनमा आफ्नो युद्धलाई वैधानिक बनाउन रुसले ब्रिक्सलाई जति धेरै प्रयोग गर्छ, ब्राजिललाई आफू असंलग्न भएको भन्न त्यति नै गाह्रो हुनेछ,' साओ पाउलोको विश्वविद्यालय फन्डाकाओ गेटुलियो वर्गासका माटियास स्पेक्टर भन्छन् ।

ब्राजिलका कूटनीतिज्ञले शिखर सम्मेलनलाई सामान्य विषयमा केन्द्रित गरेर समस्या समाधान गर्न खोजिरहेका छन् । खोप र स्वास्थ्य सेवामा सहयोग, हरित-ऊर्जा संक्रमण र अन्तर्राष्ट्रिय व्यापारको आधारको रूपमा सबैभन्दा मनपर्ने राष्ट्रको स्थिति कायम राख्नु, जहाँ देशहरूले विश्व व्यापार संगठनका सबै सदस्यलाई समान रूपमा व्यवहार गर्छन् । उनीहरू अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नरुचाउने विषयाई पन्छाउन चाहिरहेका छन् । यसमा धेरैको नजर छ- डलरको सट्टा स्थानीय मुद्रामा व्यापार गर्ने ब्रिक्स-नेतृत्वको प्रयासमाथि ।

सायद ब्राजिलका कूटनीतिज्ञहरू इरानी प्रतिनिधिमण्डल सम्मेलनमा मौन रहुन् भन्ने चाहन्छन् । 'हामी अहिले क्षति न्युनिकरणको क्षणमा छौं,' एक वरिष्ठ ब्राजिलियन कूटनीतिज्ञ भन्छन् । प्राय धेरै अधिनायकवादी-शासन भएका देश सदस्य रहेको ब्रिक्समा ब्राजिलको भूमिका लुलाको बढ्दो असंगत विदेश नीति झल्किन्छ ।

डोनाल्ड ट्रम्पले जनवरीमा पदभार ग्रहण गरेदेखि लुलाले अमेरिकासँग सम्बन्ध स्थापित गर्न प्रयास गरेका छैनन् । दुईजना व्यक्तिले कहिल्यै व्यक्तिगत रूपमा भेटेको रेकर्ड छैन । अर्थात्, ब्राजिललाई सबैभन्दा ठुलो अर्थतन्त्र बनाएका नेता लुलाले अमेरिकाका राष्ट्रपतिसँग हात मिलाएका छैनन् । बरु लुला चीनप्रति नरम देखिन्छन् । उनले गत वर्ष दुईपटक चीनका राष्ट्रपति सी जिनपिङलाई भेटे ।

सायद लुला व्यापार साझेदारको रूपमा अमेरिकामाथि विश्वको विश्वास गुमेको अवस्थाको फाइदा उठाउने प्रयास गर्दैछन् । उनले युरोपसँग घुलमिल भएर व्यापार सम्बन्ध विस्तार गरेका छन् । मार्च महिनामा उनले जापानको भ्रमण गरे । जापानले आफ्नो देशमा प्रयोग हुने अधिकांश गाईको मासु संयुक्त राज्य अमेरिकाबाट आयात गर्छ । भ्रमणका क्रममा

> लुलाको व्यक्तिगत स्वीकृति मूल्यांकन ४० प्रतिशतआसपास छ, जुन उनको तीन कार्यकालको अवधिको कुनै पनि विन्दुको सबैभन्दा कम हो । ब्राजिलका २८ प्रतिशत जनताले मात्र उनको सरकारलाई अनुमोदन गरेको बताएका छन् ।

उनले ब्राजिलियन मासुलाई विकल्पको रूपमा पेस गरे । उनका मन्त्रीहरूले ब्राजिलियन कृषि आयात बढाउने तरिकाबारे छलफल गर्न चिनियाँ अधिकारीसँग भेट गरिरहेका छन् ।

तर, यी भेट यस्तो भव्यताका साथ आएको छ, जुन विश्व मञ्चमा ब्राजिलको 'वेट'सँग मेल नखाने खालको छ । मे महिनामा लुला दोस्रो विश्वयुद्धको अन्त्यको सम्झनामा मस्कोले आयोजना गरेको महत्त्वपूर्ण स्मरण सभामा उपस्थित हुने ठुला लोकतन्त्रका एक मात्र नेता थिए । भ्रमणका क्रममा उनले पुटिनलाई युक्रेनमा युद्धको अन्त्यका लागि मध्यस्थताको प्रयास गर्ने संकेत गरे । तर, उनको कुरालाई न पुटिन सुने न अन्य नेताले नै ।

छिमेकी देशसँग पनि ब्राजिलको व्यावहारिक संलग्नता घटेको छ । वैचारिक भिन्नताका कारण लुलाले आफ्ना अर्जेन्टिनी समकक्षी जेभियर मिलेसँग कुरा गर्दैनन् । सन् २०२३ मा तेस्रोपटक पदभार ग्रहण गर्दा उनले भेनेजुएलाका निरंकुश शासक निकोलस मादुरोलाई अँगालो हाले (मादुरोले गत वर्ष अर्को चुनावमा धाँधली गरी सत्ता हत्याएपछि मात्र सम्बन्धमा चिसोपन आएको छ ।)

सन् २०१० मा भूकम्पले देशलाई तहसनहस पारेपछि हैटीलाई स्थिर बनाउने संयुक्त राष्ट्र संघको अभियानको नेतृत्व ब्राजिल गरेको थियो । अहिले सो देशप्रति उ मौन छ । अहिले हैटीमा कुनै दलभन्दा गुन्डा समूहको बढि प्रभाव देखिन्छ । ट्रम्पको आप्रवासी निर्वासन र शुल्क युद्धविरुद्ध ब्राजिल ल्याटिन अमेरिकी राष्ट्रलाई एकजुट गर्न अनिच्छुक वा असमर्थ देखिन्छन् ।

विश्व मञ्चमा कमजोर लुलाको स्वदेशमा पनि लोकप्रियतामा ह्रास आएको छ । राष्ट्रपतिको रूपमा पहिलो दुई कार्यकालमा सन् २००३ देखि २०१० सम्म उनी विश्वका सबैभन्दा लोकप्रिय नेतामध्ये एक थिए । घरेलु लोकप्रियताको शक्तिले लुलालाई विदेशमा विश्वसनीयता प्रदान गऱ्यो । धेरैले उनलाई द्रुत-विकासशील अर्थतन्त्रका लागि एक प्रमुख व्यक्तित्वको रूपमा देखे ।

तर, अब लुला ब्राजिलमा बढ्दो रूपमा अलोकप्रिय छन् । धेरै ब्राजिलियनले उनको वर्कर्स पार्टीलाई भ्रष्टाचारसँग जोड्छन् । एक काण्डका कारण उनी एक वर्षभन्दा बढी समय कारागारमा बस्न बाध्य भए । पछि उनको सजाय रद्द भएको थियो । ट्रेड युनियन, सामाजिक कल्याणकारी सोच भएका क्याथोलिकहरू र सरकारी सहायता पाउने विपर्न्नहरूको समर्थनमा उनले पार्टी निर्माण गरेका थिए । तर, आज ब्राजिल एउटा यस्तो देश हो, जहाँ कट्टर इसाई धर्म फस्टाउँदै छ । त्यस्तै, कृषिमा रोजगारी र अर्थतन्त्र द्रुत गतिमा बढिरहेको छ ।

लुलाको व्यक्तिगत स्वीकृति मूल्यांकन ४० प्रतिशतआसपास छ, जुन उनको तीन कार्यकालको अवधिको कुनै पनि बिन्दुको सबैभन्दा कम हो । ब्राजिलका २८ प्रतिशत जनताले मात्र उनको सरकारलाई अनुमोदन गरेको बताएका छन् । जुन २५ मा नयाँ कर बढाउनेसम्बन्धि उनको कार्यकारी आदेशलाई अस्वीकार गरेर कंग्रेसले एक हिसाबले उनलाई अपमानित गऱ्यो । ३० वर्षभन्दा बढी समयपछि पहिलोपटक सांसदहरूले कार्यकारी आदेशलाई उल्ट्याएका हुन् । यसले अर्को वर्षको आमचुनावअघि खर्च गर्न सरकारलाई कम वित्तीय स्थान दिनेछ ।

ब्राजिलको कट्टर दक्षिणपन्थी अभियान ट्रम्पको 'अमेरिकालाई फेरि महान् बनाउने (मागा)' आन्दोलनसँग मिल्दोजुल्दो छ । ब्राजिलको कट्टर दक्षिणपन्थी अभियानको नेतृत्व पूर्वराष्ट्रपति जैर बोल्सोनारोले गरेका छन् । कतिपयले उनलाई ब्राजिलका डोनाल्ड ट्रम्पसमेत भन्ने गर्छन् । सन् २०२२ मा चुनाव हारेपछि सत्तामा रहनका लागि कुको षड्यन्त्र रचेको आरोपमा बोल्सोनारोमाथि मुद्दा चलिरहेको छ । त्यस मुद्दामा उनलाई चाँडै जेल सजाय हुने सम्भावना छ । उनले दक्षिणपन्थी नेतृत्वका लागि उत्तराधिकारी नियुक्त गरेका छैनन् । यदि उनले उत्तराधिकार नियुक्ति गरे र २०२६ मा हुने चुनावअघि दक्षिणपन्थीले ती व्यक्तिलाई समर्थन जनाए पनि राष्ट्रपति पद उनीहरूको हुनेछ ।

ट्रम्पले लुलाजस्ता नेताकोभन्दा आफूसँग मित्रवत् रहने नेताहरूको बढि आलोचना गर्छन् । उनले जनवरीमा पदभार ग्रहण गरेदेखि ब्राजिलबारे लगभग केही भनेका छैनन् । संयुक्त राज्य अमेरिकासँग ब्राजिलको भारी व्यापार घाटा छ (प्रतिवर्ष ४३० अर्ब) । ट्रम्पलाई अन्य देशले संयुक्त राज्य अमेरिकाबाट बढी किनेको पक्कै पनि मन पर्छ । तर, उनको मौनताको कारण ब्राजिल, अपेक्षाकृत रूपमा टाढा र भूराजनीतिक रूपमा निष्क्रिय भएकाले पनि हुन सक्छ । युक्रेन वा मध्य पूर्वमा युद्धको प्रश्नहरूमा उसले त्यति फरक पार्दैन । लुलाले निष्क्रय भएको बहाना गर्न बन्द गर्नुपर्छ र आफ्ना छिमेकी देशमा भइरहेका मामिलामा ध्यान केन्द्रित गर्नुपर्छ ।

-इकोनोमिस्टबाट

पहलगाम आक्रमणपछि पहिलोपटक सोमनाथ तीर्थयात्रा सुरु

नयाँदिल्ली / बिहीबारबाट काश्मिरमा अवस्थित सोमनाथको एकमहिने तीर्थयात्रा सुरु भएको छ । पहलगाममाथिको पहाडी गुफामा अवस्थित सोमनाथ भगवान् शिवको पवित्र तीर्थस्थल हो । बिहीबारदेखि सुरु भएको तीर्थयात्रा २२ अप्रिल पहलगाम क्षेत्रमा बन्दुकधारीले २६ जना हिन्दु पर्यटकको हत्या गरेपछिको पहिलो हो । नयाँदिल्लीले बन्दुकधारीलाई पाकिस्तानको समर्थन रहेको आरोप लगाएको थियो भने इस्लामाबादले उक्त दाबीलाई अस्वीकार गरेको थियो । आक्रमणपछि पाकिस्तान र भारतबिच सुरु भएको कूटनीतिक तनावबिच दुई देशबिच चार दिन द्वन्द्व भड्किएको थियो । मे १० को युद्धविराम हुँदा दुवै पक्षमा गरी ७० भन्दा बढी मानिस मारिएका थिए ।

भगवान् शिवको तीर्थस्थल रहेको गुफासम्म पुग्ने कठिन तीर्थयात्रामा सहभागीको सुरक्षाका लागि उच्च निगरानी प्रविधि उपकरणसहित ४५ हजार सेना तैनाथ गरिएको बताइएको छ । बलियो सुरक्षा व्यवस्थाका बाबजुद पहलगाम आक्रमणका कारण यो वर्ष नाम दर्ता गर्ने तीर्थयात्रीको संख्या १० प्रतिशतले घटेको अधिकारीले स्वीकार गरे । गत वर्ष पवित्र अमरनाथ तीर्थयात्रामा पाँच लाख भक्तजनले भाग लिएका थिए ।

इतिहासमा आज



सन् १७७६ : अमेरिकी महादेशका १३ ब्रिटिस उपनिवेशको संयुक्त संसद् (कन्टिनेन्टल कंग्रेस)ले आफू बेलायतको शासनबाट अलग भएको घोषणा गऱ्यो । यस दिनलाई आज पनि अमेरिकाको स्वतन्त्रता दिवसका रूपमा मनाइन्छ ।

सन् १८०३ : संयुक्त राज्य अमेरिकाले फ्रान्सको कब्जामा रहेको अमेरिकी भूमि लुजियाना क्षेत्र खरिद गरेको सार्वजनिक गऱ्यो । २१ लाख ४० हजार वर्गकिमिको सो भूमि १.५ करोड डलरमा खरिद गरिएको थियो ।

सन् १८८४ : फ्रान्सले अमेरिकी स्वतन्त्रताको सम्मानस्वरूप उपहार दिएको 'स्ट्याच्यु अफ लिबर्टी' पेरिसमा अमेरिकी प्रतिनिधिलाई हस्तान्तरण गऱ्यो ।

सन् १९०९ : ब्रिटिस गुप्तचर ब्युरोले विदेश हेर्नका लागि अलग शाखा 'एमआई-६' गठन गऱ्यो ।

सन् १९४६ : ४८ वर्षपछि फिलिपिन्स अमेरिकाको शासनबाट मुक्त भयो ।

सन् १९६० : अमेरिकाको पचासौं राज्य हवाईको सम्मानमा देशको झन्डामा एउटा तारा थपिएसँगै अमेरिकाका झन्डामा रहेको ताराको संख्या पचास पुग्यो ।

सन् २०१२ : स्विट्जरल्यान्डको सर्नका वैज्ञानिकले हिग्स बोसोनको सिद्धान्तसँग मेल खाने नयाँ कण पत्ता लागेको घोषणा गरे ।

सन् २०१७ : उत्तर कोरियाले जापान सागरमा पहिलोपटक सफल 'अन्तर-महादेशीय ब्यालेस्टिक मिसाइल (आइसिबिएम)' परीक्षण गऱ्यो ।

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २० असार ०८२

बैंकको लाइसेन्स खुलाउने गभर्नरको संकेत

विज्ञ भन्छन्- नियामक निकायहरू रेगुलटरी क्याप्चरमा गएको अवस्थामा बैंकको संख्या बढाउने विषय उपयुक्त हो



बिहीबार भएको अर्थ समिति बैठकमा सहभागीहरू।

पवन तिमिल्सिना/नयाँ पत्रिका

नेपाल राष्ट्र बैंकका गभर्नर डा. विश्वनाथ पौडेलले बैंकहरूको लाइसेन्सलाई प्रतिस्पर्धी बनाउनुपर्ने बताएका छन्। संसद्को अर्थ समितिमा बैंक तथा वित्तीय संस्थासम्बन्धी विधेयकको छलफलमा सहभागी हुँदै उनले यस्तो तर्क राखेका हुन्। सबैखाले व्यवसायमा लाइसेन्स प्रतिस्पर्धी बनाइएको तथा लाइसेन्सको अवधिसमेत निर्धारण गरिएकोमा बैंक तथा वित्तीय संस्थाको हकमा समेत यस्तो व्यवस्था लागू हुनुपर्ने उनले बताए। उनले भने, 'धेरैजसो लाइसेन्सको आयु हुन्छ। तर, बैंकको आयु छैन। नयाँ बैंक आउन दिइरहेका छैनौं। बैंकको लाइसेन्स के हो। बैंक भनेको पब्लिक गुड (सार्वजनिक सम्पत्ति) हो कि होइन ? जलविद्युत्को लाइसेन्स ३० वर्षसम्ममा फर्किएर आउँछ, टेलिकममा पनि त्यस्तै छ। लाइसेन्स पर्पेच्युअल (दीर्घकालीन) बनाउने हो भने ब्यारियर टु इन्ट्री (अवरोध) कम हुनुपर्‍यो। प्रतिस्पर्धी बनाउनुपर्‍यो। नत्र लाइसेन्स सीमित अवधिको बनाउनुपर्छ।'

बैंक तथा वित्तीय संस्थाको लाइसेन्ससम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंक ऐनमा उल्लेख छ। सरकारले नयाँ राष्ट्र बैंक ऐनको मस्यौदा तयारी गरिरहेको र संसद्मा यो विधेयकका रूपमा पेस नभइसकेको अवस्थामा गभर्नर पौडेलले बैंकहरूको लाइसेन्स खुलाउने विषय उल्लेख गरेका हुन्। हाल राष्ट्र बैंक ऐनमा वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैंकिङ तथा वित्तीय कारोबार गर्न इजाजत दिने व्यवस्था छ। ऐनले केन्द्रीय बैंकलाई यस्तो लाइसेन्स दिने र रद्द गर्नेसम्मको अधिकार दिएको छ। राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक नरबहादुर थापाले भने, 'यो छलफल गर्नुपर्ने विषय होइन। राष्ट्र बैंक आफैंले बैंकहरूको लाइसेन्स बन्द गरेको हो। उसैलाई खोल्ने अधिकार छ। तर, विगतमा भएको मर्जर नीति कति प्रभावकारी थियो भन्ने समीक्षाको विषय हो।'

अहिले बैंक तथा वित्तीय संस्थासम्बन्धी विधेयकको दफावार छलफल बैंकर र व्यवसायीलाई छुट्याउनुपर्ने विषय केन्द्रमा छ। बैंकर र व्यवसायीलाई छुट्याउन नहुने आवाज उठिरहेको सन्दर्भमा बैंकहरूलाई प्रतिस्पर्धी बनाउने वा लाइसेन्सको अवधि तोक्न सकिने विषय सान्दर्भिक हुने राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक थापाले बताए। उनले भने, 'मुलुक रेगुलेटरी नियन्त्रणमा गइसक्यो। सीमित स्वार्थ समूहका व्यक्तिहरू राष्ट्र बैंकको स्वायत्ततामाथि हाकाहाकी धावा बोलिरहेका छन्। काम गर्न दिइएको जस्तो लाग्दैन। बैंक तथा वित्तीय संस्थामाथि सर्वसाधारणको पहुँच सुनिश्चित गराउन यसलाई प्रतिस्पर्धी बनाउन संख्या बढाउने विषय सान्दर्भिक हो।'

उनका अनुसार विगतमा बैंक तथा वित्तीय संस्था मास्ने गरी गरिएका मर्जर र प्राप्तिबारे समीक्षा गर्ने समय आएको छ। उनले भने, 'संख्या घटाउँदाको परिणाम त हामीले देखेका छौं। गोजीमा दाम भएकालाई कर्जा दिने, सडकछापलाई कर्जा नदिने भन्ने देखिन्छ। धेरै बैंक भइदिएको भए यस्तो अवस्था आउँदैनथ्यो होला।' बैंकलाई प्रतिस्पर्धी बनाउन नसक्ने हो भने यसको लाइसेन्स अवधि ३०-४० वर्ष राख्ने विकल्प उपयुक्त हुने उनको बुझाइ छ।

गत २९ असार ०८० मा लक्ष्मी बैंक र सनराइज बैंक एक-आपसमा गाभिएर लक्ष्मी सनराइज बैंक भएपछि बैंकहरूको संख्या २० वटामा सीमित थियो। ०७९ देखि ८० को बिचमा एक दर्जनभन्दा बढी बैंकहरू एक-आपसमा गाभिएका थिए। राष्ट्र बैंकले नै मर्जरमा प्रोत्साहन गर्ने नीति लिएपछि बैंकहरू एक-आपसमा गाभिएका थिए।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय भन्छ-

२५७ स्थानीय तहले अझै ल्याएनन् बजेट

बजेट पेस गर्न नसक्नुको मुख्य कारण राजनीतिक किचलो, कर्मचारी र जनप्रतिनिधिबिचको विवाद



संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुली भन्छन्-

अधिकांश पालिकामा मेयर र कार्यपालिका सदस्यबिच विवाद हुँदा समस्या देखिएको छ। बजेट नआउँदाको असर स्थानीय तहलाई नै पर्छ। बजेट नआउँदा स्थानीय तहको आम्दानी तथा कर बाँडफाँटमा समेत समस्या भएको छ।

शिवहरि घिमिरे/नयाँ पत्रिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले १० असारभित्र नीति तथा कार्यक्रम र बजेट पेस गरिसक्नुपर्छ। असार मसान्तसम्म बजेट पारित गरिसक्नुपर्छ। तर, असार तेस्रो साता बित्न लाग्दासमेत अझै दुई सय ५७ स्थानीय तहले बजेट तथा नीति कार्यक्रम सार्वजनिक गरेको जानकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सिस्टममा अपडेट गरेका छैनन्। बजेट ल्याउन नसक्नुको मुख्य कारण राजनीतिक किचलो, कर्मचारी र जनप्रतिनिधिबिचको विवाद नै हो। बजेट ल्याएपछि हरेक पालिकाले संघीय मन्त्रालयको सिस्टममा अपडेट गर्नुपर्छ। कतिपय पालिकाले बजेट ल्याएर पनि अपडेट गराएका छैनन्। बजेट नआउँदाको असर स्थानीय तहलाई नै पर्ने मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले बताए। बजेट नआउँदा स्थानीय तहको आम्दानी तथा कर बाँडफाँटमा समस्या हुनुका साथै केन्द्रबाट जाने बजेट रोकिने उनको भनाइ छ।



'काठमाडौं महानगरपालिकाको हकमा प्रमुख प्रशासकीय अधिकृत र मेयरबिचको समस्याले बजेट आउन नसकेको हो, त्यहाँ अन्य जनप्रतिनिधि र मेयरबिच विवादसमेत छ,' मन्त्रालयका प्रवक्ता कालीप्रसाद पराजुलीले भने, 'अधिकांश पालिकामा मेयर एकातिर कार्यपालिका सदस्य अर्कातिर हुँदा समस्या देखिएको छ। दलीय सहमत नहुनु र कर्मचारी र जनप्रतिनिधिबिच विवाद हुँदा बजेट नआउनु राम्रो होइन। मंगलबारसम्म प्राप्त तथ्यांकअनुसार २५७ स्थानीय तहले बजेट पेस गरेको तथ्यांक पठाएका छैनन्। पक्कै बजेट पेस नभएर तथ्यांक नपठाइएको होला।'

कुन प्रदेशका कति स्थानीय तहले बजेट ल्याउन बाँकी ?

मन्त्रालयका अनुसार कोशी प्रदेशका १३७ मध्ये ४२ स्थानीय तहले बजेट पेस गरेका छैनन्। ९५ वटा मात्रै स्थानीय तहले बजेट पेस गरेका छन्। मधेश प्रदेशका १३६ मध्ये ७० स्थानीय तहले बजेट ल्याएका छैनन्। ६६ वटाले मात्रै बजेट ल्याएका छन्। बागमती प्रदेशका ११९ मध्ये ३६ स्थानीय तहले बजेट पेस गरेका छैनन्। ८३ वटा स्थानीय तहले मात्रै बजेट पेस गरेका छन्। गण्डकी प्रदेशका ८५ मध्ये २२ स्थानीय तहले बजेट पेस गर्न बाँकी छ। ६३ वटाले बजेट तथा नीति कार्यक्रम पेस गरिसकेका छन्। लुम्बिनी प्रदेशका १०९ मध्ये ६५ स्थानीय तहले मात्रै बजेट पेस गरेका छन्। ४२ स्थानीय तहले बजेट ल्याउन बाँकी छ। कर्णाली प्रदेशका ७९ मध्ये ५७ स्थानीय तहले बजेट ल्याएका छन्। २२ स्थानीय तह समयमै बजेट ल्याउन असफल भएका छन्। सुदूरपश्चिम प्रदेशका ८८ मध्ये २३ स्थानीय तहले बजेट पेस गरेका छैनन्।

मन्त्रालयको सिस्टममा अपडेट नभएका केही पालिकाहरू



गण्डकी प्रदेश

गल्याङ नगरपालिका, स्याङ्जा
पुतलीबजार नगरपालिका, स्याङ्जा
वालिङ नगरपालिका, स्याङ्जा
हरिनास गाउँपालिका, स्याङ्जा
व्यास नगरपालिका, तनहुँ
आँबुखैरेनी गाउँपालिका, तनहुँ
गोरखा नगरपालिका, गोरखा
पालुङटार नगरपालिका, गोरखा

कोशी प्रदेश

फुङलिङ नगरपालिका, ताप्लेजुङ
आठराई त्रिवेणी गाउँपालिका, ताप्लेजुङ
मेरिङदेन गाउँपालिका, ताप्लेजुङ
मैवाखोला गाउँपालिका, ताप्लेजुङ
तुम्बेवा गाउँपालिका, पाँचथर
फाल्गुनन्द गाउँपालिका, पाँचथर
माङ्सेबुङ गाउँपालिका, इलाम
गौरीगन्ज गाउँपालिका, झापा
साल्पासिलिछो गाउँपालिका, भोजपुर
भोक्राहा नरसिंह गाउँपालिका, सुनसरी
रंगेली नगरपालिका, मोरङ
धनपालथान गाउँपालिका, मोरङ
दिप्रुङ चुइचुम्मा गाउँपालिका, खोटाङ

बागमती प्रदेश

कमलामाई नगरपालिका, सिन्धुली
सुनकोशी गाउँपालिका, सिन्धुली
हरिहरपुरगढी गाउँपालिका, सिन्धुली
गोकुलगंगा गाउँपालिका, रामेछाप
लिखु तामाकोशी गाउँपालिका, रामेछाप
भीमेश्वर नगरपालिका, दोलखा
बिगु गाउँपालिका, दोलखा
दुप्चेश्वर गाउँपालिका, नुवाकोट
काठमाडौं महानगरपालिका, काठमाडौं
शंखरापुर नगरपालिका, काठमाडौं

लुम्बिनी प्रदेश

रामग्राम नगरपालिका, नवलपरासी
सुनवल नगरपालिका, नवलपरासी
पाल्हीनन्दन गाउँपालिका, नवलपरासी
प्रतापपुर गाउँपालिका, नवलपरासी
सरावल गाउँपालिका, नवलपरासी बुटवल उपमहानगरपालिका, रुपन्देही
कोटहीमाई गाउँपालिका, रुपन्देही
गैडहवा गाउँपालिका, रुपन्देही
रोहिणी गाउँपालिका, रुपन्देही
सम्मरीमाई गाउँपालिका, रुपन्देही
सियारी गाउँपालिका, रुपन्देही
कपिलवस्तु नगरपालिका, कपिलवस्तु

कर्णाली प्रदेश

सोरु गाउँपालिका, मुगु
जगदुल्ला गाउँपालिका, डोल्पा
मुड्केचुला गाउँपालिका, डोल्पा
से-फोक्सुन्डो गाउँपालिका, डोल्पा
अदानचुली गाउँपालिका, हुम्ला
खार्पुनाथ गाउँपालिका, हुम्ला
चंखेली गाउँपालिका, हुम्ला
ताँजाकोट गाउँपालिका, हुम्ला
सर्केगाड गाउँपालिका, हुम्ला
सिमकोट गाउँपालिका, हुम्ला
कनकासुन्दरी गाउँपालिका, जुम्ला
तिला गाउँपालिका, जुम्ला

मधेश प्रदेश

धनगढीमाई नगरपालिका, सिराहा
मिर्चैया नगरपालिका, सिराहा
लहान नगरपालिका, सिराहा
सिराहा नगरपालिका, सिराहा
सुखीपुर नगरपालिका, सिराहा
सप्तकोशी नगरपालिका, सप्तरी
बलान-विहुल गाउँपालिका, सप्तरी
कल्याणपुर नगरपालिका, सिराहा
महादेवा गाउँपालिका, सप्तरी
हनुमाननगर कंकालिनी नगरपालिका, सप्तरी
अग्निसाइर कृष्णासवरन गाउँपालिका, सप्तरी
छिन्नमस्ता गाउँपालिका, सप्तरी
तिरहुत गाउँपालिका, सप्तरी
औरही गाउँपालिका, सिराहा
लक्ष्मीपुर पतारी गाउँपालिका, सिराहा
जनकपुरधाम उपमहानगरपालिका, धनुषा
क्षिरेश्वरनाथ नगरपालिका, धनुषा
कमला नगरपालिका, धनुषा
जनकनन्दिनी गाउँपालिका, धनुषा
मटिहानी नगरपालिका, महोत्तरी
सोनमा गाउँपालिका, महोत्तरी
मलंगवा नगरपालिका, सर्लाही
बागमती नगरपालिका, सर्लाही
कटहरिया नगरपालिका, रौतहट
गढीमाई नगरपालिका, रौतहट
बौधीमाई नगरपालिका, रौतहट
यमुनामाई गाउँपालिका, रौतहट
सिम्रौनगढ नगरपालिका, बारा
विश्रामपुर गाउँपालिका, बारा
सुवर्ण गाउँपालिका, बारा
बहुदरमाई नगरपालिका, पर्सा
विन्ध्यवासिनी गाउँपालिका, पर्सा
सखुवा प्रसौनी गाउँपालिका, पर्सा
कालिकामाई गाउँपालिका, पर्सा
जिराभवानी गाउँपालिका, पर्सा

सुदूरपश्चिम प्रदेश

टीकापुर नगरपालिका, कैलाली
मोहन्याल गाउँपालिका, कैलाली
पूर्वीचौकी गाउँपालिका, डोटी
रामारोशन गाउँपालिका, अछाम

नेपालमा लगानी बढाउन स्पेनिस व्यवसायीलाई आग्रह

काठमाडौं/ नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपालमा लगानी बढाउन स्पेनका व्यवसायीलाई आग्रह गरेका छन्। नेपाल र स्पेनबिच लगानी र आर्थिक सहकार्यलाई थप विस्तार गर्न उनले आग्रह गरेका हुन्।

स्पेनको म्याड्रिडस्थित नेपाली दूतावासले आयोजना गरेको विशेष कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष ढकालले नेपालमा लगानीका थुप्रै सम्भावना रहेको भन्दै स्पेनी व्यवसायीलाई त्यसबाट लाभ लिन आग्रह गरेका हुन्। स्पेन वाणिज्य तथा उद्योग महासंघका सदस्य, व्यापारिक समुदायका अगुवा, नेपाली समुदायका प्रतिनिधि र कूटनीतिक व्यक्तित्वहरू सहभागी कार्यक्रममा बोल्दै अध्यक्ष ढकालले पर्यटन, ऊर्जा, कृषि, सूचना प्रविधि र पूर्वाधार क्षेत्रमा दुई देशबिच सहकार्यको बलियो सम्भावना रहेको धारणा राखे। नेपालको अर्थतन्त्रको मेरुदण्डका रूपमा पर्यटन उद्योग रहेको चर्चा गर्दै अध्यक्ष ढकालले सगरमाथादेखि लिएर भगवान् बुद्धको जन्मस्थल लुम्बिनीसम्मका स्थलहरूको विशेष धार्मिक, सांस्कृतिक र प्राकृतिक आकर्षण रहेको बताए।

नेपालमा लगानीमैत्री वातावरण निर्माण भएको, सरकारले



लगानी र कम्पनी दर्तासम्बन्धी प्रक्रिया सहज बनाउन 'वान-स्टप सर्भिस सेन्टर' स्थापना गरिसकेको, राष्ट्रिय बजेटले ऊर्जा, कृषि, सूचना प्रविधि, निर्माण र डिजिटल नवप्रवर्तनजस्ता क्षेत्रलाई प्राथमिकतामा राख्दै कर छुट र व्यापार नियमहरू सजिलो बनाएको उल्लेखसमेत गरे। यसले नेपालमा लगानीका लागि सहज वातावरण बनेको देखिएको उनले प्रस्ट्याए। नेपालसँग स्वच्छ ऊर्जामा विशाल सम्भावना रहेको, ४० हजार मेगावाटभन्दा बढी जलविद्युत् क्षमताको उपयोग हुन बाँकी रहेको उनले बताए।

नवौं संस्करणको पावर समिट असोजमा

काठमाडौं/ स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले १ र २ असोजमा काठमाडौंमा 'पावर समिट, २०२५' आयोजना गर्ने भएको छ। सरकारले लिएको २०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्यलाई केन्द्रमा राखेर इप्पानले पावर समिट गर्न लागेको हो। त्यो परिप्रेक्ष्यमा आगामी असोजमा ऊर्जा क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको कार्यक्रमका रूपमा पावर समिट गर्न लागेको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए। अहिले नेपालमा विद्युत्को जडित क्षमता ३६ सय मेगावाट छ।

'नेपालको कुल ऊर्जा उत्पादनमा निजी क्षेत्रको योगदान ८० प्रतिशतभन्दा बढी छ। हालसम्म निजी क्षेत्रले १३ खर्ब रुपैयाँबराबरको लगानी गरिसकेको छ भने ५० खर्ब रुपैयाँ लगानीका लागि तम्सिएको छ,' उनले भने, 'निजी क्षेत्रकै अगुवाइमा ४२ सय मेगावाट क्षमताका आयोजनाहरू निर्माणाधीन अवस्थामा रहेका र ४१ सय मेगावाट क्षमताका आयोजनाहरू विद्युत् खरिद सम्झौता (पिपिए) सम्पन्न गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा परिप्रेक्ष्यमा आगामी असोजमा पावर समिट गर्दै छौं।'

१४ वर्षदेखि अलपत्र कन्काई पुल

ठेक्का तोड्ने तयारीपछि काम गर्ने प्रतिबद्धता, तर वर्षभरि ७ प्रतिशत मात्र प्रगति



अलपत्र परेको हुलाकी राजमार्गको पुल। तस्बिर : नयाँ पत्रिका

झापामा **चिरञ्जीवी घिमिरे**

हुलाकी राजमार्गअन्तर्गतको कन्काई पुल निर्माणको जिम्मा पाएको कम्पनीले १४ वर्षदेखि अलपत्र पारेपछि गत माघमा सरकारले ठेक्का तोड्ने तयारी गर्‍यो। ठेक्का तोड्ने तयारी गरेको थाहा पाएपछि पुल निर्माणको जिम्मा पाएको पप्पु र महादेव खिम्ती जेभीले काम गर्ने प्रतिबद्धता जनाए। ठेकेदारले प्रतिबद्धता जनाएपछि सरकार ठेक्का तोड्नबाट पछि हट्यो। तर, कामको गति भने अझै सुस्त छ। काम गर्ने समय बर्खाअघि पुल निर्माणको प्रगति करिब ७ प्रतिशत मात्र रहेको हुलाकी सडक राजमार्ग आयोजना कार्यालय इटहरीले जनाएको छ। यो एक वर्षभित्रको काम हो। जेठ लागेपछि पुल निर्माणको काम रोकिएको छ। बर्खामा काम गर्न गाह्रो भएकाले काम रोकिएको आयोजनाले जनाएको छ।

हुलाकी राजमार्गअन्तर्गत झापाको गौरीगन्ज गाउँपालिका र झापा गाउँपालिका जोड्ने कन्काई माई नदीको सात सय मिटर लामो पुल ३१ जेठ ०६८ मा पप्पु र महादेव खिम्ती जेभीले २९ जेठ ०७२ मा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता गरेका थिए। सात सय २५ मिटर लम्बाइ रहेको पुल बनाउन ३४ करोड नौ लाख रुपैयाँमा सम्झौता भएको थियो। सुरुमा पप्पुले काम गर्‍यो। तर, पुल अलपत्र बनाएपछि पछिल्लो समय निर्माण व्यवसायी महासंघका अध्यक्ष रवि सिंहको निर्माण कम्पनी महादेव खिम्तीले काम अघि बढायो। तर, यो कम्पनीको पनि काम सुस्त छ। पाँचौंपटक थपिएको म्याद ०८० असारमै सकिएपछि म्याद थपिएको छैन। यो अवधिमा करिब ६२ प्रतिशत मात्र काम सकिएको हुलाकी सडक आयोजना कार्यालय इटहरीका प्रमुख युवराज पोखरेलले जानकारी दिए।

गत माघमा झापामा भएको पत्रकार सम्मेलनमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ठेक्का तोड्ने तयारी गरेपछि पुरानै निर्माण कम्पनीले काम थालेको बताएका थिए। उसले सरकारलाई काम भइरहेको देखाउन काम गर्ने समय अवधिभरि कामदार मात्र त्यहाँ राखेको थियो। 'हिउँदेखि नै चार-पाँचजना काम गर्ने मान्छे राखेका थिए। त्यहाँभन्दा धेरै कहिल्यै कामदार ल्याएका छैनन्। यहाँ मन्त्रीदेखि नेतासम्म आएर हेरेपछि काम भइरहेको छ भन्ने देखाउनलाई चार-पाँचजना मान्छे ल्याएका हुन्। तर, कामचाहिँ गर्दैनन्,' गौरीगन्ज- १ का स्थानीय चैतलाल कोच भन्छन्, 'यो हामी जनताको आँखामा छारो हाल्ने कामबाहेक केही पनि हैन। यस्तो तरिकाले त काम सक्नलाई अझै २० वर्ष लाग्छ।'

हुलाकी राजमार्ग योजना कार्यालय इटहरीका अनुसार राष्ट्रिय सतर्कता केन्द्रले प्राविधिक परीक्षण गर्दा पुलमा भएको काममा प्राविधिक त्रुटि देखाएको थियो। आयोजनाले पुल्चोक क्याम्पसको विज्ञ टोली लगेर अध्ययन गरेको थियो। निर्माण व्यवसायीले त्यो प्रतिवेदनका आधारमा सच्याउने काम गरेको आयोजना कार्यालय इटहरीका प्रमुख युवराज पोखरेलले जानकारी दिए। 'प्रतिवेदनका आधारमा त्यसलाई सच्याउने काम भएको छ। दुई स्ल्यापको ढलान पनि भएको छ। यो वर्ष करिब ७ प्रतिशत काम भएको छ,' उनले भने, 'बर्खा लागेपछि त्यहाँ काम गर्न सम्भव भएन। गाडी जान सकेन। तसर्थ, जेठदेखि काम रोकिएको छ।' अब बर्खा सकिएपछि पनि काम तीव्र गतिमा अघि बढेन भने ठेक्का तोड्ने प्रक्रिया सुरु गरिने उनले जानकारी दिए।

प्रधानमन्त्री केपी ओली र भौतिक पूर्वाधारमन्त्री देवेन्द्र दाहालको गृहजिल्लामा पर्ने यो पुल वर्षौंदेखि अलपत्र हुँदा पनि निर्माण व्यवसायीसामु सरकार निरीह छ। काम नगर्ने निर्माण व्यवसायीलाई सरकारले कारबाही गर्न सक्दैन। समयमा कन्काई पुल नबनेपछि स्थानीयले जोखिपूर्ण रूपमा बर्खामा डुंगा र हिउँदमा बाँसको पुलमा यात्रा गरिरहेका छन्, त्यो पनि पैसा तिरेर। गौरीगन्ज गाउँपालिकाले हिउँदमा बाँसको पुल निर्माण र बर्खामा डुंगा सञ्चालनका लागि दुई लाख ३० हजारमा स्थानीय ईश्वर माझीलाई ठेक्का दिएको छ। माझीले हिउँदमा बाँसको लामो पुल बनाएका थिए। जसबापत उनले मोटरसाइकलमा यात्रा गर्नेलाई ५० रुपैयाँ र साइकलमा यात्रा गर्नेलाई ३० रुपैयाँ लिन्छन्। बर्खा लागेपछि डुंगा चलाएका छन्। उनले डुंगामा मोटसाइकल तारेको १५०, साइकल मान्छेको ५० रुपैयाँ र मान्छेको ३० देखि ५० रुपैयाँ लिँदै आएका छन्। 'यहाँ दैनिक दुई सयभन्दा धेरै मान्छे हिँड्छन्। तर, पुलको काम कहिल्यै सकिँदैन। यसपटक चार-पाँचजना मान्छे ल्याएर गरेका थिए,' पुलछेउमा पसल गर्दै आएका बाइठु महतो भन्छन्।'

पोखरा विमानस्थलमा ३६ सय किलोलिटर क्षमताको हवाई इन्धन डिपो निर्माण

अजित अधिकारी/नयाँ पत्रिका

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थलमा उडान र अवतरण गर्ने विमानलाई सेवा दिन आयल निगमले ३६ सय किलोलिटर क्षमताको नयाँ इन्धन डिपो निर्माण गरेको छ। निगमको भण्डारण क्षमता वृद्धि परियोजनाले मूल्य अभिवृद्धि करबाहेक ७५ करोड लागतमा नयाँ डिपो बनाएको जनाएको छ।

उक्त डिपोले पोखरा विमानस्थलका वायुसेवाको तीन महिनाको इन्धन माग धान्न पुग्ने परियोजना प्रमुख प्रदीप यादवले जानकारी दिए। 'आयल निगमका डिपोहरू विदेशी आर्थिक तथा प्राविधिक सहयोगमा निर्माण हुने गरेकोमा पोखरास्थित हवाई इन्धन डिपो भने ५५ वर्षको इतिहासमा पहिलोपटक शतप्रतिशत स्वदेशी सिप र पुँजीमा निर्माण गरिएको छ,' उनले भने। विगतमा परामर्शदातासमेत अन्तर्राष्ट्रियस्तरबाट नियुक्ति हुने गरेकोमा पोखरामा इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकले डिजाइन, लागत अनुमान र सुपरिवेक्षणको काम गरेको यादवले जानकारी दिए। नागरिक उड्डयन प्राधिकरणसँग नौ हजार दुई सय १५ वर्गमिटर



जग्गा लिजमा लिएर इन्धन डिपो निर्माण गरिएको निगमले जनाएको छ। यादवका अनुसार डिपो बनाउन २ चैत ०७७ मा टेन्डर आह्वान भएकोमा दुई वर्षपछि २९ कात्तिक ०७९ मा मात्रै ठेक्का सम्झौता भएको थियो। त्यसपछि १ साउन ०८० मा शिलान्यास गरिएको डिपो करिब दुई वर्षमा निर्माण सकिएको हो। 'शिलान्यासलगत्तै निर्माण कार्यलाई निरन्तर रूपमा तीव्रता दिई हाल सम्पन्न गरिएको छ,' यादवले भने।

डिपोभित्र १२ सय किलोलिटर क्षमताका समान तीनवटा भण्डारणगृह र १२ सय किलोलिटरको अर्को पानीट्यांकीसमेत निर्माण गरिएको परियोजनाले जनाएको छ। आधुनिक फायर फाइटिङका संरचनासमेत जडान भएकाले आगलागीजन्य घटना न्यूनीकरणका लागि उच्च सतर्कता अपनाइएको यादवले जानकारी दिए। 'यहाँ जडान गरिएका स्टोरेज ट्यांक तथा फलामका पाइपहरू अमेरिकन पेट्रोलियम इन्स्टिच्युट (एपिआई) मापदण्डमा आधारित रहेका छन्,' उनले भने।

निर्माण सम्पन्न भएकोबारे जानकारी दिन आयोजित कार्यक्रममा इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकका सहायक डिन डा. सुरज लामिछानेले स्वदेशी परामर्शदाताको लागत अनुमान र सुपरिवेक्षणमा पनि ठुला परियोजना बनाउन सक्ने दक्षता रहेको पुष्टि भएको बताए। 'विदेशमा पढेर आएका वा विदेशी संस्था मात्रै अब्बल हुन्छन् भन्ने भ्रम चिर्न पोखरास्थित निगमको हवाई इन्धन डिपो सफल भएको छ,' लामिछानेले भने, 'यो डिपो आधुनिक प्रविधि र स्वदेशी सिपको प्रयोग गरेर समयमै निर्माण सकिएको छ। यसमा सबैले गर्व गर्नौं,' उनले भने।

इन्जिनियरिङ अध्ययन संस्थान, पुल्चोकको कन्सल्टेन्सी सेवा विभाग प्रमुख नारायण गौतमले ठुला परियोजनाको डिजाइन, लागत अनुमान र सुपरिवेक्षण गर्न स्वदेशी जनशक्ति नै दख्खल रहेको बताए। उनले निगमकै सिनामंगलस्थित हवाई इन्धन कार्यालय स्थानान्तरणको अर्को परियोजनाको डिजाइनसमेत आफूहरूले गरिरहेको जानकारी दिए।

सिटिजन्स बैंकद्वारा वृद्ध, अपांग र असहायलाई लठी वितरण



काठमाडौं/ सिटिजन्स बैंकले वृद्ध, अपांग तथा असहायलाई लौरो वितरण गरेको छ। बैंकको सैनामैना नगरपालिका वडा नं ४, रुपन्देहीस्थित मुर्गिया शाखाले सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत वृद्ध, अपांग तथा असहाय व्यक्तिलाई लौरो वितरण गरिएको बैंकका शाखा प्रबन्धक कृष्ण पन्थीले जानकारी दिए।

सैनामैना नगरपालिका वडा नं ४ को समन्वयमा आयोजित कार्यक्रम बैंकको मुर्गिया शाखा प्रांगणमा भएको थियो। कार्यक्रममा सैनामैना वडा नं ४ का १५ वटै टोलमा रहेका ४० जना वृद्ध, अपांग तथा असहायलाई हिँडडुलमा सहयोग पुगोस् भन्ने उद्देश्यले आधुनिक लौरो वितरण गरिएको बैंकका शाखा प्रबन्धक पन्थीले जानकारी दिए। एक सय तीन वर्षीया वृद्धा आमा कस्तूरी विष्टलाई लौरो हस्तान्तरण गरेर कार्यक्रमको उद्घाटन गरिएको थियो।

बैंकका शाखा प्रबन्धक पन्थीले बैंकद्वारा प्रदान गरिने सेवा-सुविधाका साथै अस्पताल, ल्याब, होटेल आदिमा बैंकका ग्राहकलाई दिइने विशेष छुटको बारेमा सर्वसाधारणलाई जानकारी गराएका थिए। कार्यक्रमको अध्यक्षता गरेका प्रदेश प्रमुख प्रदीपकुमार श्रेष्ठले बैंक र स्थानीय निकायबिचको सम्बन्ध नङ र मासुको जस्तै भएको उल्लेख गर्दै यस्ता रचनात्मक सहकार्यबाट समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिने विश्वास व्यक्त गरे।

सैनामैना नगरपालिकाका नगरप्रमुख फणेन्द्रप्रसाद शर्माले सिटिजन्स बैंकले सामाजिक उत्तरदायित्वअन्तर्गत गर्दै आएका कार्यक्रम प्रेरणादायक रहेको बताउँदै भने, 'आज हामीले जसलाई लौरो दिइरहेका छौं, भोलि हामी सबैलाई यस्तै लौरोको सहाराको आवश्यकता पर्ने भएकाले वृद्धवृद्धाको संरक्षण र उनीहरूलाई सधैं माया र आदर गर्नुपर्छ।'

त्यस्तै, वडा नं ४ का वडाध्यक्ष रामप्रसाद अधिकारीले बैंकले भौतिक विकासमा मात्र ध्यान नदिई सर्वांगीण समाजको विकासका लागि बैंक र सामाजिक संस्थाबिचको सम्बन्ध र सहकार्य अतिनजिक र अति घनिस्ट हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा इलाका प्रहरी कार्यालय मुर्गियाका प्रमुख आदित्यराज विष्ट, लुम्बिनी प्रदेश क्लस्टर-३ का प्रमुख प्रकाश गौतम, सैनामैना व्यापार संघका अध्यक्ष सुरेन्द्रप्रसाद पौडेल, वडा नं ४ का जनप्रतिनिधिलगायतको उपस्थिति रहेको थियो।

बेष्ट फाइनान्सको साधारणसभाबाट मर्जर प्रस्ताव पारित



काठमाडौं/ बेष्ट फाइनान्सको २८औं वार्षिक साधारणसभा काठमाडौंमा सम्पन्न भएको छ। बुधबार सम्पन्न सभाले गत आर्थिक वर्षको वार्षिक प्रतिवेदन तथा उपयुक्त बैंक तथा वित्तीय संस्थासँग गाभ्ने-गाभिने तथा प्राप्ति गर्नेलगायतका प्रस्ताव पारित गरेको छ।

सभाले प्रा.डा. रामजी गौतम, सुशीला खनाल, रामचन्द्र देवकोटा, खिमलाल पौड्याल, रामलाल श्रेष्ठ र विष्णुप्रसाद ज्ञवालीलाई निर्विरोध सञ्चालक समितिमा निर्वाचित गरेको छ। फाइनान्सले आफ्ना सेयरधनी, ग्राहक, नियामक निकाय तथा सरोकारवालाप्रति आभार व्यक्त गर्दै भविष्यमा अझ प्रभावकारी र नवीनतम सेवा प्रदान गर्दै जाने लक्ष्य लिएको छ।

गरिमा विकास बैंक एनपिएस-एनसिएस र नेपाल पे कार्डमा आबद्ध



काठमाडौं/ गरिमा विकास बैंक नेपाल क्लियरिङ हाउस लिमिटेड (एनसिएचएल)को नेपाल पेमेन्ट स्विच (एनपिएस) र नेसनल कार्ड स्विच (एनसिएस) डोमेस्टिक कार्ड स्किम नेपाल पेमा आबद्ध भएको छ। यी दुवै पक्षबिच भएको सम्झौतामा बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) माधवप्रसाद उपाध्याय र एनसिएचएलका सिइओ नीलेशमानसिंह प्रधानले हस्ताक्षर गरे।

एनसिएचएलले हालै एनपिएस-एनसिएस पूर्वाधारको तयारी पूरा भएको घोषणा गरेको छ। बैंक, वित्तीय संस्थालाई नेपालको आफ्नै डोमेस्टिक कार्ड जारी र प्राप्तिका लागि आफ्नो स्विच एकीकृत गर्न आग्रह गरेको थियो। त्यससँगै बैंक, वित्तीय संस्था नेपाल पेमा आबद्ध भइरहेका छन्। पूर्वाधारको कर्मसियल रोलआउटपश्चात् गरिमा विकास बैंकका ग्राहकले कार्ड इस्यु तथा अक्वायर गर्न सक्नेछन्।

एनपिएस-एनसिएसलाई विभिन्न कार्ड स्विचबिच अन्तरआबद्धता कायम गर्दै डोमेस्टिक कार्ड कारोबारको राउटिङ र सेटलमेन्टका लागि सेन्ट्रल कार्ड स्विचका रूपमा स्थापना गरिन लागेको एनसिएचएलले जनाएको छ। उक्त प्रणालीको पूर्ण कार्यान्वयनपश्चात् डोमेस्टिक कार्ड कारोबारको लागत घटाउने, डेटा लोकलाइजेसन सुनिश्चित गर्ने र डिजिटल इकोसिस्टममा नवीनतम उपकरणको विकास तथा प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

बर्दीबासमा एभरेष्ट बैंकको शाखा विस्तार



काठमाडौं/ एभरेष्ट बैंकले शाखा विस्तार गरेको छ। बैंकले बर्दीबास नगरपालिका- १, महोत्तरीमा आफ्नो १३३औं शाखा विस्तार गरेको हो। शाखाको उद्घाटन बर्दीबास नगरपालिकाका मेयर प्रह्लादकुमार क्षेत्री र बैंकका प्रमुख कार्यकारी अधिकृत सुदेश खालिङले संयुक्त रूपमा गरेका हुन्। उक्त कार्यक्रममा वडा नं १ का वडाध्यक्ष भोला खड्का, बर्दीबास उद्योग वाणिज्य संघका अध्यक्ष विष्णु खड्का, बैंकका मधेश प्रदेश प्रमुख पुष्पराज उप्रेती, बैंकका कर्मचारीलगायतको उपस्थिति थियो।

शाखा उद्घाटनसँगै महोत्तरीवासीले अत्याधुनिक, सरल र सहज बैंकिङ सुविधा लिन सक्ने विश्वास बैंकले गरेको छ। यो शाखासँगै मधेश प्रदेशमा बैंकको शाखा संख्या १५ पुगेको छ।

बर्दीबासमा बैंकको शाखा कार्यालय स्थापनासँगै अब यस क्षेत्रको आर्थिक गतिविधि अझ बढ्न गई समग्र आर्थिक विकासमा थप टेवा पुग्ने विश्वास बैंकले लिएको छ।

पन्जाब नेसनल बैंक भारतसँग संयुक्त साझेदारमा स्थापित रहेको बैंकले देशैभरका एक सय ३३ शाखा सञ्जाल, चार एक्सटेन्सन काउन्टर, सात प्रादेशिक कार्यालय तथा एक सय ६८ एटिएमबाट सेवा दिँदै आइरहेको छ।

एसिटीले ल्यायो 'स्मार्ट जुलाई अफर'



काठमाडौं/ भुक्तानी प्रणाली स्मार्ट च्वाइस टेक्नोलोजिज (एसिटी)ले 'स्मार्ट जुलाई' अफर सार्वजनिक गरेको छ। जसअनुसार ग्राहकले बिगमार्टमा एसिटी-युपिआई कार्डबाट भुक्तानी गर्दा एकपटकमा १० प्रतिशत वा अधिकतम एक सय रुपैयाँ छुट प्राप्त गर्नेछन्। १ जुलाईदेखि सुरु भएको यो अफर ३१ जुलाईसम्म जारी रहनेछ।

छुट प्राप्त गर्न एसिटी-युपिआई कार्ड प्रयोग गरी पोस मेसिनमार्फत भुक्तानी गर्नुपर्नेछ। यो अफर ३१ जुलाई २०२५ सम्म बिगमार्टको सम्पूर्ण शाखामा लागू हुनेछ। एसिटीले हाल २३ वटा बैंक तथा वित्तीय संस्था र सयभन्दा बढी सहकारी संस्थामार्फत कार्ड जारी गर्दै आइरहेको छ।

दुई अस्पताल र एक विद्यालयलाई मुक्तिनाथ विकास बैंकको सहयोग



काठमाडौं/ मुक्तिनाथ विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न प्रदेशमा सामाजिक सहयोग गरेको छ। बैंकले स्वास्थ्य क्षेत्रअन्तर्गत वीरेन्द्रनगर- ४, सुर्खेतस्थित प्रदेश अस्पताल सुर्खेतलाई सहयोगस्वरूप १० थान ह्विलचेयर प्रदान गरेको छ। यो सहयोगले स्वास्थ्य सेवा लिन आउने बिरामी र ज्येष्ठ नागरिकलाई सहज हुने अपेक्षा बैंकले लिएको छ। साथै, कोशी प्रदेशस्थित जिल्ला अस्पताल, धनकुटामा समेत बैंकले सात थान तीन सिटर कुर्सी हस्तान्तरण गरेको छ।

त्यसैगरी बटालागाँउ, पूर्वीचौकी गाँउपालिका- ५, डोटीस्थित श्री नवप्रभाव आधारभूत विद्यालयमा अध्ययनरत ८७ जना छात्र-छात्रालाई विद्यालय पोसाक उपलब्ध गराएको छ। यस कार्यक्रमले विद्यार्थीमा उत्साह थप्नुका साथै अध्ययनप्रति सकारात्मक प्रभाव पर्ने विश्वास बैंकले लिएको छ। यसबाहेक बैंकले स्वास्थ्य, वातावरण तथा वित्तीय साक्षरतालगायतका क्षेत्रमा सहयोग गर्दै आइरहेको जनाएको छ। आगामी दिनमा समेत यस किसिमका गतिविधिलाई अझ प्रभावकारी बनाउँदै लैजाने प्रतिबद्धता बैंकले जनाएको छ।

भरतपुर महानगरद्वारा सिपमूलक तालिममा सहभागीलाई प्रमाणपत्र

भरतपुर/ भरतपुर महानगरपालिकाले मागमा आधारित सिपमूलक तालिममा सहभागी सात सय ७९ प्रशिक्षार्थीलाई प्रमाणपत्र वितरण गरेको छ। बिहीबार एक कार्यक्रमबिच महानगरले विभिन्न सिप क्षेत्रमा तालिम लिएका प्रशिक्षार्थीलाई औपचारिक रूपमा प्रमाणपत्र प्रदान गरेको हो। महानगरपालिकाले स्थानीय श्रमबजारको माग र दक्ष जनशक्तिको आवश्यकतालाई ध्यानमा राख्दै मेसन (ढलान र निर्माण), वारिस्टा (कफी तथा पेय पदार्थ तयार गर्ने), ड्राइभिङ र एड्भान्स ब्युटिपार्लर तालिम सञ्चालन गरेको थियो।

तालिम समापन समारोहमा भरतपुर महानगर प्रमुख रेनु दाहाल, उपप्रमुख चित्रसेन अधिकारी र प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले प्रशिक्षार्थीलाई संयुक्त रूपमा प्रमाणपत्र वितरण गरे। महानगर प्रमुख दाहालले सिप विकासमार्फत रोजगारी सिर्जना गर्दै आत्मनिर्भर नगर बनाउने उद्देश्यले तालिम आयोजना गरिएको बताइन्। उनले भरतपुर महानगर भविष्यमा पनि यस्ता तालिमलाई प्राथमिकतामा राख्दै युवालाई स्वरोजगारतर्फ प्रेरित गर्ने प्रतिबद्धता व्यक्त गरिन्। प्रमुख दाहालले तालिममा लिएको ज्ञान-सिपमार्फत उद्योग-व्यवसायमा लगाउन तथा रोजगार बन्न प्रशिक्षार्थीलाई आग्रह पनि गरिन्।

दक्ष जनशक्तिको माग स्वदेश तथा विदेशमा रहेकाले सिप सिकेपछि राम्रो आम्दानी गर्न सकिने उनको भनाइ थियो। यस्तै, उपप्रमुख चित्रसेन अधिकारीले महानगरले युवालाई लक्षित गरी बर्सेनि यस्ता तालिम प्रदान गर्दै आएको जानकारी दिए।

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693
स्टार मल, चौथो तल्ला, पुतलीसडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५
Email: liccorporate@licnepal.com.np | Website : https://www.licnepal.com.np

शेयरधनी/लगानीकर्ता महानुभावहरूलाई बुझिलिन बाँकी नगद लाभांश/फिर्ता लिनुपर्ने रकम संकलन/दावी गर्न आउने बारे सूचना

यस कम्पनीको मिति २०७६/०४/२४ मा सम्पन्न १७ औं वार्षिक साधारण सभाबाट कम्पनीका शेयरधनीहरूलाई आ.व. २०७४/७५ को मुनाफाबाट ३५.५३ प्रतिशतका दरले पारित नगद लाभांश पाँच वर्षको अवधि समाप्त भईसक्दा समेत केही शेयरधनी महानुभावहरूले संकलन गर्न नआउनु भएको तथा कम्पनीको प्रारम्भिक सार्वजनिक निश्काशन (आईपिओ) शेयर खरिदका लागि आवेदन पेश भई शेयर बाँडफाँड गर्दा आंशिक रुपमा शेयर परेको वा शेयर नपरेको कारणले लगानी गर्न प्रवाह भएको रकम मध्ये फिर्ता बुझिलिनुपर्ने रकम केही लगानीकर्ता महानुभावहरूले पाँच वर्षको अवधि समाप्त भईसक्दा समेत संकलन गर्न नआउनु भएकोले उक्त नगद लाभांश/फिर्ता लिनुपर्ने लगानी रकम संकलन/दावी गर्न बाँकी रहेका शेयरधनी/लगानीकर्ता महानुभावहरूको विवरण यस कम्पनीको वेभसाइट https://www.licnepal.com.np मा प्रकाशित गरिएको जानकारी गराउँदछौं।

उक्त सूचिमा उल्लिखित शेयरधनी/लगानीकर्ता महानुभावहरूलाई आफ्नो परिचयपत्र सहित यो सुचना प्रकाशित भएको मितिले एक महिना भित्र यस कम्पनीको शेयर रजिष्ट्रार नेपाल एसबिआई मर्चेन्ट बैंकिङ्ग लिमिटेड, लेखनाथ मार्ग , ठमेल काठमाडौंमा सम्पर्क राखी उक्त बाँकी नगद लाभांश/फिर्ता लिनुपर्ने लगानी रकम बुझिलिनुहुन अनुरोध गर्दछौं। सो अवधि भित्र समेत सम्बन्धित शेयरधनी/लगानीकर्ता महानुभावहरूको दावी प्रस्तुत हुन नआएमा बुझिलिन बाँकी रकमहरू कम्पनी ऐन २०६३ को दफा १८२(९) तथा लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३ बमोजिम लगानीकर्ता संरक्षण कोषमा दाखिला गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

शेयर रजिष्ट्रार
नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड
Nepal SBI Merchant Banking Ltd.
लेखनाथमार्ग, ठमेल, काठमाडौं, फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np

मौजुदा सूची दर्ता गराउने बारेको सूचना

(प्रथम पटक प्रकाशित २०८१/०३/२०)

यस कार्यालयले आगामी आ.व. २०८२/८३ मा फूटकर रूपमा खरिद गर्ने तपसिल बमोजिमका सामान तथा सेवा आपूर्तिकर्ताको सूची तयार गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त रजिष्टर्ड व्यक्ति, फर्म, तथा कम्पनीहरूले आफुले गर्न खोजेको कार्यको उद्देश्य प्रष्ट रूपले खूलेको इजाजतको प्रमाणपत्र (नविकरण सहित), स्थायी लेखा नम्बर/मूल्य अभिवृद्धि कर प्रमाणपत्रको प्रतिलिपि, आ.व.२०८०/८१ को कर चुक्ता प्रमाणपत्र सहित ठेगाना, फोन नं., मोवाईल नं. र इमेल ठेगाना प्रष्ट खुलाई आवेदन फाराममा उल्लेखित योग्यता सहितका कागजातहरू समावेश गरी यो सूचना प्रकाशित भएको मितिले १५ दिन (सो दिन सार्वजनिक विदा परेमा तत्पश्चात कार्यालय खूलेको पहिलो दिन) भित्र यस कार्यालयमा मौजुदा सूची (Standing List) मा सूचीकृत हून महिला लघूवित्त वित्तीय संस्था लि. आर्थिक प्रशासन विनियमावली, २०७५ को विनिययम २५ बमोजिम यो सूचना प्रकाशित गरिएको छ। आवेदन फाराम यस कार्यालयको सामान्य सेवा विभाग तथा महिला लघूवित्त वित्तीय संस्था लि.को वेब साइट (www.mlbsl.com.np) बाट समेत प्राप्त गर्न सकिने छ। आवेदन पेश गर्दा आवेदन फाराममा उल्लेखित विवरणहरू भरी सही छाप गरी आवश्यक कागजातहरूका साथ पेश गर्नुपर्ने छ। साथै, यस कार्यालयको इमेल ठेगाना gsd@mlbsl.com.np मा समेत पठाउन सकिने छ। आवेदन फाराममा उल्लेखित विवरण तथा योग्यताका कागजातहरू पेश नभएमा वा तोकिएको योग्यता नपुगेका आवेदनकर्तालाई मौजुदा सूचीमा समावेश गरिने छैन। आवेदकलाई सूचीमा समावेश गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस संस्थामा निहित रहनेछ। अन्य आवश्यक जानकारीका लागि यस कार्यालयको सामान्य प्रशासन विभागमा सम्पर्क राख्न सकिने छ।

तपसिल

सि.नं.	विवरण	सि.नं.	विवरण
क.	खरिद तथा आपूर्ति तर्फ	ग.	मर्मत तथा संभार सेवा
१.	स्टेशनरी छपाई तथा फुटकर सामान	१.	फर्निचर मर्मत सेवा
२.	विद्युतिय सामाग्री	२.	इलेक्ट्रोनिक्स उपकरण
३.	निमार्ण सामाग्री तथा रंगरोगन	३.	सवारी साधन मर्मत
४.	पर्दा, कार्पेट, डोरमेट आदि	४.	कार्यालय संभार
५.	फर्निचर	५.	टेलिफोन मर्मत सेवा
६.	इलेक्ट्रोनिक्स उपकरण (कम्प्यूटर, ल्यापटप, प्रिष्टर, स्क्यानर)	६.	विद्युतिय उपकरण (जेनेटर, एयरकण्डिसनर, व्यष्ट्री, इन्भटर)
७.	सवारी साधन पार्टपूर्जा तथा लुब्रिकेन्ट्स	घ.	अन्य सेवा
८.	पत्रपत्रिका तथा पुस्तकहरू	१.	कुरियर सेवा
ख.	परामर्श सेवा	२.	ढुवानी सेवा
१.	सूचना प्रविधि तथा नेटवर्किङ्ग सेवा	३.	सवारी साधन बहालमा उपलब्ध गराउने (Outsourcing) सेवा

महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्रप्राप्त संस्था (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय बनेपा-१३ साँगा, काभ्रेपलाञ्चोक
फोन नं.: ०११-६६१३२९, ०१-४५४०९१७, एक्सटेन्सन नं. १०७, १०९
Email: gsd@mlbsl.org, Website: www.mlbsl.com.np

LIC लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)
AN ISO 9001 CERTIFIED ORGANISATION
Certificate No. 42693
स्टार मल, चौथो तल्ला, पुतलीसडक, काठमाडौं
फो.नं.: ०१-४०१२६१३, फ्याक्स् नं.: ९७७-१-४०१२६१५
Email: liccorporate@licnepal.com.np | Website : https://www.licnepal.com.np

दाबी भुक्तानी (Claim) लिन आउने तथा बैंक खाता विवरण दिन/अद्यावधिक गर्नहुन अनुरोध

हाम्रा सम्पूर्ण आदरणीय बीमितहरूलाई बीमा दावीहरूको सहज र समयमै भुक्तानी गर्नको लागि अनलाइन भुक्तानी प्रणाली मार्फत भुक्तानी भईरहेको सहर्ष जानकारी गराउँदछौं। तथापी, कतिपय बीमित महानुभावहरूको बीमा अभिलेखमा सहि र बैंक खाता विवरण अद्यावधिक नभएको कारणले समयमै भुक्तानी हुन कठिनाई भईरहेको र सो को लागि बीमा अभिलेखमा सहि र बैंक खाता विवरणहरू अद्यावधिक हुनु अनिवार्य रहेको प्रष्ट पार्न चाहन्छौं।
अतः आफनो बैंक खाता विवरण नदिनुभएका तथा अद्यावधिक नगराउनु भएका आदरणीय बीमितहरूलाई चाँडो भन्दा चाँडो बैंक खाता विवरण दिन र अद्यावधिक गर्नहुन अनुरोध गर्दछौं।
साथै चुक्ता, जिवीत लाभ र पूर्ण परिपक्वता लाभ (Paid up/ Survival Benefit / Maturity Benefit)भुक्तानी लिन बाँकी रहनु भएका आदरणीय बीमितहरूलाइ सो भुक्तानी लिनुहुनको लागि समेत अनुरोध गर्दछौं।
थप सहयोगको लागि हाम्रो नजिकको शाखा, उपशाखा कार्यालय वा कम्पनीको केन्द्रिय कार्यालयमा सम्पर्क गर्न हुन समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं।

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग
आन्तरिक राजस्व कार्यालय बालाजुको

कर निर्धारण तथा संशोधित कर निर्धारण सम्बन्धी अत्यन्त जरूरी सूचना

प्रथम पटक सूचना प्रकाशन मितिः २०८२।०३।२०

यस कार्यालयको कार्यक्षेत्र अन्तर्गत दर्ता रहेका तपसिलमा उल्लेखित करदाताहरुको तोकिएका आय वर्षहरुको कारोबार को सम्बन्धमा छानविन, अनुसन्धान तथा कर परीक्षणको सिलसिलामा आयकर ऐन, २०५८ को दफा ८३(१) एवं मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २३(२) बमोजिम कागजात पेश गर्ने बारेको पत्र विभिन्न मितिमा जारी गरिएकोमा केही करदाताले पत्र बुझी प्रमाण कागजात पेश नगरेको र सम्पर्क हुन नसकी सो पत्र नबुझेका करदाताहरुको लागि मिति २०८१।०१।०९ गतेको नयाँ पत्रिका दैनिकमा सूचना प्रकाशन गरिएकोमा उल्लेखित/तोकिएको म्यादभित्र माग भए बमोजिमका प्रमाण कागजात पेश नगरेकोले कार्यालयमा उपलब्ध भएसम्मका कागजात तथा प्रमाणका आधारमा मूल्य अभिवृद्धि कर तथा आयकर निर्धारण गर्ने प्रयोजनका लागि आयकर ऐन, २०५८ को दफा १०१(६) एवं मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(५) र आयकर ऐन, २०५८ को दफा ९०(८) बमोजिमको सूचना जारी गरिएको छ। सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुत प्रमाण भए यो सूचना जारी भएको मितिले १५(पन्ध्र) दिनभित्र पेश गर्नुहुन जानकारी गराईन्छ। अन्यथा सूचनामा उल्लेख भए बमोजिम नै कर निर्धारण/ संशोधित कर निर्धारण हुनेछ। विस्तृत विवरणका लागि कार्यालयमा सम्पर्क गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपसिलः

क्र.सं.	फर्मको नाम	स्थायी लेखा नं.	फर्मको ठेगाना	प्रोप्राइटर/सञ्चालक	आय वर्ष
१.	शुभकामना विजनेश ग्रुप प्रा.लि.	६०४३०७४४४	तारकेश्वर-१०, लोकतान्त्रिक चोक	नरेश श्रेष्ठ	२०७७/०७८
२.	गोरखकाली हेभी इक्यूपमेन्ट एण्ड भेहिकल सप्लायर्स प्रा.लि.	६०५९७८७५१	काठमाडौं-१६, नयाँबजार	मिना थापा मगर	२०७८/०७९
३.	मुन्थला देवी रेडिमेड उद्योग	६०१६१०६६८	तारकेश्वर-४, गोलढुङ्गा	धन नारायण श्रेष्ठ	२०७८/०७९
४.	घले हैण्डीक्राफ्ट	१३२६३८९६४	तारकेश्वर-४, काठमाडौं	सिता घले	२०७९/०८०
५.	श्रेष्ठ — नागार्जुन — मुडभरी एण्ड जोशी जे.भी.	६१२७४७०७२	काठमाण्डौं-१६, बालाजु	दिपक बहादुर सिंह	२०७७/०७८
६.	नेपाल शरणम आई. टी. प्रा.लि.	३०४४२२३४६	काठमाण्डौं-१६, बालाजु	सरोजिनी श्रेष्ठ	२०७७/०७८
७.	गडीमाई क्वालिटी ह्याण्डिक्राफ्ट	६०३०४७२४८	काठमाण्डौं-१६, बालाजु	प्रेम तुम्सिङ मगर	२०७८/०७९
८.	राजेश्वर ट्रेड कन्सर्न	६१०५९२८७४	तारकेश्वर-११, तारकेश्वर	राजेश्वर कुमार शाह	२०७८/०७९
९.	नागार्जुन कन्स्ट्रक्सन कम्पनी प्रा.लि.	३०००५४८००	तारकेश्वर-३, काठमाडौं	दिपक बहादुर सिंह	२०७७/०७८
१०.	स्टार मोटर वर्कशप	५००२१३३०२	टोखा-१०, सामाखुशी	टेक बहादुर स्वार	२०७९/०८०

नेपाल सरकार
शहरी विकास मन्त्रालय
सिफारिस समितिको सचिवालय
अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको
कार्यकारी समितिको अध्यक्ष पदका लागि

आवेदन माग्को सूचना

प्रथम पटक प्रकाशन मिति : २०८२/०३/२०

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकाले अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति गठन आदेश, २०७३ र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ बमोजिम इच्छुक उम्मेदबार हरूबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयभित्र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन सोही निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ। दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिनेछ।

१. **आवश्यक योग्यता :**
मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको

२. **पारिश्रमिक तथा सुविधाहरु :**
नेपाल सरकारबाट तोकिए बमोजिम

३. **दरखास्त फाराम साथ संलग्न राख्नुपर्ने कागजातहरु :**
क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
ख) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
ग) व्यक्तिगत विवरण
घ) अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि
ङ) शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२क. बमोजिमको स्वघोषणापत्र
च) अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति सुधारको व्यावसायिक कार्य योजना (५ हजार शब्दमा नबढाई) को छुट्टै सिलबन्दी खाम

नोट : दरखास्त फाराम शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) मा बुझाउनुपर्नेछ। फारमको ढाँचा वा अन्य आवश्यक जानकारीका लागि (कार्यालय समयभित्र ४२११८७६) मा सम्पर्क गर्न सकिनेछ। विस्तृत जानकारी मन्त्रालयको वेबसाइट *www.moud.gov.np* बाट समेत प्राप्त गर्न सकिनेछ।

द्रष्टव्य : व्यावसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुने मिति, समय र स्थान उम्मेदवारहरूको अन्तिम सूची प्रकाशन गर्दा तोकिनेछ।

- सिफारिस समिति

का.नि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.नि.द.न. १७/०६९/०७०

नयाँ पत्रिका

■ एसिसी यू-१६ इस्ट जोन कप

उपाधि रक्षाका लागि भोलि सिंगापुरसँग भिड्दै नेपाल

नयाँ पत्रिका

साबिक विजेता नेपालले एसिसी यू-१६ इस्ट जोन कप क्रिकेट प्रतियोगिताको उपाधिका लागि शनिबार सिंगापुरसँग प्रतिस्पर्धा गर्नेछ। बिहीबार भएको सेमिफाइनलमा नेपालले घरेलु टोली मलेसियामाथि नौ विकेटको सानदार जित निकाल्दै लगातार दोस्रोपटक फाइनल स्थान पक्का गरेको हो। सिंगापुरले पहिलोपटक हङकङविरुद्ध चार विकेटको जित निकाली नेपालसँगको भेट पक्का गऱ्यो। एसिसी यू-१६ इस्ट जोनमा नेपाल र सिंगापुरबिच दोस्रोपटक प्रतिस्पर्धा हुन लागेको हो।

यसअघि समूह चरणमा नेपालले सिंगापुरमाथि पाँच विकेटको जित निकालेको थियो। कप्तान विपिनप्रसाद शर्माको कप्तानीमा रहेको नेपाल प्रतियोगितामा अपराजित छ। नेपालले फाइनल यात्राका क्रममा समूह चरणमा सिंगापुर, जापान, इन्डोनेसिया र भुटानलाई हराएको थियो। सन् २०२३ को फाइनलमा नेपालले मलेसियालाई हराएको थियो।



नेपाल बलिङ र ब्याटिङमा उत्कृष्ट

नेपालले मलेसियाविरुद्ध ब्याटिङ र बलिङमा पुनः एकपटक उत्कृष्ट प्रदर्शन गऱ्यो। पहिलो ब्याटिङ गरेको मलेसिया पूरै ५० ओभर टिक्न सकेन। मलेसिया ४३.१ ओभरमा ९० रनमै अलआउट भयो। सहज लक्ष्य पछ्याएको नेपालले केवल ११.४ ओभरमा एक विकेटको क्षतिमा ९२ रन जोड्दै सानदार जित निकाल्यो। उमेर समूहमा नेपाल र मलेसिया एकआपसका चिरपरिचित प्रतिद्वन्द्वी हुन्। सन् २०११ मा एसिसी इलाइट यू-१६ कपको फाइनलबाहेक मलेसियाले नेपालमाथि जित निकाल्न सकेको छैन।

मलेसियामाथि हावी भइरहेको नेपालले प्रतिओभर ७.८ मा रनरेटमा ब्याटिङ गरेको थियो। मलेसियाविरुद्ध अभय यादव र सुभम खनालले कसिलो बलिङ गरेका थिए। अभयले १० ओभरमा १५ रन खर्चेर चार विकेट लिए। सुभमले १० ओभरमा चार मेडन राखी १२ रन खर्चेदै तीन विकेट हात पारे। कप्तान विपिनप्रसाद र सचिन भट्टले समान एक विकेट हात पारे।

परिमार्जनको आक्रामक अर्धशतक

सहज लक्ष्य पछ्याएको इनिङ्समा नेपालका लागि ओपनर परिमार्जन यादवले आक्रामक ब्याटिङ गरेका थिए। इनिङ्सको ४.३ ओभरमा नेपालले दोस्रो ओपनर प्रसिद्ध जैसीलाई दुई रनमा गुमाएको थियो। त्यसपछि परिमार्जन र विकेटकिपर श्रीवांश बजगाईंले अविजित ७५ रनको साझेदारी गर्दै नेपाललाई फाइनलमा पुऱ्याए।

परिमार्जनले ३५ बलमा समान पाँच चौका र छक्का प्रहार गरी ५९ रनको योगदान दिए। बजगाईंले २२ बलमा पाँच चौका प्रहार गर्दै २३ रन बटुले।

नेपालले आठ अतिरिक्त रन पाएको थियो। मलेसियाको बलिङमा एक मात्र विकेट नागेस्वरनले लिए। मोहमद अमिरुल प्रतिओभर १४ रन खर्चिंदा पनि विकेटविहीन भए। बजगाईंले मोहमदको ओभरमा फाइन लेगमा विजयी चौका प्रहार गरेका थिए।

नेपाली बलरसामु मलेसिया निरीह

घरेलु मैदान तथा समर्थकबिच पहिलो ब्याटिङ गरेको मलेसियाले नेपालविरुद्ध सोचेजस्तो ब्याटिङ गर्न सकेन। समूह 'बी' उपविजेताका रूपमा सेमिफाइनलमा स्थान बनाएको मलेसियाका लागि मोहमद मुनले मात्र सर्वाधिक ३८ रनको योगदान दिए। मलेसियाको ब्याटिङमा उनी नै अन्तिम विकेटका रूपम आउट भएका थिए। मोहमदले ३८ रन बनाउन ७१ बलमा ६ चौका र एक छक्का प्रहार गरेका थिए। उनलाई अन्य ब्याट्समयानले गतिलो साथ दिन सकेनन्।

> प्रतियोगितामा एक मात्र अपराजित टोली नेपालले फाइनल स्थान सुरक्षित गर्दा साबिक उपविजेता मलेसियामाथि सानदार नौ विकेट जित निकाल्यो

मलेसियाका तीन खेलाडी शून्यमा आउट भए। मलेसियाका ६ खेलाडीले दोहोरो अंकमा रन जोड्न सकेनन्। मोहमदबाहेक अहमेद फलिकले मात्र चौका प्रहार गरे। इनिङ्सको २.४ ओभरमा मलेसियाले पहिलो विकेटका रूपमा अजिब वाजलाई गुमाएको थियो। सोही ओभरको अन्तिम बलमा मोहमद अहनफले आफ्नो विकेट गुमाए। इनिङ्सको एक समय मलेसिया २३-३ को स्थितिमा थियो।

नेपाली बलरले कसिलो बलिङ गर्दा मलेसियाले २६.६ ओभरमा ७ विकेट गुमाएर ४६ रन बनाएको थियो। इनिङ्सको २७औं ओभरसम्म मलेसियाको रनरेट २ भन्दा तलै थियो। डिआज पाट्रो र मोहमद नुर एडमले चौथो विकेटका लागि ४७ बलमा १९ रन जोडे। अजाम डानियल र नागेस्वरनले ४५ बलमा सात रनको साझेदारी गरेका थिए।

सिंगापुर चार विकेटले विजयी

दोस्रो सेमिफाइनलमा सिंगापुरले पहिलोपटक हङकङमाथि चार विकेटको जित निकाल्यो। पहिलो ब्याटिङ गरेको हङकङले ४३ ओभरमा सबै विकेट गुमाएर १६८ रन बनाएको थियो। प्रत्युत्तरमा सिंगापुरले ३८.५ ओभरमा ६ विकेटको नोक्सानीमा १७३ रन बनायो। सिंगापुरको जितमा स्वरित ठाकुरले सर्वाधिक ५१ रनको योगदान दिए। उनले ७५ बलमा पाँच चौका र तीन छक्का प्रहार गरे। ओपनर तथा विकेटकिपर राहन अस्टिनले ४३ बलमा २५ रन बनाए। हङकङको ब्याटिङमा रेयांस शर्माले ४६ तथा प्रितिकिशोर कुमारले ६२ बलमा ४२ रनको योगदान दिए। सिंगापुरका युभान पाण्डेले नौ ओभरमा ३६ रन खर्चेर चार विकेट लिए।

छनोटको एउटै समूहमा एपिएफ र अल नासर



एपिएफले साउदी प्रो लिगमा आबद्ध अल नासरसँग एएफसी च्याम्पियन्स महिला लिग छनोटमा प्रतिस्पर्धा गर्ने

नयाँ पत्रिका

नेपालको एपिएफ र साउदी प्रो लिगमा आबद्ध अल नासर एएफसी च्याम्पियन्स महिला लिग फुटबल प्रतियोगिताको एउटै समूहमा परेका छन्। एन्फा महिला लिग च्याम्पियन एपिएफ च्याम्पियन्स लिगको समूह 'बी'मा परेको हो। यस समूहमा आयोजक उज्वेकिस्तानको पिएफसी नसाफ र थाइल्यान्डको कलेज अफ एसियन स्कलर्स रहेका छन्।

मलेसियाको क्वालालम्पुरस्थित एएफसी मुख्यालयमा बिहीबार समूह विभाजन भएको हो। एएफसीले समूह चरणका खेल आगामी २३ देखि ३१ अगस्टसम्म हुने जनाएको छ। समूह चरणका १९ टोलीलाई पाँच समूहमा विभाजन गरिएको छ। चार समूहमा समान चार क्लब छन्। एउटा समूहमा तीन क्लब मात्र रहेको एएफसीले जनाएको छ।

साबिक विजेता चीनको वुहान जियाङ, अस्ट्रेलियाको मेलबर्न सिटी एफसी, कोरियाको सुवोन एफसी, जापानको टोकियो बेर्डी बेलेजा, भियतनामको मिन सिटी एफसी र बहराइनको बाम खातुन एफसी यसअघि नै मुख्य प्रतियोगितामा छनोट भइसकेका छन्।

नेपालको खेल उज्वेकिस्तानमा

समूह 'बी'को छनोट खेल उज्वेकिस्तानमा हुनेछ। महिला लिग च्याम्पियन एपिएफले गत संस्करणमा पनि प्रारम्भिक छनोट खेलेको थियो। एपिएफले पहिलो चरण पार गर्न सकेन। यसपटक वरीयतामा तल्लो स्थानमा रहेका १९ टोलीले प्रारम्भिक छनोट खेल्ने एएफसीले जनाएको छ। प्रत्येक समूहका विजेताले मुख्य प्रतियोगितामा स्थान बनाउनेछन्।

एपिएफमा राष्ट्रिय महिला टोलीका अधिकांश खेलाडी आबद्ध छन्। साथसाथै एपिएफलाई नेपालको उमेर समूहबाट खेलिसकेका खेलाडीको साथ रहनेछ। युरोपबाट व्यावसायिक फुटबल खेलिरहेका गोलरक्षक अञ्जिला तुम्बाप्पो सुब्बा र सावित्रा भण्डारी पनि एपिएफमै आबद्ध छन्।

■ एन्फा यू-१६ युथ लिग आजबाट

अखिल नेपाल फुटबल संघ (एन्फा)ले शुक्रबारदेखि यू-१६ युथ लिग आयोजना गर्दै छ। उद्घाटन खेलमा मनाङ मर्स्याङ्दी र श्री भगवती क्लबले प्रतिस्पर्धा गर्नेछन्। श्री भगवती यसै सिजन सहिद स्मारक 'ए' डिभिजनमा बढुवा भएको हो। मनाङ सर्वाधिक आठपटकको च्याम्पियन हो। एन्फाले 'ए' डिभिजन लिगका १४ क्लबलाई यू-१६ लिगमा सहभागी गराएको छ।

भगवतीसँगै माथिल्लो डिभिजनमा बढुवा भएको प्लानिङ ब्वाइजले यू-१६ लिग खेल्दै छ। एन्फाको अपिल कमिटीको निर्णयपछि 'बी' डिभिजनमा घटुवा भएको श्री स्टार लिगमा सहभागी हुने छैन। एन्फाले श्री स्टारको नाम अन्तिम समयमा काटिएको हो।

■ एक करोड बजेटमा विजेतालाई एक लाख

फिफाको अनुदानमा आयोजना हुने एन्फा यू-१६ लिगको अनुमानित बजेट एक करोड दुई लाख ३६ हजार ३३० रुपैयाँ छ। लिग विजेताले एक लाख पाउने प्रवक्ता सुरेश शाहले बताए। उपविजेताले ५० हजार रुपैयाँ पाउनेछ। व्यक्तिगत विधातर्फका उत्कृष्ट खेलाडी तथा अनुशासित टोलीले समान १५ हजार रुपैयाँ पाउनेछन्। एन्फाले प्रतियोगिताको तयारीका लागि सहभागी क्लबलाई तीन लाख ५० हजार रुपैयाँ प्रदान गरेको शाहले बताए। प्रतियोगितामा कुल ९१ खेल हुनेछ।

टी-२० महिला क्रिकेटको फाइनल पुग्ने कास्की पहिलो टोली



नयाँ पत्रिका

कास्की दोस्रो महिला टी-२० क्रिकेट प्रतियोगिताको फाइनल पुग्ने पहिलो टोली बनेको छ। प्रदेशिक क्रिकेट संघ गण्डकीको आयोजनामा चलिरहेको प्रतियोगिताको दोस्रो दिन कास्कीले नवलपुरलाई ३९ रनले हराउँदै फाइनलमा स्थान पक्का गरेको हो। पहिलो ब्याटिङ गरेको कास्कीले २० ओभरमा चार विकेट गुमाएर ११७ रन बनायो। प्रत्युत्तरमा नवलपुरले २० ओभरमा सात विकेट गुमाउँदै ७८ रन मात्रै बनाउन सक्यो। नवलपुरका लागि यमुना पंगेनीले ७ रन बनाइन्। कास्कीकी चन्द्रमाया बरालले दुई विकेट लिइन्। कास्कीको ब्याटिङमा रचना चौधरीले २५ र चन्द्रमाया बरालले १५ रनको योगदान दिए। कप्तान सिर्जना पौडेल २७ रनमा आउट भइन्। उनले ३१ बलमा एक चौका प्रहार गरिन्। दोस्रो खेलमा पर्वत र स्याङ्जाले वर्षाका कारण अंक बाँडेका छन्। १४६ रनको विशाल लक्ष्य पाएको पर्वतले १.१ ओभरमै दुई विकेट गुमाउँदै ३ रन जोडेको अवस्थामा वर्षा भएपछि खेल रोकिएको थियो।

लगातार वर्षापछि खेल सुचारु हुन नसक्दा अम्पायरले दुवै टोलीलाई अंक प्रदान गरे। टस जितेर ब्याटिङ गरेको स्याङ्जाले २० ओभरमा चार विकेट गुमाउँदै १४५ रन बनायो। स्याङ्जाकी सिमाना केसीले ३३ रनको योगदान दिइन्। उनले ३८ बलमा दुई चौका प्रहार गरिन्। श्रेया शाहले १९ र सलिना सेनले १३ रन बनाए। ज्योत्सनिका मरासिनी २४ रनमा रिटायर्ड आउट भइन्। पर्वतका लागि दीपिका सापकोटाले दुई तथा प्रतिभा खड्काले एक विकेट लिए।

■ रियल म्याड्रिडको रंगशालामा प्रधानमन्त्री ओली



प्रधानमन्त्री केपी ओलीले स्पेनको विश्वप्रसिद्ध फुटबल क्लब रियल म्याड्रिडको घरेलु रंगशाला सान्टियागो बर्नाबेउको भ्रमण गरेका छन्। स्पेन भ्रमणमा रहेका प्रधानमन्त्री ओलीलाई बिहीबार म्याड्रिडका अन्तर्राष्ट्रिय निर्देशक पेड्रो मार्टिन दे मिगेलले स्वागतसँगै अत्याधुनिक रंगशालाको अवलोकन गराएका थिए। म्याड्रिडले कीर्तिमानी रूपमा च्याम्पियन्स लिग, स्पेनिस ला लिगा तथा क्लब विश्वकप फुटबल प्रतियोगिताको उपाधि जितेको छ। तस्बिर सौजन्य : प्रधानमन्त्रीको सचिवालय

खेल संक्षेप

पहिलोपल्ट फाइभ 'ए' साइड हक्की हुँदै

काठमाडौं/ नेपाल हक्की संघको आयोजनामा पहिलोपल्ट राष्ट्रिय महिला फाइभ 'ए' साइड हक्की प्रतियोगिता हुने भएको छ। मिड भ्याली कलेजको फुटसलमा इन्डोर हक्की हुनेछ। प्रतियोगितामा कोशी, मधेश, बागमती, गण्डकी, सुदूरपश्चिम र नेपाल आर्मी क्लब गरी पाँच टोलीले प्रतिस्पर्धा गर्ने संघका महासचिव सुवर्ण श्रेष्ठले जानकारी दिइन्। प्रतियोगिताको विजेताले ५० हजार र उपविजेताले २५ हजार रुपैयाँ पाउनेछन्। समूह 'ए'मा कोशी, बागमती र सुदूरपश्चिम छन्। यसैगरी, समूह 'बी'मा आर्मी, गण्डकी र मधेश रहेका छन्। लिग कम नकआउटका आधारमा हुने प्रतियोगिताको प्रत्येक खेल २० मिनेटको हुनेछ।

गण्डकी र बागमतीको सहज जित

काठमाडौं/ गण्डकी, बागमती र कर्णाली प्रदेशले गण्डकी कप महिला राष्ट्रिय बास्केटबल प्रतियोगितामा सहज जित निकालेका छन्। बिहीबारको उद्घाटन खेलमा गण्डकीले बागमतीलाई २४-१७ स्कोरले हरायो। अर्को खेलमा बागमतीले मधेशलाई ७१-१७ ले पाखा लगायो। कर्णालीले लुम्बिनीमाथि ३४-३१ को जित निकाल्यो। फिबाको नियमअनुसार लिगकम नक आउटका आधारमा सञ्चालन भएको प्रतियोगिताको विजेताले ७५ हजार र उपविजेताले ५० हजार रुपैयाँ पाउनेछन्। सेमिफाइनलिस्टले जनही १० हजार रुपैयाँ हात पार्नेछन्।

महासचिव राईविरुद्ध थापाको दाबी पुगेन

काठमाडौं/ काठमाडौं जिल्ला अदालतले बिहीबार अखिल नेपाल फुटबल संघ (एन्फा)का महासचिव किरण राईविरुद्ध दायर भएको गाली-बेइज्जती मुद्दामा दाबी नपुगेको फैसला गरेको छ। एन्फाका पूर्वअध्यक्ष गणेश थापाले महासचिव राईले एक टेलिभिजन अन्तर्वार्ता दिइएको अभिव्यक्तिले आफ्नो व्यक्तिगत चरित्र र आचरणमाथि प्रहार भएको दाबीका साथ गत फागुनमा मुद्दा दायर गरेका थिए। न्यायाधीश तारादेवी महर्जनको एकल इजलासले थापाको दाबी नपुग्ने ठहर गरेको हो।

मुस्कानले पाइन् वाकओभर

काठमाडौं/ नेपाल बक्सिङ महासंघको आयोजनामा भइरहेको यू-१९ ट्यालेन्ट हन्ट छनोटअन्तर्गत ५५ केजी तौल समूहको फाइनलमा रोसिकी शाही पुगेका छिन्। उनले सेमिफाइनलमा दाङका तुलसीराम बुढाथोकीलाई ५-० ले हराएका हुन्। यसैगरी, ७० केजी तौल समूहमा साहिल लिम्बूले अल्फाका कृष्ण पुनमगरमाथि ५-० को जित निकाली अन्तिम दुईमा स्थान सुरक्षित गरेका छन्। प्रतियोगिताको ६० केजी तौल समूहमा गेल्छेन शेर्पाले प्रसाङ छिरिङलाई ५-० ले हराएका छन्। ६५ केजी तौल समूहको सेमिफाइनलमा समुद्र थापाले दाङका सेबाक बुढामगरलाई ३-२ ले निराश बनाए। प्रतियोगिताअन्तर्गत यू-२२ को महिला सेमिफाइनलमा दिव्य लिम्बू विजयी भएकी छिन्। उनले मुस्कान तुलाधरबाट वाकओभर पाइन्। ६० केजी तौलमा नरिका राईले निसिका गुरुङविरुद्ध ५-० को जित निकालिन्।

इंग्ल्यान्डविरुद्ध गिलको दोहोरो शतक

बर्मिंघम/ भारतका कप्तान शुभमन गिलले इंग्ल्यान्डविरुद्धको दोस्रो टेस्टमा दोहोरो शतक लगाएका छन्। गिलले २६९ रन जोडेका हुन्। उनको दोहोरो शतकको महत्तमा भारतले पहिलो इनिङ्समा सबै विकेट गुमाएर ५८७ रन जोडेको छ। प्रत्युत्तरमा पहिलो इनिङ्स थालेको इंग्ल्यान्डले तीन विकेट गुमाएर ७० रन जोडेको छ। भारतीय कप्तानका रूपमा इंग्ल्यान्डको भूमिमा सर्वाधिक रन बनाउने क्रममा गिलले ३८७ बलमा ३० चौका र तीन छक्का प्रहार गरेका थिए। यसैगरी ओपनर यशस्वी जैसवालले ८७ तथा रवीन्द्र जडेजाले ८९ रन बटुले। वासिङटन सुन्दरले १०३ बलमा ४२ रन बनाए। इंग्ल्यान्डका लागि सोएब बसिरले सर्वाधिक तीन विकेट हात पारे।

लिभरपुलका फुटबलर जोटाको कार दुर्घटनामा निधन

एजेन्सी

लिभरपुल तथा पोर्चुगिज खेलाडी डियोगो जोटा र उनका भाइ आन्द्रे सिल्भाको बिहीबार स्पेनमा कार दुर्घटनामा मृत्यु भएको छ। उनीहरू चढेको लाम्बोर्गिनी गाडी अर्को गाडीलाई ओभरटेक गर्नेक्रममा अनियन्त्रित भएर सडकबाट बाहिर जाँदा आगो लागेको थियो। आगजनीमै जोटा र सिल्भाको निधन भएको स्पेनिस मिडियाले जनाएका छन्। २८ वर्षीय जोटा र उनका २५ वर्षीय भाइ सिल्भा स्पेनको उत्तर-पश्चिमी सहर समोरानजिक मृत फेला परेका हुन्।

प्रारम्भिक अनुसन्धानमा गाडीले अर्को सवारीलाई ओभरटेक गर्ने क्रममा टायर पङ्किएको आशंका गरिएको छ। 'गाडी पूरै जलेको अवस्थामा थियो। गाडीमा सवार दुवैजनाको जलेर मृत्यु भएको छ,' स्पेनिस प्रहरीले गरेको प्रारम्भिक अनुसन्धानमा भनिएको छ। जोटाले ११ दिनअघि मात्र प्रेमिका रुटे कार्डोसोसँग विवाह गरेका थिए। जोटाका भाई सिल्भा पोर्चुगलको तल्लो डिभिजन क्लब पेनाफिएलबाट खेल्थे।

> जोटाले गत महिना मात्रै पोर्चुगलबाट युइएफए नेसन्स कप र लिभरपुलका लागि इंग्लिस प्रिमियर लिग उपाधि जितेका थिए, जुन उनको करिअरको अन्तिम दुई उपाधि बन्न पुग्यो।



प्रिमियर र नेसन्स कप विजेता थिए जोटा

गत सिजनमा जोटा उत्कृष्ट लयमा थिए। उनले दुई महत्त्वपूर्ण उपाधिसमेत हात पारेका थिए। उनीआबद्ध लिभरपुलले इंग्लिस प्रिमियर लिग जितेको थियो। गत महिना नै पोर्चुगलले दोस्रोपटक नेसन्स कप उपाधि हात पारेको छ। लिभरपुल र पोर्चुगलले उपाधि जित्दा जोटाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। लिभरपुलले आफ्नो प्रमुख खेलाडीको कार दुर्घटनामा भएको निधनप्रति गहिरो शोक व्यक्त गरेको छ। 'हामीले टोलीका महत्त्वपूर्ण सदस्य तथा खेलाडी गुमाएका छौं,' लिभरपुलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'जोटा सवार कार दुर्घटनाको खबर पाउँदा स्तब्ध भयौं।'

जोटा सन् २०२० मा उल्भ्सबाट लिभरपुलमा आबद्ध भएका थिए। यसक्रममा उनले लिभरपुललाई तीन प्रमुख उपाधि दिलाए। यसैगरी, पोर्चुगल फुटबल महासंघले पनि जोटा र उनका भाइको निधनप्रति शोक व्यक्त गरेको छ। महासंघका अध्यक्ष पेड्रो प्रोएन्साले भने, 'हामीले दुई च्याम्पियन गुमायौं। जोटा राष्ट्रिय टोलीका एक उत्कृष्ट खेलाडी मात्र नभएर प्रेरणादायी व्यक्ति पनि थिए। उनका सहकर्मी र प्रतिस्पर्धीले उनीप्रति सम्मान गर्थे।'

पाँच वर्षअघि लिभरपुलमा आबद्ध

सन् २०२० मा लिभरपुलले जोटा भित्र्याउन ४१ मिलियन पाउन्ड खर्च गरेको थियो। अहिलेसम्म लिभरपुलबाट सबैखाले प्रतियोगितामा गरी उनले १८२ खेलमा ६५ गोल गरेका छन्। उनले अहिलेसम्म एफए कप, लिग कप तथा प्रिमियर लिग उपाधि जिते। सन् २०१७ मा उनी स्पेनिस क्लब एट्लेटिको म्याड्रिडबाट उल्भ्समा आबद्ध भएका थिए। उल्भ्सबाट उनले १३१ खेलमा ४४ गोल गरेका थिए। उल्भ्सले पनि आफ्ना पूर्वखेलाडीको निधनप्रति शोक प्रकट गरेको छ। 'यो समाचार मुटु नै छियाछिया पर्ने किसिमको हो,' उल्भ्सले बताएको छ, 'जोटा क्लबमा रहँदा एक किसिमको माहोल थियो, सबैसँग राम्रो व्यवहार गर्ने खेलाडी थिए।'

सन् २०१९ मा पोर्चुगलबाट डेब्यु

जोटाले सन् २०१९ मा पोर्चुगलको राष्ट्रिय टोलीबाट डेब्यु गरेका थिए। गत ८ जुनमा पोर्चुगलले नेसन्स कप जितेको थियो। जोटाले पोर्चुगलबाट ४९ खेलमा १४ अन्तर्राष्ट्रिय गोल गरेका छन्। पोर्चुगल फुटबल महासंघले जोटाको निधनबाट टोलीमा एक प्रमुख खेलाडीको अभाव हुने जनाएको छ। 'अब जोटाले खेल्ने स्थान अरू खेलाडीले लिन सक्दैनन्,' महासंघले भनेको छ, 'नेसन्स कप जित्दा प्रमुख खेलाडी अब स्मरणमा मात्र हुनेछ।' पोर्चुगलका कप्तान क्रिस्टियानो रोनाल्डोले जोटाको निधनको समाचार पत्याउन नसकेको बताए।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com